


नेपाली मनको नेपाली पत्रिका

# नेपाल समाचारपत्र

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

मंगलबार, भदौ २७, २०७४ | Tuesday, September 12, 2017 | www.newsofnepal.com | नेसं ११३७ ञला गाः ७ | वर्ष २३, अंक २४५ | पृष्ठ १२ | मूल्य रू. १०/-






नेपाल खेलकुद पत्रकार मञ्चद्वारा सोमबार आयोजित बजाज पर्ल्सर स्पोर्ट्स अवार्डमा आठ विधाका विजेताहरू ट्रफीका साथ। तस्वीर : उज्जोल डंगोल/काठमाडौं

राष्ट्रिय सतर्कता केन्द्र

# सचिव नहुँदा अस्तव्यस्त

सुरेश तामाङ, काठमाडौं

भ्रष्टाचारविरुद्ध छानविन गर्ने संवैधानिक आयोग अख्तियार दुरुपयोग अनुसन्धान आयोगपछि राष्ट्रिय सतर्कता केन्द्र सरकार प्रमुखको मातहतमा रहने निकाय हो।

सार्वजनिक पद धारण गर्ने कर्मचारीले पदको दुरुपयोग गरी भ्रष्टाचार गर्नेविरुद्ध उजुरी लिने, छानविन गर्ने र कारबाहीका लागि सिफारिस र निर्देशन दिने काम राष्ट्रिय सतर्कता केन्द्रले गर्दै आइरहेको छ। सरकारी र सार्वजनिक संस्थामा हुने गरेको अनियमितताबारे उजुरी लिने, छानविन गर्ने, निरीक्षण गर्ने, कारबाहीका लागि सिफारिस र निर्देशन दिने अधिकार पाएर पनि अहिले केन्द्र आफै थलिएको छ।

प्रधानमन्त्रीको कार्यालय मातहत रहने निकाय भए पनि केन्द्रमा सचिव नहुँदा तीन महिनादेखि कुनै काम हुन सकेको छैन। स्रोतले भन्यो- 'केन्द्रमा खासै सचिवहरू आउनै मान्दैनन्, त्यस कारण प्रायजसो १/२ दिनमै अवकाश पाउनेखाले सचिवहरू आउँछन्। २/४ दिन बस्छन् अवकाश पाइहाल्छन्, केन्द्रमा सचिव सधैंजसो रिक्त हुने गरेको छ। अनि नयाँ सचिव आउन ६ महिना लाग्छ कसरी होस् काम।' केन्द्रमा निर्णय गर्ने, उजुरी फछर्यौट, सचेत, ध्यानाकर्षण, अनुगमन, अन्वेषण, छड्के जाँच, सम्पत्ति विवरणको अनुगमन, स्थलगत छानविन, सचेतना कार्यक्रमहरू, सुझाव र निर्देशन पठाउनका लागि सचिन नभई हुँदैन। सचिव नहुँदा केन्द्रको यी कामहरू रोकिएको हो। हाल केन्द्रमा ८३ जना निजामती सेवाका, २४ जना प्रहरी सेवाका र करारका २५ गरी १ सय ३२ जना कर्मचारी कार्यरत छन्।

अहिले केन्द्रमा प्राविधिक शाखामा बाहेक खासै कामहरू हुन सकेको छैन। केन्द्रमा कर्मचारीहरू पनि फुर्सदिला देखिन्छन्। कोही गफगाफ गर्ने, इन्टरनेट चलाउने, पत्रिका पल्टाउनेबाहेक केन्द्रका कर्मचारीको खासै काम देखिँदैन।

केन्द्रमा सरकारी र सार्वजनिक संस्थामा हुने भ्रष्टाचार, अनियमिततालगायतका वार्षिक १ हजार ५ सयदेखि २ हजारसम्मका उजुरीहरू पर्ने गरेको छ। सार्वजनिक निकायबाट हुने वा हुन सक्ने भ्रष्टाचार र अनियमितताको नियन्त्रण गरी सुशासन कायम गर्ने संस्थागत व्यवस्था हुन आवश्यक ठानी भ्रष्टाचारविरुद्धको निरोधात्मक र प्रवर्द्धनात्मक कार्यको जिम्मेवारी केन्द्रले सरकार मातहत रहेर सम्हालेको छ।

केन्द्र सचिव विहीन बन्दा केन्द्रले गर्नुपर्ने मुख्य कार्यमा सूचना संकलन, उजुरी तथा निवेदनसम्बन्धी छानविन र कारबाहीका लागि गर्नुपर्ने सबै काम लगभग ठप्प छ। भ्रष्टाचारविरुद्धमा जनचेतना अभिवृद्धि गर्ने कार्यअन्तर्गत जिल्लास्तरमा जनचेतना मूलक गोष्ठी, सामुदायिक शिक्षा/सदाचार, कार्यक्रम, नागरिक बडापत्र कार्यान्वयन अनुगमन, सेवाग्राही सर्भेक्षण, प्रचार-प्रसारका कार्यक्रमहरू पनि प्रभावकारी रूपमा हुनसकेको छैन।

केन्द्रले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट सम्पादन हुने काममा अनियमितता भएको भन्ने सम्बन्धमा विभिन्न माध्ययमबाट सूचना संकलन गर्ने उजुरी तथा निवेदन लिने गर्छ।

त्यस्तै केन्द्रले सरकारी कार्यालय वा सार्वजनिक संस्थाले नागरिकलाई दिने सेवामा ढिलासुस्ती, सार्वजनिक पद धारण गरेको व्यक्तिले नियमितरूपमा सम्पत्ति विवरण पेस गरेको नगरेको, भ्रष्टाचार हुन सक्ने सरकारी कार्यालय वा सार्वजनिक संस्थाको काममा नियमित निगरानी वा छड्के जाँच गर्ने गर्छ।

## मन्त्रालयदेखि वडा सचिवसम्मको सेटिङ

काठमाडौं, (नेस)

नेपाल आयल निगमको भण्डारणका लागि खरिद गरिएको जग्गामा मन्त्रालयका अधिकारीदेखि वडा सचिवसम्मको सेटिङ रहेको एक प्रतिवेदनले देखाएको छ। उक्त प्रतिवेदनले चलनचल्तीको भन्दा ४ गुणा बढी रकम तिरेर जग्गा खरिद गरेको निष्कर्ष निकालेको छ।

निगमको जग्गा खरिद प्रकरण

व्यवस्थापिका संसद्को उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले गरेको अध्ययनको प्रतिवेदनमा भनिएको छ, 'जग्गा खरिद प्रकरणमा आपूर्ति मन्त्रालयका उच्च अधिकारीदेखि वडा सचिवसम्म दोषी रहेको भेटिएका छन्।'

(क्रमशः पृष्ठ ९ मा)

## उपराष्ट्रपतिका लागि निवास खोज्दै सरकार

काठमाडौं, (नेस)

सरकारले उपराष्ट्रपति निवासका लागि ३ स्थानको जग्गा खोजी गरेको छ। प्रधानमन्त्री कार्यालयमा हिजो सोमबार भएको बैठकमा ललितपुरको झम्सिखेलस्थित डेनिडाको कार्यालय रहेको भवन, नारायणहिटीस्थित राहदानी विभागसँगै रहेको फरासखानाको जग्गा र भक्तपुर सल्लाघारीको जग्गालाई छनोट गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

## चुनावमा ५ दिन सार्वजनिक बिदा

काठमाडौं, (नेस)

सरकारले स्थानीय तहको तेस्रो चरणको निर्वाचनमा पाँच दिन सार्वजनिक बिदा दिने भएको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले यही भदौ २९ गतेदेखि असोज २ गतेसम्म सार्वजनिक बिदा दिने निर्णय गरेको हो।

निर्वाचन आयोगले यसअघि निर्वाचन हुने प्रदेशमा पाँच दिन बिदा दिन सरकारसँग आग्रह गरेबमोजिम सरकारले बिदा दिने निर्णय गरेको सञ्चारमन्त्री मोहन बस्नेतले जानकारी दिनुभयो। त्यस्तै बैठकले प्रधानमन्त्री शेरबहादुर देउवाको आर्थिक सल्लाहकारमा ज्ञानचन्द्र आचार्यलाई नियुक्त गरेको छ।

(क्रमशः पृष्ठ ९मा)

नेपाल ट्रस्ट

## एक वर्षदेखि बैठकै बसेन

ईश्वरराज ढकाल, काठमाडौं

नेपाल ट्रस्टको सञ्चालक समितिको बैठक एक वर्षदेखि बस्न सकेको छैन। गृहमन्त्री अध्यक्ष रहने ट्रस्टको कार्यालयको बैठक यसअघि गत वर्षको साउनमा बसेको थियो।

ट्रस्टको संरक्षक प्रधानमन्त्री हुने व्यवस्था छ। बैठक बसेर योजना तथा कार्यक्रम बनाएर सञ्चालक समितिको बैठकले अनुमोदन गराउनुपर्ने व्यवस्था भए पनि एक वर्षदेखि अधिकांश काम ठप्प भएको छ। चलअचल सम्पत्ति ट्रस्टको स्वामित्वमा ल्याउन सञ्चालक समितिको बैठक बस्ने व्यवस्था थियो। त्यो पनि हुन सकेको छैन।

ट्रस्टको नाममा आएको सम्पत्ति ट्रस्टका कार्यकारी सचिवले सञ्चालक समितिमा पेस गरी अनुमोदन गरेपछि मात्रै सो सम्पत्ति वैधानिकरूपमा ट्रस्टको मातहतमा आउने व्यवस्था छ। त्यो पनि हुन सकेको छैन।

ट्रस्टले वर्षेनि वार्षिक कार्यक्रम बनाएर अनुमोदन गर्नुपर्ने व्यवस्थालाई धज्जी उडाउँदै एक वर्षदेखि बैठक बस्न सकेको छैन। बैठक कसले बोलाउने हो? गृहमन्त्रीले आदेश दिनुपर्ने हो कि कार्यालय आफैले एजेन्डा बनाएर बोलाउने हो? यस्ता विषयमा कसैको ध्यान जान सकेको छैन।

दर्जनौं एजेन्डा भए पनि ट्रस्टको बैठक किन बस्न सकेन? भन्ने जिज्ञाशामा कार्यालय सचिव अर्जुन कार्कीले भन्नुभयो- 'एजेन्डा नभएर हो।' उहाँले एजेन्डा नभएर बैठक बस्न नसकेको जनाए तापनि बैठक नबसेकै कारण दर्जनौं काम लथालिङ हुन पुगेको छ।

बजेट नभएको कारण ट्रस्टले आफ्नो योजना पूरा गर्न समस्या भइरहेको अवस्थामा सचिव कार्कीले सबै काम भइरहेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो- 'लामो समय भयो बैठक नबसेको, बैठक नबसेर केही बिग्रिएको छैन।'

ट्रस्टको उपाध्यक्षमा मुख्य सचिव र सदस्यहरूमा भौतिक योजना, भूमिसुधार, स्वास्थ्य, शिक्षा, अर्थ, गृह र महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिव हुने व्यवस्था छ।

(क्रमशः पृष्ठ ९ मा)

## मन्त्रिमण्डल विस्तार गलत

नेपाल समाचारपत्र

काठमाडौं

मन्त्रिपरिषद् विस्तारले निर्वाचन आचारसंहिता उल्लंघन गरेकामा निर्वाचन आयोगले आपत्ति जनाएको छ।

आउँदो मंसिर १० र २१ गते हुने प्रदेशसभा र प्रतिनिधिसभाका लागि भदौ १४ गतेदेखि निर्वाचन आचारसंहिता लागू गरेको थियो। निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा मन्त्रिपरिषद् विस्तारले आचारसंहिता उल्लंघन भएको आयोगले निष्कर्ष निकालेको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले सोमबार मन्त्रिमण्डल पाँचौंपटक विस्तार गरेर ५४ सदस्यीय बनाउनुभएको छ। आयोगले सरकारलाई दिएको निर्देशन उल्लंघन गरेको र

निर्वाचन आयोगले भन्यो

अब उप्रान्त यस्तो कार्य नगर्न पनि सरकारलाई सचेत गरेको आयोगले जनाएको छ।

आयोगको सोमबार बसेको बैठकले प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले मन्त्रिपरिषद् विस्तारले स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनमा असर पर्नसक्ने बताउँदै भन्नुभयो- 'यस्तो कार्य नगराउन सरकारसमक्ष आग्रह गरेका छौं।' 'सरकारको यस्ता कार्यले निर्वाचनको स्वच्छता, निष्पक्षता प्रभावित हुन सक्छ।' -प्रमुख निर्वाचन आयुक्त यादवले भन्नुभयो।

आयोगले भदौ १५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ७ बुँदे निर्देशन दिइसकेको अवस्थामा मन्त्रिपरिषद् विस्तारले त्यसको उल्लंघन भएको पनि आयोगको निष्कर्ष रहेको छ।

(क्रमशः पृष्ठ ९ मा)

## घर बनाउन गाउँमै पुगे पुनर्निर्माणका हाकिम

नानीराम नेपाल, सिन्धुपाल्चोक

भूकम्पको २७ महिनाका बीच ध्वस्त भएका घरसंरचनामध्ये पन्ध्र प्रतिशत हाराहारीमात्र पुनर्निर्माण शुरू भएका छन्। नेपालीहरूको महान् चाड विजयादशमी नजिकिँदै गर्दा यसअघिका दशैं टहरामै टारेका अधिकांश भूकम्पपीडितले यस वर्ष पनि टहरामै दशैं मनाउनुपर्ने अवस्था छ।

विनाशकारी भूकम्पको साढे दुई वर्ष बित्नै लाग्दा पनि निजी आवास पुनर्निर्माणले गति लिन नसकेपछि पुनर्निर्माणका हाकिमसाबहरू पीडितका बस्तीमै पुगेर 'तातो' लगाउन थालेका छन्। निजी आवास पुनर्निर्माणका लागि पहिलो किस्ता लिएको एक वर्ष बिते पनि गाउँबस्तीमा पुनर्निर्माण सुस्त भएपछि पछिल्लो समय राष्ट्रिय पुनर्निर्माण प्राधिकरण विशेष सम्पर्क कार्यालयका प्रमुख रुद्र मल्ल र जिल्ला आयोजना कार्यान्वयन एकाइ प्रमुख एवं शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयका प्रमुख डा. युवराज पौडेल भूकम्पपीडितका बस्तीमै पुगेर निजी आवास निर्माणमा दबाब दिइरहेका छन्।

शुक्रबार लोकल इन्टरभेन्सन ग्रुपले चौतारा साँगाचोकगढी नगरस्थित साविकको साँगाचोकको रानाथोकमा सामुदायिक छलफल सञ्चालन गऱ्यो। भूकम्पपीडित जनताका गुनासा सुन्न र पुनर्निर्माणमा तातो लगाउन जिल्ला आयोजना कार्यान्वायन एकाइ प्रमुख डा. पौडेल र पुनर्निर्माण प्राधिकरण विशेष सम्पर्क कार्यालयका प्रमुख मल्ल रानाथोकमा पुगेका थिए।

हाकिमसाबहरू गाउँमा पस्दा साँगाचोकका भूकम्पपीडितले प्रत्यक्षरूपमा साक्षात्कार मात्र गरेनन्, समस्या र गुनासाका चाङ नै फुकाए। पहिलो किस्ता प्राप्त गरेका भूकम्पपीडित लाभग्राहीले घर बनाउन नसकेको पीडादेखि साढे दुई वर्षसम्म अनुदानको पहिलो किस्ता नपाउँदा घर बनाउन नसकेको गुनासा सुनाए।

'सबैले पहिलो किस्ता पाए, हाम्रो परिवारले पाएन। अनि गुनासोमा फारम भरें', भूकम्पपीडित कल्पना रानामगर भन्छिन्- 'सरकारको आसमा बस्दा यसपालिको दशैं पनि टहरामै टर्ने भो।' निजी आवास पुनर्निर्माणका लागि पहिलो किस्ता प्राप्त गरे पनि रानाथोककी कमला रानामगरले घर बनाउन शुरू नै गरेकी छैनन्।

अघिल्लो दशैंअगावै पहिलो किस्ताको ५० हजार रुपियाँ प्राप्त गरेकी उनले घर खर्च टारिन्। जब समय घर्कंदै गयो अनि उनलाई पुनर्निर्माणको पिरलो बढिरहेकै छ। 'पहिलो किस्ता त घरखर्चमै सकियो, अब कसरी बनाउनु घर?' -सामुदायिक छलफलमा सहभागी उनले गुनासो गरिन्।

पुनर्निर्माणबारे चासो लिएर गाउँ आएका हाकिमहरूलाई आर्थिक अभाव सँगसँगै पानीको अभावदेखि कामदार नै नपाएका कारण घर बनाउन नसकेको गुनासो सुनाए साँगाचोकबासीले। 'पानी छैन, काम गर्ने मान्छे भेटाउनै मुस्किल छ', स्थानीय पम्फा रानामगरले भनिन्- 'घर बनाउनू त भन्नुहुन्छ तर कसरी बनाउनू?'

झन्डै २ हजार ५ सय घरधुरी रहेको साँगाचोकमा बल्ल ३ सय हाराहारीमा मात्र निजी आवास पुनर्निर्माण शुरू भएको छ। पुनर्निर्माणका लागि सरकारी अनुदानको पहिलो किस्ता त अधिकांशले लिएका छन्, कतिपयले त दोस्रो किस्ता र तेस्रो किस्ता नै हात पारिसकेका छन्। तर साँगाचोकमा अनुदानको पहिलो किस्ता लिएका लाभग्राहीमध्ये ८० प्रतिशतभन्दा बढीले पुनर्निर्माण शुरू गरेकै छैनन्।

जिल्ला आयोजना कार्यान्वयन एकाइका प्रमुख डा. पौडेलले आगामी असार मसान्तभित्र सबैले घर बनाइसक्नुपर्ने भन्दै तत्कालै पुनर्निर्माणको काम शुरू गर्न साँगाचोकबासीलाई सुझाए। 'तपाईंहरूलाई घर बनाउनू भनेर पैसा दिएको हो, त्यसै दिएको होइन', कार्यक्रममा उनले भने- 'पैसा लिने अनि घरचाहिँ नबनाउने?' खेतीपातीमा मेलापर्म चलेजस्तै अब पुनर्निर्माणमा पनि पर्म चलाउनुपर्नेमा उनले जोड दिए।

मुख्यतह १६ देखि २५ वर्षसम्मका किशोरीहरूलाई आँखा प्रत्यारोपणका लागि प्राथमिकता दिइएको छ। यसै गरी बालबालिकालाई र वृद्धवृद्धालाई आँखा प्रत्यारोपणमा प्राथमिकता दिइएको छ। टाढाबाट आउनेहरूका लागि समेत आँखा प्रत्यारोपणमा प्राथमिकता दिइएको छ।

# १० हजार आँखाको नानी प्रत्यारोपण



पवित्र आचार्य



"समाज परिवर्तनसँगै आँखा दान गर्नेहरुको संख्या दिनप्रतिदिन बढ्दै गएको छ। यसलाई अझ बढाउन हामीले जनचेतनामूलक, प्रचारप्रसारलगायतका कार्यक्रमलाई व्यापक बनाएका छौं। विभिन्न धार्मिक र सामाजिक मूल्य मान्यताले आँखा दान गर्नु हुँदैन भन्ने संकुचित सोच थियो। अहिले त्यो सोच फराकिलो हुँदै गएको छ।"

नेपालमा आँखा प्रत्यारोपण प्रक्रिया विस्तारै सहज बन्दै गएको छ। पछिल्लो तथ्यांकअनुसार १० हजार जना नागरिकलाई आँखाको नानी प्रत्यारोपण गरिएको तिलगंगा आँखा प्रतिष्ठानले जानकारी दिएको छ। आँखाको नानी प्रत्यारोपण गरेर पुन: दृष्टि पाइने भएकाले आँखा प्रत्यारोपण गर्ने प्रचलन बढेको हो।

आँखा दान कार्यलाई प्रभावकारी बनाउन प्रतिष्ठानले सामूहिक श्रद्धाञ्जली सभा, जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ। आँखा दान गर्ने र लिनेको परिवारलाई सँगै राखेर कतिपय स्थानमा श्रद्धाञ्जलीसभा समेत गरिएको बताइएको छ। यसरी कार्यक्रम गर्दा आँखाका नानी दान गर्नेको संख्या बढ्ने गरेको देखिएको छ। वर्षको करिब आठ सय आँखाको नानी नेपाल आँखा बैंकमा जम्मा हुने गरेको छ।

अस्पतालका प्रशासक भागीरथ बानियाले भन्नुभयो- 'समाज परिवर्तनसँगै आँखा दान गर्नेहरूको संख्या दिन प्रतिदिन बढ्दै गएको छ। यसलाई अझ बढाउन हामीले जनचेतनामूलक, प्रचारप्रसारलगायतका कार्यक्रमलाई व्यापक बनाएका छौं। विभिन्न धार्मिक र सामाजिक मूल्य मान्यताले आँखा दान गर्नुहुँदैन भन्ने संकुचित सोच थियो। अहिले त्यो सोच फराकिलो हुँदै गएको छ।'

अहिले नेपाल आँखाका लागि विस्तारै आत्मनिर्भर बन्दै गएको छ। १६ वर्षदेखि २५ वर्षसम्मका महिलाहरूलाई आँखा प्रत्यारोपणका लागि प्राथमिकता दिइने गरिएको तिलगंगा आँखा प्रतिष्ठानले जनाएको छ।

विगतमा इन्टरनेसनल फेडरेसन अफ आई बैंकमार्फत् आँखाका नानीहरू विदेशबाट नेपाल ल्याइने गरिन्थ्यो भने अहिले नेपालभित्रै आँखाका नानीहरू संकलन गरी प्रत्यारोपण गरिन्छ। आँखा प्रत्यारोपण गरिएकामध्ये ९० प्रतिशतको सफल भएको बताइएको छ। आँखाको नानी परिवर्तन गरी अर्को व्यक्तिको आँखा प्रत्यारोपण गरिन्छ।

दैनिक सरदर पाँच जनालाई आँखाको नानी प्रत्यारोपण गरिँदै आएको प्रतिष्ठानमा कार्यरत डा. अजन राजभण्डारीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'मृत शरीरबाट गर्मी मौसममा ८ घण्टा र जाडो मौसममा १२ घण्टासम्म सुरक्षित रूपमा आँखा झिक्न सकिन्छ। झिकिसकेको आँखा निश्चित तापक्रम २ देखि ८ डिग्री सेल्सियससम्ममा बढीमा १४ दिनसम्म राख्न सकिने व्यवस्था मिलाइएको छ।'

नेपालका विभिन्न स्थानमा रहेका आँखा अस्पतालमध्ये सबैभन्दा बढी विराटनगर आँखा अस्पतालमा आँखाको नानी पठाइने गरिन्छ। यस्तै गेटा अस्पताल धनगढीमा सबैभन्दा थोरै आँखाको नानी पठाइन्छ। आँखाको नानी सबै मृत व्यक्तिको हुने गर्दछन्।

## कसरी गर्न सकिन्छ आँखाको नानी प्रत्यारोपण

सर्वप्रथम मृत व्यक्तिको आँखाहरू संकलन गरिन्छ। तत्पश्चात संकलित आँखाका नानीहरू चोटपटक लागेर गुमाइएका आँखाको दृष्टिमा पुन: ज्योति भर्न आँखा नानी राख्ने गरिन्छ। त्यसका लागि मेची आँखा अस्पताल, बिर्तामोड, दृष्टि आँखा अस्पताल, विराटनगर आँखा अस्पताल, लुम्बिनी आँखा अस्पताल, टिचिङ आँखा अस्पताल, पोखरा हिमालय आँखा अस्पताल, गेटा आँखा अस्पतालबाट आँखाको प्रत्यारोपण गर्न सकिने आँखा बैंकका व्यवस्थापक शंखनारायण त्वाय्नाले बताउनुभयो। उहाँले भन्नुभयो- 'नेपालका मात्रै नागरिक नभएर छिमेकी राष्ट्र भारत, तिब्बत, दक्षिण अमेरिका, भुटानलगायतका देशका नागरिकले समेत आँखा प्रत्यारोपण गर्ने गरेका छन्। पहिले आँखा ल्याउन बाहिरी देशमा निर्भर रहनुपर्थ्यो। तर, अहिले नेपाल आफैंले आँखा प्रत्यारोपणका लागि नेपाल आत्मनिर्भर छ। आजभन्दा १० वर्षअघि विदेशबाट आँखाका नानीहरू लिनुपर्ने अवस्था थियो।'

## आँखाको नानी प्रत्यारोपण के हो ?

आँखाको नानी मात्रै प्रत्यारोपण अथवा आँखाको नानी मात्रै फेर्ने हो। जसलाई आँखाको प्रत्यारोपण भनिन्छ।

## आँखाको नानी प्रत्यारोपणमा प्राथमिकता

मुख्यतया १६ देखि २५ वर्षसम्मका किशोरीहरूलाई आँखा प्रत्यारोपणका लागि प्राथमिकता दिइएको छ। यसै गरी बालबालिकालाई र वृद्धवृद्धालाई आँखा प्रत्यारोपणमा प्राथमिकता दिइएको छ। टाढाबाट आउनेहरूका लागि समेत आँखा प्रत्यारोपणमा प्राथमिकता दिइएको छ।

## खर्च कति

आँखा प्रत्यारोपणका लागि अस्पतालमा पुग्नेहरूलाई पाँच हजार रुपियाँ लाग्छ। यद्यपि गरिब र विपन्न वर्गका व्यक्तिलाई प्रत्यारोपणका लागि उक्त रकम नलाग्ने बताइएको छ। सो रकम आँखा प्रत्यारोपणका लागि नभई आँखाका लागि आवश्यक पर्ने औजार र औषधि किन्नमा खर्च गरिनुपर्ने हुन्छ।

## कहाँकहाँबाट संकलन गरिन्छ आँखाका नानी

मुख्यत: पशुपतिको आर्यघाट, टिचिङ अस्पताल, वीर अस्पताल र पाटन अस्पतालबाट संकलन गरिन्छ। त्यसका लागि प्रतिष्ठानले समूह परिचालन गरेको छ। आँखा बैंकले पशुपतिस्थित आर्यघाटबाट आँखाका नानी संकलन शुरू गरिएको हो।

## क-कसले गर्न सक्छन् ? आँखाको नानी दान

आँखा दान कुनै पनि व्यक्ति जसको आँखा स्वस्थ छ उनीहरूले गर्न सक्छन्। यसमा उमेर तथा आँखाको पावर कम र चस्मा लगाएको आदिले कुनै बाधा गर्दैन। किनभने आँखा फेर्ने अथवा आँखाको प्रत्यारोपण भनेको आँखाको डल्लो नै फेर्ने नभई आँखाको नानीको मात्रै प्रत्यारोपण हो। कुनै पनि किसिमको रगतको माध्यमबाट सर्ने रोग नभएर जोसुकैले आँखाको नानी दान गर्न सक्छ। तर एचआईभी, भिरङ्गीजस्ता रगतको माध्यमबाट सर्ने रोग लागेका मानिसको आँखाको नानी दान गरेर प्रत्यारोपण गर्न मिल्दैन।

नेपालमा आँखा दान गर्न चाहनेहरूको संख्या हालसम्म ६० हजार ६ सय ३६ रहेको छ। जसमध्ये पुरुषको संख्या बढी रहेको तिलगंगा आँखा प्रतिष्ठानले जनाएको छ।

नेपालमा पहिलोपटक आँखा दान गर्ने व्यक्तिका रूपमा चिनीमैया दुलाल हुनुहुन्छ। उहाँले सन् १९९४ मा आँखा दान गर्नुभएको हो। डाक्टर राजभण्डारीले भन्नुभयो- 'म आफ्नो व्यक्तिगत जीवनमा रमाउन नपाए पनि म खुसी छु, मेरो कर्मबाट कसैले संसार देख्न पाएको छ, रातिमा मेरो आँखा खुलै राखेर दिउँसोको समयमा अरूका आँखाले संसार देख्छ भने त्यो मेरा लागि गौरवको विषय हो। मेरो कर्मले ल्याएको खुसी देख्दा अझ प्रेरणा मिल्छ। पहिले जस्तो आँखा प्रत्यारोपणका लागि लामो समय कुर्नुपर्दैन।'

आँखा संकलन केन्द्रका रूपमा आँखा बैंक तिलगंगा रहेको छ। मृत मानिसको शरीरबाट आँखाको नानी प्राप्त भई आँखाको नानी प्रत्यारोपणबाट दृष्टिविहीनहरूलाई दृष्टि प्रदान गर्नु आँखा बैंकले लक्ष्य राखेको छ। प्रतिष्ठानका जनसम्पर्क अधिकारी सोनु अधिकारीले आँखाको ज्योति पाएकाहरूले खुसी व्यक्त गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'आँखाको नानी दान गर्न चाहनेले आफ्नो नाम प्रतिष्ठानमा दर्ता गराउन सकिन्छ। मृतपश्चात आँखाको नानी जलेर खरानी हुनुभन्दा कसैलाई दान गरेर संसार देख्ने गराउन सकिन्छ भने किन दान नगर्ने।'

अस्पतालका प्रशासक भागीरथ बानियाले भन्नुभयो- 'मृत्युपछि आँखा दान गर्दैमा केही हुँदैन जलेसँगै खरानी हुने हो भन्ने भन्दा पनि यो जन्ममा आँखा झिकियो भने अर्को जन्म आँखा नै नभएको जन्मनुपर्छ भन्ने अन्धविश्वास नागरिकबाट अझै पूर्णरूपमा हटिसकेको भने छैन। तर, पहिले भन्दा धेरै चेतनशील बनेको छ समाज त्यसैले पनि हामी आज विदेशीमै निर्भर हुन परेको छैन।'

आँखाको नानी प्रत्यारोपण गर्न पछि कुनै कारणवश आँखा घोचिएर अथवा मिचेर दृष्टि गुमेमा मात्रै आँखाको नानी प्रत्यारोपण गरी पुन: दृष्टि पाउन सकिने प्रतिष्ठानले बताएको छ। जन्मजात दृष्टिविहीन भएकाहरूले आँखाको नानी प्रत्यारोपण गरेर पुन: दृष्टि ल्याउन सम्भव नहुने बताइएको छ।



"म आफ्नो व्यक्तिगत जीवनमा रमाउन नपाए पनि म खुसी छु, मेरो कर्मबाट कसैले संसार देख्न पाएको छ, रातिमा मेरो आँखा खुलै राखेर दिउँसोको समयमा अरुका आँखाले संसार देख्छ भने त्यो मेरा लागि गौरवको विषय हो। मेरो कर्मले ल्याएको खुसी देख्दा अझ प्रेरणा मिल्छ। पहिले जस्तो आँखा प्रत्यारोपणका लागि लामो समय कुर्नुपर्दैन।"



# रहेनन् ठाडोभाका शिरोमणि भेडीखर्के

नवराज पहाडी, लमजुङ

ठाडोभाका शिरोमणि भेडीखर्के साइँला (दीर्घराज अधिकारी) को निधन भएको छ।

उनको ८४ वर्षको उमेरमा लमजुङको सुन्दरबजार नगरपालिका-६ स्थित सुन्दरबजारस्थित निवासमा सोमबार साँझ ५:३५ बजे निधन भएको हो। ठाडोभाका लोककला प्रतिष्ठान नेपाल, लमजुङका संरक्षकसमेत रहेका उनी जेठी छोरी लीला र ज्वाइँ शमशेर लौडारीको साथमा बस्दै आएका थिए।

गत भदौ २० गतेमा उनको उपचारका लागि काठमाडौं लगिएको थियो। वीर अस्पतालमा गरिएको ३६ घण्टाको उपचारबाट आफैं शौचालय जान सक्ने अवस्थामा फर्केपछि उनलाई लमजुङ ल्याइएको उनका ज्वाइँ एवं ठाडोभाका लोककला प्रतिष्ठानका सदस्य शमशेर लौडारीले बताए। उनका अनुसार भेडीखर्केलाई दमका साथै ज्वरो, खान मन नहुने आदि समस्या थियो। लौडारीका अनुसार उनको शरीरमा पानीको मात्रा निकै कम रहेको चिकित्सले बताएका थिए।

सोमबार बिहान १० बजेबाट उनको स्वास्थ्यमा अचानक गिरावट आएको थियो। उनको बोली बन्द भएको थियो, मानिसलाई चिन्न छाडेका थिए। उनको स्वास्थ्य स्थिति बुझ्न र उपचारका लागि सदरमुकामस्थित जिल्ला अस्पतालमा भए पनि लगौं भन्ने अनुरोध गर्न पुगेकालाई उनकी छोरी लीलाले करिब २० दिनअघि भेडीखर्केले आफू यो वर्ष नबाँच्ने तथा मलाई तिमीहरूको काखमा मर्न दिँदैनौं भनेको बताइन्। 'बुबाले यो घर छाडेर कतै जान्न भन्नुभएको छ, त्यसैले उपचारका लागि अन्यत्र लग्न पर्दैन' -उनले भनेकी थिइन्।

यसैबीच, ठाडोभाका लोककला प्रतिष्ठान नेपालले एक शोक वक्तव्य प्रकाशित गर्दै उनको निधनले गहिरो दुःख लागेको जनाएको छ। प्रतिष्ठानले नसोचेको घटना बेहोर्नुपरेको उल्लेख गर्दै उनको निधनले नेपाली लोककलाका क्षेत्रमा ठूलो नोक्सानी भएको जनाइएको छ। 'ठाडोभाका शिरोमणिजस्तो व्यक्तित्वलाई समय छँदै राज्यले चिन्न नसक्नु दुःखद स्थिति हो' -प्रतिष्ठानको विज्ञप्तिमा भनिएको छ।

भेडीखर्के साइँलाको अन्तिम संस्कारका लागि आज मंगलबार बिहान शवयात्राका साथ पाउँदी आर्यघाट लगिने भएको छ।













# रनवे परेडमा सेलिब्रेटी क्याटवक

ब्लड क्यान्सरबाट पीडित ३ वर्षीय बालकको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले शनिबार साँझ दरबारमार्गस्थित क्लब डेजाभुमा *रनवे परेड-२०७४* शीर्षकको फेसन शो आयोजना गरिएको छ।

अभिनेता यशराज गराचद्वारा कोरियोग्राफी गरिएको उक्त फेसन शोमा स्थापित फेसन डिजाइनहरु राशि कोइराला, लजिमा सुब्बा नाल्बो, कुमारी तामाङ, प्रमिता श्रेष्ठ, डीना गुरुङ, पेमा याङ्गी शेर्पा, श्वेता थापा, ओसिन थापा, छिरिङ शेर्पा तथा कमल मानन्धरले तयार पारेका पहिरनमा मोडलहरुले ऱ्याम्प नापेका थिए।

१६ महिला तथा ११ पुरुष मोडलले मोडलिङ गरेको शोमा लोकप्रिय कलाकारहरुले सोस्टपरका रूपमा क्याटवाक गरे। फेसन शोमा वर्षा राउत, अशिस्मा नकर्मी, चाँदनी शर्मा, सिर्जना रेग्मी, एनी कुँवर, ओशिन सिटौला, करिश्मा श्रेष्ठ, रिस्ता बस्नेत, सलोन बस्नेत, निराजन प्रधान, दिक्पाल कार्की, प्रदीप बास्तोला, आमेश भण्डारी, सञ्जोग कोइराला, *मिस्टर नेपाल-२०१७* अक्षय रायमाझीले सोस्टपरको रूपमा क्याटवाक गरेका थिए।

टच इन्टरटेन्मेन्ट तथा स्पर्श फिल्म्सद्वारा आयोजित उक्त फेसन शोको सञ्चालन सुशील नेपालले गरेका थिए। फेसन शोको क्रममा गायक कमल खत्रीले लाइभ कन्सर्ट दिए भने नृत्यांगनाहरुले विभिन्न नेपाली तथा हिन्दी गीतमा आकर्षक नृत्य प्रदर्शन गरे।



# विचार

कसैको गुणहरूको प्रशंसा गर्नमा
आफ्नो समय नष्ट नगर, उसका
गुणहरूलाई अपनाउने प्रयत्न गर।
- कार्ल मार्क्स

चन्द्रमामाथि कैयौं मान्छे ओर्ले,
तर हामी अझै ढुक्क भएर
घरको भऱ्याङ ओर्लन सक्दैनौं।
- भूपि शेरचन

## सम्पादकीय

नेपाल समाचारपत्र

# विपद व्यवस्थापन विधेयकले सार्थकता पाओस्

नेपाल भूकम्पीय जोखिमको हिसाबले विश्वमा नै ६ औं स्थान र प्राकृतिक जोखिमको हिसाबले ११ औं स्थानमा रहेको छ । यसैले पनि होला, नेपालले पटक-पटक प्राकृतिक विपत्तिको सामना गर्दै आएको छ । विभिन्न समयमा भोग्नुपरेका प्राकृतिक प्रकोपका कारण नेपालले ठूलो मात्रामा जन-धनको क्षति पनि बेहोर्नुपरेको छ । प्राकृतिक विपत्तिबाट हुने क्षति न्यूनीकरणका लागि नेपालले चालेका कदमहरू अहिलेसम्म प्रभावकारी हुन सकेका छैनन् । विपत्ति न्यूनीकरणका लागि सुरक्षा निकायलाई सरकारले बेला-बेलामा तयारी अवस्थामा रहन निर्देशन दिने गरेको छ तर भौगोलिक बनावटका कारण ती निकाय समयमा नै प्रभावित स्थानमा पुग्न नसक्दा बढी मात्रामा मानवीय क्षति हुने गरेको छ । त्यसैले सरकारले जनस्तरमा नै विपद व्यवस्थापन गर्ने उद्देश्यले अब पाठ्यपुस्तकमा नै यसको व्यवस्था गर्न लागेको छ ।

विद्यालयस्तरमा नै विपद व्यवस्थापनको विषयमा पढाइ गर्न सके नागरिक आफैं सचेत हुने र उद्धार तथा राहत वितरणमा समेत सरकारको मुख ताक्नुपर्ने बाध्यता अन्त्य गर्न सहयोगी हुने सरकारको भनाइ छ । यसै उद्देश्यले सरकारले विपद व्यवस्थापनसम्बन्धी विषय पाठ्यपुस्तकमा समावेश गर्न लागेको हो । यसरी विद्यालयस्तरमै हुने विपद व्यवस्थापनसम्बन्धीको पढाइले स्थानीयवासीमा चेतना जगाउनेछ । प्राकृतिक विपत्ति आइपर्दा उनीहरू आफैं सजग हुनेछन् । यसले केही हदसम्म जन-धनको क्षति न्यूनीकरण गर्न सहयोग पुग्नेछ । त्यसैले सरकारले पाठ्यपुस्तकमा नै यसको व्यवस्था गर्न लागेको हो । सरकारले गर्न लागेको यो कार्यको सराहना गर्नैं पर्छ ।

संसद्मा पेस गर्न तयार पारिएको विधेयकमा प्राकृतिक र गैरप्राकृतिक विपत्ति किटान गरिएको छ। यसले गर्दा जनतामा चेतनाको स्तर बढ्नुका साथै विपत्तिमा परेकाहरूको उद्धार गर्न सहयोगी हुनेमा दुईमत छैन । सरकारले उक्त विधेयकमार्फत विपदपछिको खोज तथा उद्धार समूह गठन गर्ने उद्देश्यसमेत राखेको छ । राष्ट्रिय पूर्वचेतावनी प्रणालीको विकास गर्ने उल्लेख गर्दै विपदका घटना हुनासाथ खोज तथा उद्धार अनि राहतका कार्यहरू तत्काल गर्न संस्थागत संयन्त्र स्वतः परिचालित हुने अपेक्षा सरकारले विधेयकमार्फत गरेको छ। यो विधेयक संसद्बाट पारित गराउनु राम्रो पक्ष हो। तर सबैभन्दा महत्वपूर्ण पाटो भनेको यसको कार्यान्वयन पक्ष हो । सरकारले विधेयक ल्याएर मात्रै हुँदैन, यसको कार्यान्वयन पक्ष सबल हुनै पर्छ । त्यसपछि मात्रै सरकारले परिकल्पना गरेको विपद व्यवस्थापन विधेयकले सार्थकता पाउँछ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# निर्माणक्षेत्रका समस्या र जिम्मेवार पक्ष


रामराज शर्मा


जीवनदेवी बन्जरा

**घटना १** : खानेपानी तथा सरसफाइ मन्त्रालयका निवर्तमान सचिवले एक टेलिभिजन वार्तामा बताएअनुसार उहाँ आफैं मेलम्ची खानेपानीको पाइप बिच्छ्याउने कार्यको अनुगमन गरिरहेकै बखतमा उहाँकै सामुन्ने ट्रेन्च भत्किएर तीनजना कामदारको घटनास्थलमै मृत्यु भयको थियो। काठमाडौंको मुटु सीतापाइलामा भएको उक्त दुर्घटनामा मृत्यु हुनेका परिवारलाई ११ लाख रुपियाँ क्षतिपूर्ति दिएर उम्काइयो। उक्त ट्रेन्च २.५ मिटर गहिरो रहेको कुरा उहाँले नै बताउनुभएको छ। दुर्घटनापश्चात् सो दुर्घटनाको कारण केलाउँदै अब यस्ता दुर्घटना दोहोरिन नदिन के-के सावधानी अपनाउनुपर्ला भनेर कुनै समीक्षा भए/नभएको केही बताइएको छैन।

**घटना २** : जुलाई ९ को एक टेलिभिजन कार्यक्रममा प्रसारित गरेअनुसार चित्लाङ (थानकोट सडकको कालोपत्र गर्ने काम भर्खर सम्पन्न भयको थियो। तर काम सम्पन्न भएको दुई महिना पनि नबित्दै सडकमा पुनः खाल्डाखुल्डी देखा पर्न थालिसकेको छ। भिडिओमा प्रस्टै देखिन्छ, उक्त कालोपत्र निकै थोरै मोटाइको छ र कुनै बल प्रयोग नगरीकनै हातका औंलाले उप्काउन सकिन्छ। केही महिनाभित्रै बाटोले पुनः पुरानै स्वरूपमा फर्किन शुरु गरिसकेको छ। स्थानीय बासिन्दाका अनुसार उनीहरूले विरोध गर्दागर्दै पनि उक्त सडक न्यून गुणस्तरमा सम्पन्न गरिएको थियो।

**घटना ३** : श्रावण १३ र १७ गते प्रकाशित दुई छुट्टाछुट्टै समाचार र फोटोहरूका अनुसार इलामको चुलाचुली गाँउपालिकामा निर्मित झोलुंगेपुलको एकछेउको एप्रोच मार्ग भत्किएको छ। उक्त भाग भत्किनाले पुल सर्वसाधारणले प्रयोग गर्न नसक्ने अवस्थामा पुगेको देखिन्छ। एक त पुलको लम्बाइ नै खोलाको चौडाइभन्दा कम देखिन्छ अनि तल्लो र माथिल्लो तटमा नदी नियन्त्रणका कुनै संरचना छैन। खोलाको चौडाइभन्दा छोटो र एकछेउ भत्किन पुगेको हुनाले कैयौं वर्षदेखिको गाउँलेहरूको सपना तुहिएको छ। गाउँपालिका अध्यक्षले पुल अब सेल्फी खिच्नका लागि मात्र उपयुक्त रहेको आक्रोशपूर्ण अभिव्यक्ति दिएका छन्।

**घटना ४** : जुलाई १६ मा स्याङ्जा पुतली बजार नपाकी नवनिर्वाचित मेयर सडक निर्माण निरीक्षणमा निस्कनुभयो। भर्खर कालोपत्रे गरिएको हरिपालास्थित सडक उक्त समयमा बीचबाटोबाट २ चिरा परेको देखिन्छ। कालोपत्रेको मोटाइ ठीक नै छ तर लगभग आठ इन्च जति चौडा उक्त धाँजाले सडक मर्मत नगरीकन प्रयोग गर्न नमिल्ने अवस्था देखिन्छ। फेसबुकमा पोस्ट गरिएको उक्त अनुगमनको फोटो छिनभरमै व्यापक भयो र ठेकेदार अनि इन्जिनियरलाई गालीको वर्षा शुरु भयो। कसैले ठेकेदारलाई जेल हाल भन्ने माग तेर्स्याय त कसैले इन्जिनियरलाई कालो मोसो दल्नुपर्ने निष्कर्ष निकाले। तर, के कारणले बाटोमा धाँजा पऱ्यो भन्ने कसैले सोचेन।

माथि उल्लेख गरिएका केही प्रतिनिधिमूलक समस्या हुन्। देशभर हजारौं निर्माणकार्य एकसाथ भैरहेका हुन्छन् र यस्ता घटना पनि प्रशस्तै भैरहेका छन्। निर्माणकार्यमा दुर्घटना, कमसल निर्माण र ढिलाइ किन अनि कसका कारण भैरहेको छ भनेर हामी कारण केलाउन लाग्ने भन्दा एक-अर्कालाई दोष थोपर्ने गर्दछौं। साथै भविष्यमा यस्तो नहोस् भनेर समीक्षा नगर्ने हुनाले बारम्बार उस्तै प्रकृतिका समस्या झेल्दै आइरहेका छौं। अब माथिका चार समस्यालाई केलाउने प्रयत्न गरौं।

निर्माणकार्य गर्दा सबैभन्दा उच्च प्राथमिकता कामदारको सुरक्षा र स्वास्थ्यलाई दिनुपर्छ भन्ने विश्वव्यापी मान्यता हो। जुनसुकै निर्माणकार्यमा पनि ...सेफ्टी फस्ट्‌ भन्ने सिद्धान्त लागू हुन्छ। कामको प्रकृतिअनुसार छुट्टाछुट्टै सुरक्षा उपकरण र वस्त्रहरू प्रयोग गर्नुपर्ने हुन्छ। उपयुक्त र सुरक्षित काम गर्ने वातावरण छ/छैन र कामदारले सुरक्षा उपकरण वा वस्त्र पहिरिएको छ/छैन, जाँच गर्ने एक सुरक्षा अधिकारी नै हुन्छन्। आवश्यक सुरक्षाविना काम गरे वा गराएमा धेरैजसो देशमा कानुनबमोजिम कारबाही हुने गर्दछ। सीतापाइलामा तीनजनाको मृत्यु हुनुमा कमजोर निर्माण सुरक्षा वा हेलचेक्र्याइँ रहेको प्रस्टै छ। अनुगमनको क्रममा रहनुभएका सचिवले सेल्फी खिच्ने, टेलिभिजनलाई अन्तर्वार्ता दिने तथा कफी समय भन्दै फेसबुकमा फोटो अपलोड गर्नुभएको देखियो तर निर्माणकार्य सुरक्षित वातावरणमा गरिएको छ/छैन, सुरक्षाका उचित उपकरण र माध्यम अपनाएको छ/छैन, निर्माण गुणस्तर के-कस्तो छ तथा कामको प्रगति टार्गेटअनुसार छ/छैन ? जस्ता महत्वपूर्ण चेक-जाँच नगरेको प्रमाण उक्त दुर्घटनाले प्रस्ट पार्दछ। यसबाट प्रस्ट हुन्छ कि तीनजनाको ज्यान जाने गरी भएको उक्त दुर्घटनाको जिम्मेवार ठेकेदारका सुरक्षा अधिकारी तथा अनुगमन गर्ने सरकारी अधिकारी नै हुन्।

चित्लाङ-थानकोट सडकको दुर्दशा हेर्दा प्रस्ट हुन्छ कि काम र बजेट सिध्याउने ध्याउन्नमा निर्माण कम्पनी र सरकारी कर्मचारीको मिलेमतोमा गुणस्तर विहीन काम गरेर जनता झुक्याउन सफल भएको देखिन्छ। सडकको सब-बेसमा आवश्यक कम्प्याक्सन नगरीकन कालोपत्रे गरिएको र उक्त कालोपत्रे पनि निकै पातलो गरेको देखिन्छ। स्थानीय बासिन्दाहरूको विरोधका बाबजुद पनि सरकारी अधिकारी र निर्माण कम्पनीबीचको मिलेमतोमा यस्तो हुने गरेको प्रमाण हो यो।

हाम्रा धेरैजसो निर्माण कम्पनीले अनुमानित लागतभन्दा आधा नै थोरै रकममा काम गर्छु भनेर कबोल गर्दै काम फुत्काएका हुन्छन् अनि कसरी गुणस्तरको काम होस् त ? त्यसमध्ये पनि कति सरकारी अधिकारीलाई खुशी पार्न छुट्टै नजराना नदिने हो भने बिल नै पास नहुने अवस्था पनि आउन सक्छ। कन्क्रिट मिक्स गर्ने ठाउँमा आँखा झिमिक्क पार्न पाएको छैन, उता केही बकेट थप बालुवा र गिट्टी मिसाउँछन्, के गरुन् त उपाय छैन। यस्ता कारणले धेरै ठेकेदारहरूबाट हुने काम निम्न गुणस्तरका हुने गरेका छन्। काम सम्पन्न गरिसकेपछि उक्त निर्माणको कम्तीमा एक वर्ष ठेकेदारले मर्मत-सम्भार गर्नुपर्ने कानुन प्रभावकारीरूपमा कार्यान्वयन नहुनु पनि न्यून गणस्तरको अर्को कारण हो।

> हाम्रा धेरैजसो निर्माण कम्पनीले अनुमानित लागतभन्दा आधा नै थोरै रकममा काम गर्छु भनेर कबोल गर्दै काम फुत्काएका हुन्छन् अनि कसरी गुणस्तरको काम होस् त ? त्यसमध्ये पनि कति सरकारी अधिकारीलाई खुशी पार्न छुट्टै नजराना नदिने हो भने बिल नै पास नहुने अवस्था पनि आउन सक्छ।

चुलाचुली गाउँपालिकाको झोलुंगे पुलको अवस्था हेर्दा दयनीय नै देखिन्छ। नदीको उपल्लो र तल्लो तटीय किनारमा नदी नियन्त्रणका संरचनाविना नै नदीको चौडाइभन्दा छोटो झोलुंगे पुल डिजाइन गर्ने कस्तो इन्जिनियर होला ? पहिलो चरणको फोटो हेर्दा प्रस्ट् हुन्छ कि पुलको दायाँ किनारको ढुंगाको गाह्रो दबेर उक्त गाह्रोमाथि अडेको कन्क्रिटको स्ल्याब भाँचिन पुगेको छ, पछिल्लो फोटो हेर्दा उक्त स्ल्याब कामै नलाग्ने गरी भत्केको छ। यी कुराहरूबाट प्रस्ट हुन्छ कि उक्त ढुंगाको गाह्रोको जग भासिएर उक्त समस्या आएको हो। झोलुंगे पुलको मुख्य संरचना अहिलेसम्म ठिक्कै छ तर यस्तै डिजाइन गरिएको हो भने मुख्य पुलको आयु पनि धेरै नहुन सक्छ। पुलको सर्भे र डिजाइन पूर्णतः गलत देखिन्छ। यो समस्या डिजाइन गर्ने डिजाइनरको कारणले भएको र निर्माण कम्पनीको गल्ती नभएको जस्तो देखिन्छ। निर्माण क्रममा स्थानीयहरूले पुलको जगको बारेमा प्रश्न गरेको तर ठेकेदारले जे डिजाइन र नक्सा छ सोही अनुसार मात्र काम गर्ने बताएको भनेका छन्। तसर्थ सम्पूर्ण जिम्मा डिजाइन अर्थात् इन्जिनियरले लिनुपर्दछ।

स्याङ्जाको हरिपालास्थित सडकको समस्या सडकको छेउतिरको जमिनको ठूलो भाग लच्किएर भएको प्रस्ट देखिन्छ। उच्च गुणस्तरको कालोपत्रे हुँदा पनि सडकको बीचभागमा लगभग आठ इन्च जतिको धाँजा परेको छ। यो समस्या डिजाइनर र निर्माणकर्ता दुवैको कारणबाट भएको होइन। पूर्णतया प्राकृतिक समस्या हो। धेरै पहिला नै निर्माण सम्पन्न भैसकेको सडकको स्तरोन्नतिको काम गर्दा डिजाइनरले त्यस्ता किसिमका समस्या हेर्दैनन् र आवश्यक पनि हुँदैन। तर गालीका वर्षा निर्माण कम्पनी र इन्जिनियरमाथि ओइरिएका छन्। हामी कतिपय मुद्दाहरूमा वास्तविकता नबुझी आगो ओकलिरहेका मात्र हुन्छौं, समस्याको जरो के हो, बुझ्नतिर लाग्दैनौं।

समग्रमा, निर्माणकार्यमा आउने समस्याहरू डिजाइनर, इन्जिनियर, निर्माण कम्पनी र प्राकृतिक जुनसुकै पक्षबाट पनि सिर्जना भएका हुन सक्छन्। सधैं ठेकेदार वा इन्जिनियरलाई एकोहोरो दोषारोपण गर्नु उचित होइन। समस्या कुन पक्षबाट सिर्जना भएको हो ? बुझ्नु जरुरी छ। न सबै डिजाइन पूर्ण हुन्छ, न सबै निर्माण कम्पनी पूर्ण छन्, तर अनुभवी र ख्यातिप्राप्त डिजाइनरबाट डिजाइन गर्ने वा चेक गर्ने, उचित प्रक्रिया र मापदण्डबाट निर्माण कम्पनी छनोट गर्ने, निर्माण प्रक्रियाको नियमित निरीक्षण तथा अनुगमन गर्ने, निर्माण सम्पन्न गरिसकेपछि कम्तीमा एक वर्ष मर्मत-सम्भारको दायित्व निर्माण कम्पनीकै हुने नियमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, प्रत्येक निर्माणकार्यमा स्थानीय सरकार र जनतालाई सहभागी गराउने जस्ता काम गर्ने हो भने अधिकांश निर्माणको गुणस्तर बढ्न गई माथि भनेजस्ता समस्याको न्यूनीकरण गर्न सहयोग पुग्छ।

*(लेखक शर्मा जलविद्युत् विशेषज्ञका रूपमा बेलायतमा कार्यरत हुनुहुन्छ।)*

@er_rrsharma

## पाठक पत्र

### अझै कति चाहिएको हो मन्त्री ?

देउवा सरकारले फेरि तीन मन्त्री थपेर आफ्नै कीर्तिमान तोडेका छन्। सरकारका नवनियुक्त तीन मन्त्रीले पद तथा गोपनीयताको सपथ लिएका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) का तर्फबाट सरकारमा थपिएका तीन मन्त्रीहरूले शीतल निवासस्थित राष्ट्रपति कार्यालयमा आयोजित एक समारोहका बीच सपथ ग्रहण गरे। राप्रपा (प्रजातान्त्रिक) का तर्फबाट मन्त्रिपरिषद्मा प्रवेश पाएका नवनियुक्त विज्ञान तथा प्रविधिमन्त्री दीपक बोहोरा, वनमन्त्री विक्रम पाण्डे र उद्योगमन्त्री सुनीलबहादुर थापालाई राष्ट्रपति विद्यादेवी भण्डारीले सफथ खुवाइन्। देउवाले आफ्नो जम्बो मन्त्रिपरिषद्मा तीन मन्त्री र एक राज्यमन्त्री थप गर्दै मन्त्रिपरिषद् विस्तार गरेपछि नेपालको मन्त्रिमण्डलमा नयाँ कीर्तिमान कायम भएको हो।

त्यति मात्रै हैन, ठेकेदार र आयल निगमको जग्गामा घोटाला गर्नेसम्मलाई मन्त्री बनाइएको छ। सरकारमा तीन मन्त्री र एक राज्यमन्त्री थपिएपछि देउवा नेतृत्वको मन्त्रिपरिषद् ५४ सदस्यीय भएको छ। अझै कति चाहिएको हो मन्त्री ? नेपाली जनताले आश गर्ने ठाउँ अब कसरी बाँकी रहला र ? यिनको घैंटामा घाम कहिले लाग्ने ?

*- रामप्रसाद ढुंगाना, रामेछाप*

### मासुका लागि पनि कहिलेसम्म परनिर्भर हुने हो ?

नेपालीले दशैं मनाउन पनि भारतकै भर पर्नुपरेको खबर सुन्दा साह्रै नमजा लाग्छ। दशैंमा अत्यधिक खपत हुने खसीबोका र भेडाच्याङ्ग्राका लागि नेपाली सधैं भारतकै भर पर्नुपर्ने अवस्था कहिलेसम्म चल्ने हो ? दशैंमा खपत हुने मासुका लागि ८० प्रतिशतभन्दा बढी चौपाया छिमेकी मुलुक भारतबाट आयात हुने गरेको तथ्याङ्क अघिल्ला वर्षहरूमा आउँथ्यो। अहिले पनि त्यो आयातको अनुपात नघट्ने खबर छ। मुलुकको आन्तरिक उत्पादन कमजोर हुँदा मासुका लागि खपत हुने यस्ता चौपायामा परनिर्भर हुनुपरेको अवस्था छ।

यसपटक दशैंमा झन्डै ४५ हजारको संख्यामा खसीबोका तथा भेडाच्याङ्ग्रा भारतबाट आयात गर्ने तयारी छ। गतवर्ष पनि सोही संख्यामा त्यस्ता चौपाया आयात भएको खबर समाचारमा आएको थियो। त्यस्तै, दशैंमा अधिक खपत हुने राँगा-भैंसी भने कति आयात हुन्छ, त्यसको टुंगो छैन। नेपालमा बेरोजगारी बढेको बढ्यै अवस्थामा छ तर राज्यले यस्ता कुराहरूमा सधैं भारतकै मुख ताक्नुपर्छ। यो विडम्बना हो। खसीबोका र भेडाच्याङ्ग्रा आयातका लागि अष्टमी/नवमीअघिको एक सातामा मात्र झन्डै ७० करोड रुपियाँ बाहिरिने अवस्था रहेको छ।

घटस्थापनापछि चौपायाको आयात ह्वात्तै बढ्छ। मासुको अत्यधिक उपभोग गर्ने परम्पराका कारण अन्य समयको तुलनामा दशैंमा मासुका लागि चौपाया आयात अत्यधिक हुन्छ। यसका लागि नेपालीले नै यहीँ उत्पादन गरेमा यसको फाइदा नेपालीले नै लिने थिए। रोजगारी हुन्थ्यो र अरुको मुख ताक्नु पर्दैनथ्यो। नेपालमा मासुकै लागि वार्षिकरूपमा १० अर्ब रुपियाँको हाराहारीमा रकम बाहिरिने अवस्था छ। नेपालमा वार्षिक २८ अर्ब रुपियाँको मासु खपत हुने अवस्था छ।

यहाँ मासुको एकिन मूल्य निर्धारण नहुँदा मनपरि पनि छ। दशैंमा खपत हुने चौपाया खरिद-बिक्री भने व्यवसायीले आफूखुसी गर्दै आएका छन्। यसका लागि हालसम्म कुनै मापदण्ड नै तोकिएको छैन। सरकार र व्यवसायी कसैले पनि हालसम्म मूल्य निर्धारणका लागि हालसम्म मापदण्ड बनाएका छैनन्। मूल्य निर्धारणको मापदण्ड नहुँदा उपभोक्ता मासुमा ठगिँदै आएका छन्। व्यवसायीले दशैंमा मनोमानी गर्ने हुँदा अस्वस्थ प्रतिस्पर्धाका कारण उपभोक्तालाई मार पर्न नदिन सरकारले पनि खसीबोका र भेडाच्याङ्ग्राको कारोबार आफैं गर्ने गरेको छ। यसपटक खाद्य संस्थानले विभिन्न जिल्लाबाट २ हजार ५ सय खसीबोका र भेडाच्याङ्ग्रा उपत्यका ल्याउने तयारी गरेको समाचार पनि आएको थियो। यसरी सरकारले नै किनेर बेचेमा मनोमानी हुने थिएन। यदि त्यो सम्भव नभए मूल्य निर्धारण गर्नु जरुरी छ।

*- सावित्रा घिमिरे, सल्यान*

### सवारी दुर्घटनाका कारणहरू

नेपालमा हुने दुर्घटना प्रायः ट्राफिक नियमको पालना नगर्दा हुने गरेको छ। यहाँ दैनिकजसो दुर्घटनाका खबरहरू आइरहेका हुन्छन्। दुर्घटना आफैंमा हृदयविदारक हुन्छन्। धेरै नेपालीले दुर्घटनामा परी अकालमा प्राण आहूति गर्न बाध्य छन्। कतै चालकको लापरबाही त कतै साँघुरा सडक, दुर्घटनाको कारण जेसुकै भए पनि धेरैजसो लापरबाहीले हुने प्रस्ट छ। आफन्त, नातागोता, इष्टमित्र, छोराछोरी, श्रीमान्/श्रीमती गुमाएकाहरूको पीडा जीवनभरि नै उनीहरूको मनमा परिरहेको हुन्छ। जसको काँधमा वृद्ध आमा, बुबा, श्रीमती र छोराछोरीको भविष्यको जिम्मेवारी हुन सक्छ। ऊ त मरेर गयो, उसको परिवार पनि मरेतुल्य नै हुन्छ।

जुन परिवारमा यी घटनाहरू घटेका छन्, उनीहरूको भयावह अवस्था हुन्छ। एक त उनीहरू पीडामा हुन्छन्, त्यसमाथि थप पीडा दिने काम गर्छ घूसखोरी प्रशासनतन्त्र, पुलिस, कानुन अनि सरकारले। नेपालमा हुने अधिकांश सडक दुर्घटनामा कम उमेरमा सवारीचालक, अनुमतिपत्र पाएका ट्यापे-झ्यापे, अत्यधिक मादक पदार्थ र लागूऔषध सेवन गरेर अनियन्त्रित ढंगले सवारी चलाउने युवा चालकहरूले गर्दा नै दुर्घटना दिनानुदिन बढ्दो क्रममा छ।

यहाँ सेटिङमा काम हुने भएकोले पनि चालकको लापरबाही बढी देखिन्छ। भर्खरै मात्र मात्रै काठमाडौंमा एउटा ट्रकले ठक्कर दिएको घाइतेलाई आफैं ब्याक गरेर मारेको मैले देखें। उपचार गर्न भन्दा मारेर उम्कन खोज्ने मानवता नभएका ड्राइभरका कारण नै धेरै दुर्घटना हुन्छ। नेपालमा सवारी दुर्घटना बढ्नुको कारणमा धुवाँ फ्याँक्ने थोत्रा सवारीसाधन, दशकौंदेखि स्तरोन्नति हुन नसकेका मिनी तालयुक्त खाल्डाखुल्डी भएका सडक, सडकछेउमा बनाएका अव्यवस्थित भौतिक संरचना आदि पनि हुन्। सडक चौडा एवम् गतिमापन मेसिन लगाएर दुर्घटना न्यूनीकरणतर्फ लागियोस्। ट्राफिक प्रहरी पनि यस विषयमा गम्भीर बनोस्।

*- रोशनी मल्ल, काभ्रेपलाञ्चोक, हाल : काठमाडौं*

## सामाजिक सञ्जाल



४७ सालमा व्यापक सहभागिताको मन्त्रिपरिषद् थियो, तर सानो ११ सदस्यीय। यो संक्रमणमा अहिले किन यति ठूलो मन्त्रिपरिषद् चाहियो ? बुझ्न सकिएन। औचित्य छैन।

**Nilamber Acharya**
**@nilacharya**



मधेसको राजनीतिलाई पुराना शक्तिहरूको अवसरवाद, ढाँटछल र भ्रष्टाचारजन्य दलदलबाट मुक्त गर्ने विनम्र प्रयत्न गर्न आजदेखि जनकपुरतिर लाग्दै।

**Baburam Bhattarai**
**@brb1954**

डा. सुरेन्द्र केसीले धार्मिक मान्छेहरुले राम्रो उपदेश दिन नसक्दा धर्म कमजोर बन्दै गएको बताए। हिन्दू धर्मावलम्बीको राज्य (हिन्दू राष्ट्र) कायम गर्नुपर्ने वकालत गर्दै आइरहेका राप्रपा अध्यक्ष कमल थापा धार्मिक मान्छे नभएको उनको भनाइ छ।

### गौतम ताम्राकार घटना प्रकरण

# पीडित पक्षद्वारा गृहराज्य मन्त्रीलाई ज्ञापनपत्र



**नेपाल समाचारपत्र**

काठमाडौं

राजधानीको असन कमलाक्षीका गौतम ताम्राकारको रत्नपार्कनजिकै मिनीबसले ठक्कर दिएर मृत्यु भएको विरोध स्वरूप स्थानीय र वाइकर्स एसोसिएसनले सोमबार गृह राज्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्। चालकलाई आजीवन कारावास र मृतक परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्ने माग राख्दै स्थानीयले गृह राज्यमन्त्री श्यामकुमार श्रेष्ठलाई ज्ञापनपत्र बुझाएका हुन्।

गौतम ताम्राकारले चलाएको बा५६प ६८३७ नम्बरको स्कुटीलाई रत्नपार्क विद्युत् प्राधिकरणनजिकै बा२ख ७८०६ नम्बरको मिनीबसले ठक्कर दिई गत भदौ ७ गते ताम्राकारको निधन भएको थियो।

ज्ञापनपत्रमा दोषीलाई कानुनबमोजिम कारबाही गर्नुपर्ने उल्लेख छ। ज्ञापनपत्र बुझ्दै गृह राज्यमन्त्री श्रेष्ठले यस विषयमा तत्काल मातहतका कर्मचारीलाई निर्देशन दिने र दोषी ठहरिए कारबाही हुने पीडित पक्षलाई आश्वासन दिनुभयो। मृतककी पत्नी अनिता ताम्राकार र बाइकर्स एसोसिएसनका अध्यक्ष अमिरअहमद खानले संयुक्तरूपमा गृह राज्यमन्त्री श्रेष्ठलाई ज्ञापनपत्र बुझाउनुभएको थियो।

# प्रहरी प्रशासनलाई स्थानीय सहयोगको खाँचो

**नेपाल समाचारपत्र**

ललितपुर

ललितपुर जिल्लाको विशिष्ट धार्मिक, सामाजिक र भौगोलिक परिवेशमा प्रहरी प्रशासनको भूमिकाको प्रभावकारीताका लागि स्थानीयको भूमिका महत्त्वपूर्ण रहेको एक कार्यक्रमका वक्ताहरूले बताएका छन्।

महानगरीय प्रहरी प्रभाग, मंगलबजारले राष्ट्रिय युवा महासंघ ललितपुरको संयोजनमा सोमबार ललितपुरमा आयोजना गरेको स्थानीय सुरक्षामा समुदायको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रमका सहभागीहरूले सो धारणा राखेका हुन्। उनीहरूले शान्ति सुरक्षा कायम गर्ने प्रहरी र स्थानीयको सक्रिय सहयोग र समन्वय हुनुपर्नेमा पनि जोड दिए। सो अवसरमा स्थानीय विभिन्न संघसंस्थाका प्रतिनिधिले राखेको विषयलाई सम्बोधन गर्दै महानगरीय प्रहरी परिसर ललितपुरका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक गणेशबहादुर ऐरले समुदायको भावनालाई पन्छाएर प्रहरीले काम गर्न नसक्नेमा स्पष्ट पार्नुभयो।

उहाँले जिल्लाका विशिष्ट धार्मिक, सामाजिक, सांस्कृतिक र भौगोलिक अवस्थालाई ध्यानमा राखेर स्थानीयको चाहनाबमोजिम प्रहरी प्रशासनले काम गर्ने पनि प्रतिबद्धता व्यक्त गर्नुभयो।

सो कार्यक्रममा महानगरीय प्रहरी प्रभाग मंगलबजारका प्रमुख एवं प्रहरी निरीक्षक प्रकाश थापाले शान्ति सुरक्षाको कार्यमा स्थानीयको सहयोग र सद्भाव पाइरहेको बताउँदै प्रहरी र समुदायबीचको संवाद, छलफल गर्ने कार्यक्रम वडास्तर र टोलस्तरमा पुऱ्याउनुपर्ने खाँचो औंल्याउनुभयो।

अझै पनि प्रहरी प्रशासनलाई राज्यको निकायका रूपमा मात्र लिने सोच स्थानीयमा रहेको उल्लेख गर्दै त्यसलाई परिर्वतन गरी प्रहरीलाई जनताको सुख र दुःखको साथीका रूपमा लिने अवस्था तयार गर्नुपर्नेमा प्रहरी निरीक्षक थापाले जोड दिनुभयो।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले राजनीतिक परिर्वतनसँगै प्रहरी प्रशासनको तौरतरिका र प्रहरी प्रशासनले गर्ने व्यवहार परिर्वतन हुँदै गएको बताउँदै प्रहरीले स्थानीय जनताको अपेक्षा र भावनालाई बुझेर काम गर्न आग्रह गर्नुभयो।

ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष सविन श्रेष्ठले उद्योगी व्यवसायीहरुले हकहितका अतिरिक्त संघले सामाजिक दायित्व महसुस गरेर संघले लामो समयदेखि प्रहरी प्रशासनलाई जनमैत्री, उत्तरदायी र काम गर्ने सहज वातावरण तयार गर्न विभिन्न कार्यक्रम गर्दै आएको बताउनुभयो। सो अवसरमा महानगरीय प्रहरी प्रभाग भवन निर्माण समितिका अध्यक्ष अजरमान जोशीले प्रत्येक जनताले सहज तरिकाले आफ्नो समस्या, पीडा प्रहरीसामु राख्न सकूँन् भन्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय युवा महासंघ ललितपुरका अध्यक्ष राजेश वज्राचार्यले शान्तिसुरक्षा कायम गर्न र प्रहरीको भूमिकाको प्रभावकारीताका लागि प्रहरी र स्थानीयको सक्रियता आवश्यक रहेको बताउनुभयो। छलफलमा उठेको विषयप्रति आफ्नो प्रतिबद्धता व्यक्त गर्दै उपस्थित वडाध्यक्षकातर्फ ललितपुर महानगरपालिका वडा नं १२ का वडाध्यक्ष नारायणलाल अवालेले प्रहरी र समुदायको संवादलाई वडास्तरमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

ताम्राकार समाजका अध्यक्ष रवीन्द्रराज ताम्राकार, बौद्ध विहार संघका अध्यक्ष पुष्परत्न शाक्य, देउला समाजका जिल्लाका सचिव दलबहादुर देउला, ललितपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष किरणभाई वज्राचार्यलगायतले प्रहरी र समुदायको संवाद र अन्तर्क्रियालाई नियमित गर्नुपर्नेमा जोड दिँदै आआफ्नो धारणा राख्नुभयो।

# लागूऔषधका फरार अभियुक्त पक्राउ

**नेपाल समाचारपत्र**

काठमाडौं

लागूऔषध मुद्दामा फरार प्रतिवादी धादिङको खनियावास गाउँपालिका-२ का लोकेन्द्रबहादुर तामाङलाई काठमाडौं म्हेपीबाट केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको छ।

गोंगबु मिलन टोलस्थित एक्स मलेसिया कञ्चनपुर गेस्टहाउसमा २०६३ चैत २६ गते धादिङका भीमबहादुर तामाङ, पासाङडिकी तामाङ, टेवा तामाङ र कान्छीमाया तामाङसमेतले लागूऔषध विक्रीवितरण गर्न लागेकामा प्रहरीले निजहरुको साथबाट १ केजी २ सय ४० ग्राम लागूऔषध खैरो हेरोइन बरामद गरेको थियो। अनुसन्धानका क्रममा उक्त लागूऔषध भीमबहादुर र पासाङले त्यसबेला भारतमा रहेका लोकेन्द्रबाट खरिद गरी ल्याएर टेवा र कान्छीमायाको सहयोगमा ग्राहकको खोजी गरी ८ लाख रुपियाँमा विक्री गर्न लागेको भन्ने खुल्न आएको थियो।

उक्त अवैध लागूऔषध मुद्दामा काठमाडौं जिल्ला अदालतले भीमबहादुर र पासाङलाई १५ वर्ष कैद र ६ लाख जरीवाना गरेकामा भीमबहादुर हाल जिल्ला कारागार धादिङमा तथा पासाङ केन्द्रीय कारागार सुन्धारामा थुनामा रहेका छन्। त्यसैगरी टेवा र कान्छीमायालाई ७ वर्ष ६ महिना कैद र ३ लाख रुपियाँ जरीवाना फैसला भएकोमा निजहरुले सजाय भुक्तान गरिसकेका छन्। फरार रहेका लोकेन्द्रको हकमा काठमाडौं जिल्ला अदालतले २०६६ माघ २६ मा फैसला गर्दै उल्लेखित लागूऔषध मुद्दा मुल्तबीमा राख्ने निर्णय गरेको थियो। लोकेन्द्रलाई ब्युरोले सोमबार काठमाडौं जिल्ला अदालतमा पेस गरेकामा पुर्पक्षका लागि केन्द्रीय कारागार कार्यालय सुन्धारा काठमाडौंमा पठाइएको छ।

# ‘एसियन सभ्यता कमजोर हुँदा कोरियाली प्रायद्वीपमा द्वन्द्व’

**नेपाल समाचारपत्र**

काठमाडौं

एसियान सभ्यता संकटमा पर्दै गएको भन्दै विज्ञहरुले चिन्ता व्यक्त गरेका छन्। एसियन सभ्यताको मुख्य रूप ग्रिक सभ्यता भएको र मानव जीवनको विकाससँगै यस पद्धति पनि विकास हुने आएको उनीहरुले बताएका छन्।

सोमबार ‘धर्मसभा तथा पूर्वी अध्ययन केन्द्र’ले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा विभिन्न क्षेत्रका विशेषज्ञहरुले सो कुरा बताएका हुन्। डा. केबी रोकायले एसियन सभ्यता कमजोर भएकाले कोरियाली प्रायद्वीपमा युद्धको सम्भावना बढ्दै गएको बताए। युद्ध भएमा तेस्रो विश्वयुद्धलाई कसैले रोक्न नसक्ने उनको भनाइ छ।

कार्यक्रममा डा. सुरेन्द्र केसीले धार्मिक मान्छेहरुले राम्रो उपदेश दिन नसक्दा धर्म कमजोर बन्दै गएको बताए। हिन्दू धर्मावलम्बीको राज्य (हिन्दू राष्ट्र) कायम गर्नुपर्ने वकालत गर्दै आइरहेका राप्रपा अध्यक्ष कमल थापा धार्मिक मान्छे नभएको उनको भनाइ छ।

उनले आयल निगमका भ्रष्टचारी आरोपी महानिर्देशक गोपाल खड्कालाई जोगाउन भ्रष्टाचारका मुख्य जिम्मेवार पात्र दीपक बोहरालाई प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारमा मन्त्री बनाएर छानबिनको बाटोलाई समेत बन्द मन्त्री बनाएको आरोप लगाए।

# भन्सार छलीका सामान बरामद

काठमाडौं, (नेस)। काठमाडौं महानगरपालिका-१६ वसन्तनगरबाट ‘इजी वे इलेक्ट्रोनिक इन्टरप्राइजेज’को नाममा ट्याक्सी मिटर विक्री तथा मर्मत सेन्टरमा विक्री गर्ने सञ्चालक दोलखाको तामाकोसी गाउँपालिका-६ का धिरेन्द्र फुयाललाई भन्सार छली ल्याएका करिब २२ लाख ४० हजार मूल्य बराबरका विभिन्न सिरियल नम्बरका मिटरहरु २ सय २४ थानसहित केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको छ।

विगत केही समययता विदेशबाट कार्गोमार्फत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार छली ल्याएका ट्याक्सीमा जडान हुने मिटरहरु सो क्षेत्रमा खरीद विक्री हुने गरेको भन्ने विशेष सूचनाको आधारमा ब्युरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न फुयाललाई फेला पारी पक्राउ गरेको हो।

## भुल सुधार

**यही मिति २०७४ भदौ २१ गते नेपाल समाचारपत्रको पृष्ठ ११ मा प्रकाशित गोर्खा सेभिङको सूचनामा प्रकाशित मिति २१ गते हुनुपर्नेमा अन्यथा भएकाले भूल सुधार गरिएको छ।**

# नेपालमा बसेर ठगी गर्ने विदेशी पक्राउ

**नेपाल समाचारपत्र**

काठमाडौं

अस्ट्रेलिया पठाइदिन्छु भनी ठगी गर्ने कार्यमा संलग्न मलेसियन नागरिक ४३ वर्षीय रामादास बासकारादासलाई काठमाडौं महानगरपालिका-२६ ठमेलस्थित नर्सिङ चोकबाट महानगरीय अपराध महाशाखाको प्रहरीले पक्राउ गरेको छ।

विभिन्न विदेशी नागरिकहरुले नेपालमा आई एफपी एजुकेसन कन्सल्टेन्सी प्रालिका सञ्चालक चुन्टी लामालगायत ११ जना नेपाली विद्यार्थीलाई सेमिनार गरी आईएलटीएसबिना अस्ट्रेलिया अध्ययनका लागि पठाइदिन्छु भनी विभिन्न प्रलोभन देखाई पटकपटक गरी जम्मा १ करोड २५ लाख रुपियाँ ठगी गरेको सञ्चालक चुन्टीलगायत पीडित विद्यार्थीहरुले निवेदन दिएपछि प्रहरीले अनुसन्धान शुरू गरेको थियो।

रामादास, मलेसियाकै धर्मालिङ्म र अस्ट्रेलियाका रभिन्द्रसमेतका ३ जनाले चाबहिलस्थित मेडिसन होटल ट्रेनिङ सेन्टरमा कन्सलटेन्सी तथा विद्यार्थीलाई सहभागी गराएर सेमिनार आयोजना गरेका थिए। अस्ट्रेलियामा आफ्नै नाममा रहेको फ्युचर एकेडेमी कलेजमा अध्ययन गर्न नो आइएलटीएस, नो एज बार, नो एजुकेसन ग्याप भन्दै हप्तामा १ दिन कक्षा लिँदा हुने, हप्तामा ६ दिन अन्य काम गर्दा हुने, कामको पूरै ग्यारेन्टीजस्ता कुराहरु गरी विश्वासमा लिएर ठगी गरेको आधारमा उक्त कार्यमा संलग्नमध्ये रामादासलाई भदौ २१ गते नेपाल आएको अवस्थामा प्रहरीले पक्राउ गर्न सफल भएको हो।

## विदेश पठाउने नाममा ठगी

काठमाडौं, (नेस)

मानव बेचबिखन तथा ओसारपसारमा संलग्न काठमाडौं महानगरपालिका-२९ लैनचौर बस्ने सागर श्रीसलाई न्युरोडबाट महानगरीय अपराध महाशाखाको प्रहरीले पक्राउ गरेको छ।

सागरलगायतका व्यक्तिहरुले दक्षिण अफ्रिकामा वैदेशिक रोजगारीमा लगाइदिने प्रलोभन देखाएर रकमसमेत लिई अवैध मार्ग हुँदै दक्षिण अफ्रिका पुऱ्याई अलपत्र पारेको भन्दै पीडितले उक्त महाशाखामा निवेदन दिएपछि खटिएको प्रहरीले सागरलाई पक्राउ गरेको हो।

अभियुक्त सागर, हाल साउथ अफ्रिका बस्ने सन्तोष पौडेल र हाल भारतमा एजेन्टको काम गर्ने ऋृषि घिमिरेलगायतका व्यक्तिले साउथ अफ्रिकामा महिनामा कम्तीमा ६० हजार तलब र अन्य सुविधाको जागिर पाउने र तुरुन्तै काम हुन्छ भन्दै प्रलोभनमा पारी प्रतिव्यक्ति ६/६ लाखको दरले असुल गरी गत असार १५ गते भारतको दिल्ली, इथियोपिया, मोजाम्बिक, स्वाजिल्यान्ड हुँदै जंगलको बाटो साउथ अफ्रिकाको बोर्डरसम्म पुऱ्याई छाडेर हिँडेका थिए।


## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारीको सिलसिलामा रायसुझावको लागि जारी गरिएको सार्वजनिक सुचना

(प्रकाशित मिति : २०७४/५/२७)

**प्रस्तावकको नाम** : मिडिल मोदी हाइड्रोपावर लिमिटेड, चौधरी हाउस, सानेपा २, ललितपुर।
**प्रस्तावको नाम** : मिडिल मोदी जलविद्युत आयोजनाको १३२ के.भी. बिद्युत प्रसारण लाईन आयोजना।

पर्वत जिल्लाको मोदी गाँउपालिका वडा नं. २ (साबिक देउपुर गाविस) भएर बग्ने मोदी खोलामा मिडिल मोदी हाइड्रोपावर लिमिटेडद्वारा निर्माणाधिन मिडिल मोदी जलविद्युत आयोजनाबाट उत्पादन हुने बिद्युतलाई यसै आयोजनाको बिद्युतगृह/स्वीचयार्ड देखि सोही गाँउपालिकाको वडा नं. २ पातिचौरस्थित नेपाल बिद्युत प्राधिकरणको सबस्टेसनसम्म जोड्ने करिब ३ कि.मि. लामो मिडिल मोदी जलविद्युत आयोजनाको १३२ के.भी. बिद्युत प्रसारण लाईन आयोजना निर्माणको लागि प्रस्ताब गरिएको छ।

यस आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारीको क्रममा रहेको छ। आयोजना निर्माण गर्दा वातावरण तथा स्थानीयबासीहरूमा पर्नसक्ने प्रभाव एवं सो सम्बन्धमा कुनै रायसुझाव भए यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरि उपलब्ध गराई दिनुहुनको लागि वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) अनुसार यो सुचना प्रकाशित गरिएको छ। रायसुझावको प्रतिलिपी सम्बन्धित मन्त्रालयमा पनि पठाउन सकिनेछ।

**आयोजना कार्यान्वयनबाट प्रभाव पर्न सक्ने स्थानहरू**: पर्वत जिल्लाको मोदी गाँउपालिका वडा नं. २ (साबिक देउपुर गाविस)

**रायसुझाव पठाउने ठेगाना**:

**प्रस्तावक**
**मिडिल मोदी हाइड्रोपावर लिमिटेड**
चौधरी हाउस, सानेपा, ललितपुर, पोबनं १०७२ काठमाण्डौ
फोन नं. ०१ ५५२१९९४, ५५२५०४१
Email: mail@middlemodi.com.np

**परामर्शदातृ संस्था**
**इनर्जी रिसोर्सेज एण्ड सलुसन्स् प्रा.लि. (ERS Nepal)**
न्यू प्लाजा, पुतलीसडक, काठमाण्डौं।
इमेल : info@ersnepal.com


## सिनेमा कर्नर











## माउन्ट मकालु यातायात सेवा

**काठमाडौं-बिर्तामोड-ताप्लेजुङ**
**प्रस्थान दिउँसो २ बजे**
**केन्द्रीय कार्यालय, कलंकी**
**सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३**


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धननाश, विनाकाममा खर्च, मन चञ्चल, व्यर्थको दौडधुप।
**वृष** : अन्नलाभ, उपहार-कोसेली प्राप्ति, मिष्ठान्न भोजन, कार्य सफल।
**मिथुन** : धननाश, छिमेक-साथीभाइसँग विवाद, चोटपटक, रोगको भय।
**कर्कट** : विविध वस्तु वा सेवा प्राप्ति, आर्थिक लाभ, पारिवारिक सुख।
**सिंह** : सुख-सन्तोष, कार्य सफल, स्वास्थ्यलाभ, आनन्दको अनुभूति।
**कन्या** : राज्यबाट भय, प्रतिष्ठामा आघात, व्यापापारमा समस्या।
**तुला** : रोगव्याधिको भय, कष्ट, थालेको काममा बाधा, धन हानि।
**वृश्चिक** : धनलाभ, यश वृद्धि, वाहन लाभको सम्भावना।
**धनु** : आर्थिक लाभ, प्रतियोगिता-पढाइमा सफलता, शत्रु विजय।
**मकर** : शोक-सन्ताप, कार्य असफल, वायुजन्य रोगको भय।
**कुम्भ** : उदरजन्य रोगको सम्भावना, दिनचर्या अस्तव्यस्त, विवाद।
**मीन** : द्रव्यलाभ, पराक्रम, उन्नति-प्रगति, मान-सम्मान, सुख-सन्तोष।

# नेपाल

‘आफूहरुलाई विभिन्न प्रलोभन देखाएर कुवेत पठाइदिने, राम्रो काम लगाउने र पैसा पनि बढी कमाउन सकिने भन्दै गर्जमानले काठमाडौं लग्यो, तर काठमाडौं पुऱ्याएपछि आफूहरुलाई अत्यन्त अमानवीय व्यवहार गर्दै चावहिलको एउटा होटलको कोठामा १० दिनसम्म बन्धक बनाएर राख्यो’ -प्रमिलाले भनिन्।

### मानव बेचबिखन आरोपमा दुईविरुद्ध अनुसन्धान

## मुद्दा फिर्ता लिन पीडितलाई दबाब ७ लाख रुपियाँ दिने प्रलोभन

**गणेश घिमिरे, इलाम**

मानव बेचबिखन तथा ओसारपसारको आरोपमा पक्राउ परेका दुई जना इलाम र धरानका व्यक्तिलाई छुटाउन राजनैतिक दलका नेतादेखि जनप्रतिनिधिले पीडितलाई दबाब दिन थालेका छन्। इलाम फाकफोकथुम गाउँपालिकास्थित आम्चोकका दुई जना युवतीलाई कुवेत पठाउने प्रलोभन देखाएर काठमाडौं चावहिलको एउटा होटलमा १० दिन र इटहरीको एक घरमा २ दिनसम्म बन्धक बनाएर बेच्न खोज्ने इलाम फाकफोकथुम गाउँपालिकाका गर्जमान राई र सुनसरी इटहरीकी आशा गुरुङलाई प्रहरीले पक्राउ गरेको छ।

गत भदौ ३ गते पक्राउ परेका दुवै जनालाई अहिले जिल्ला प्रहरी कार्यालय इलामले अदालतबाट म्याद थप गरेर अनुसन्धान गरिरहेको छ। तर प्रहरीमा गर्जमान र आशाविरुद्ध मानव बेचबिखनसम्बन्धी मुद्दा दर्ता गराएकी पीडित युवतीहरू इलाम फाकफोकथुम गाउँपालिका-३ आमचोककी २२ वर्षीया मौसमी राई र १८ वर्षीया प्रमिला राईलाई अहिले पक्राउ परेकाका परिवारसहित स्थानीय नेकपा एमाले, नेकपा माओवादीका केही नेता तथा केही जनप्रतिनिधिले मुद्दा फिर्ता लिन दबाब दिन थालेको बताएका छन्।

पीडित युवतीका परिवारलाई समेत मुद्दा फिर्ता लिए ७ लाख रुपियाँ दिने प्रलोभन देखाएर दबाब दिइरहेको बताए। पीडित युवतीहरूले भने आफूहरू कुनै पनि हालतमा मुद्दा फिर्ता नलिने र दोषीलाई कडाभन्दा कडा कारबाही गर्न माग गरेका छन्।

‘आफूहरूलाई विभिन्न प्रलोभन देखाएर कुवेत पठाइदिने, राम्रो काम लगाउने र पैसा पनि बढी कमाउन सकिने भन्दै गर्जमानले काठमाडौं लग्यो, तर काठमाडौं पुऱ्याएपछि आफूहरूलाई अत्यन्त अमानवीय व्यवहार गर्दै चावहिलको एउटा होटलको कोठामा १० दिनसम्म बन्धक बनाएर राख्यो’, प्रमिलाले भनिन्- ‘यस्तोलाई कडाभन्दा कडा कारबाही हुनुपर्छ।’

घरबाट समेत कसैलाई नभनी गर्जमानको पछि लागी भागेर गएको आफूहरूलाई १० दिन होटलको कोठामा राखेर त्यसपछि इटहरी ल्याएको उनीहरूले सुनाए। इटहरीमा आशा गुरुङको घरमा राखेर हिँडेको गर्जमान त्यसपछि सम्पर्कमा नआएको एवं आशा गुरुङले मध्यरातमा अरूसँग फोनमा चाँडो टिकट मिलाइदिनुपऱ्यो, आफूलाई यहाँ धेरै समस्या भइसक्यो भन्दै फोन गरेको सुनेपछि आफूहरूलाई बेच्न लागेको भन्ने आशंका भएको पीडित मौसमी राईले बताइन्। त्यसपश्चात् आशा गुरुङ घरमा नभएको मौका छोपेर परिवारलाई फोन गरेर आफूहरूको उद्धार गर्न भनेपछि इटहरी प्रहरीले भदौ ३ गते उद्धार गरेको उनीहरूले सुनाए। सोही दिन नै घटनामा संलग्न भनिएका गर्जमान राई इलाम नगरपालिका र आशा गुरुङ इटहरीमा उनकै घरबाट पक्राउ परेका थिए।

गुरुङ र राई पक्राउ पर्नसाथ इलाम एकतप्पा घर बताउने मानबहादुर तामाङ भन्ने व्यक्तिले ज्यान मार्ने धम्कीसमेत दिएको उनीहरूले सुनाए। काठमाडौंमा मेनपावर रहेको बताउने तामाङ अहिले सम्पर्कविहीन रहेकाले खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय इलामका प्रहरी उपरीक्षक (एसपी) विपीन कर्मचार्यले यो मुद्दाको विषयमा कहींकतैबाट कसैले गर्जमान र आशाको केस मिलाउनुपऱ्यो भन्दै दबाब नआएको बताए। मानव बेचबिखन तथा ओसारपसारजस्तो घटना गम्भीर केस रहेको र यो मुद्दाको कानुनी प्रक्रिया अघि बढिरहेको कर्मचार्यको भनाइ छ। ‘फौजदारी र सरकारवादी मुद्दा प्रहरीमा दर्ता भएपछि मिलापत्र भन्ने कुरै हुँदैन’, कर्मचार्यले भने- ‘यस मुद्दाको फैसला अब अदालतबाटै हुन्छ।’ जिल्ला प्रहरी कार्यालय इलाममा अहिले यो मुद्दा मानव बेचबिखन तथा ओसारपसार उद्योगअन्तर्गत चलिरहेको छ।

## सुशासनको सिद्धान्तलाई लत्याएको भन्दै ११ दल सडकमा

**यमलाल भुसाल, बुटवल**



तिलोत्तमा नगर क्षेका ११ त्रवटा राजनैतिक दल तिलोत्तमा नगरपालिकाको विरोधमा सडकमा उत्रिएका छन्। उनीहरूले हालै सम्पन्न स्थानीय निर्वाचनपछि बनेको निर्वाचित जनप्रतिनिधिले स्थानीय निकायको सुशासनको सिद्धान्तलाई लत्याउँदै क्षेत्रीय, जातीय लैंगिकता, धार्मिक, भौगोलिकलगायतमा समावेशी मूल्यमान्यतालाई अस्वीकार गर्दै दलगत स्वार्थको परिधिभित्र रही एकलौटी शैलीमा मनपरि किसिमले काम अगाडि बढाएको भन्दै नगरपालिकाको विरोधमा उत्रिन परेको जनाएका छन्।

नेपाली कांग्रेस, माओवादी केन्द्र, राप्रपा, राष्ट्रिय जनमुक्ति पार्टी, नेकपा माले, जनमोर्चा नेपाल, संघीय समाजवादी फोरम, राष्ट्रिय जनमोर्चा, माओवादी विप्लव, नेकपा मार्क्सवादी र नयाँ शक्तिपार्टी नेपालले सोमबार संयुक्त रूपमा नगरपालिकाका मेयर वासुदेव घिमिरेलाई ज्ञापनपत्र बुझाई विभिन्न १० बुँदे असहमतिका विषयका बारेमा जानकारी गराएका छन्। ११ दलले माग गरेका मागमा नगरपालिकाले तत्काल सुनुवाइ नगरे कडा आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन्।

तिलोत्तमा नगरपालिकामा नेकपा एमालेले स्थानीय तहको निर्वाचनमा मेयर उपमेयरसहित बहुमतले विजयी हासिल गरेको छ।

उनीहरूले नगरको योजना तर्जुमा वार्षिक नीति तथा कार्यक्रम निर्माण गर्दा अन्यदललाई बेवास्ता गरी एकलौटी ढंगबाट बजेट तर्जुमा गरेको बजेट तथा कार्यक्रममा आम नगरबासीलाई सूचनाबाट वञ्चित गराएको, नगरका विभिन्न वडामा समिति उपसमिति गठन गर्दा राजनैतिक दलको अस्तित्व अस्वीकार गरी मनपरी रूपमा व्यक्ति चयन गरेको, प्रथम नगरसभामा नगर क्षेत्रका सांसद र राजनैतिक दललाई नबोलाई अपमान गरेको आरोप लगाएका छन्।

त्यसै गरी नेकपा एमालेबाहेकका राजनैतिक दलहरू, सामाजिक संघसंस्था, सामुदायिक वन उपभोक्ता समिति, विकासका साझेदार संस्थाहरू र गैरसरकारी संस्थाहरूको अस्तित्व अस्वीकार गरेको, लक्षित समुदायलाई खर्च गर्नुपर्ने बजेट आवश्यक रूपमा विनियोजन नगरेको, उपभोक्ता समिति गठनमा एमालेकरण गरेको आस्थाको आधारमा नगरपालिकाका कर्मचारीलाई दुर्व्यवहार तथा निष्काशन गर्ने गरेको, सरकारले नगरक्षेत्रमा निर्माण गर्ने गरी प्रस्तावित मेडिकल कलेजको जग्गा सर्वदलीय सहमतिमा २ सय बिगाहा जग्गा छुट्ट्याइएको भनिए पनि सो नगरिएको र नगर क्षेत्रमा बनाइएको छाडा चौपाय संरक्षणमा गौशाला सञ्चालनको दायित्व बहन नगरेको भन्दै ११ दलले नगरपालिकाको विरोधमा ज्ञापनपत्र बुझाएको नेपाली कांग्रेस तिलोत्तमा नगर सभापति हरिलाल पाण्डेले बताउनुभयो।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा करिब २ सय जनाको सहभागिता रहेको थियो। ज्ञापनपत्र बुझेपछि नगरप्रमुख वासुदेव घिमिरेले सञ्चारकर्मीमाझ साविकका ७ वटा गाउँपालिका मिलाएर बनाइएको नगरपालिकामा सबै दलको भावनाको कदर गरी काम गरिने बताउँदै प्रथम नगरसभामा भएका कमजोरीलाई आगामी दिनमा दोहोरिन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## पर्सामा निर्वाचन आचारसंहिताको व्यापक उल्लंघन

**कृष्णउदास खनाल, वीरगन्ज**

पर्सा जिल्लामा निर्वाचन आचारसंहिता उल्लंघन भएको पाइएको छ।

जिल्लामा खटिनुभएका दुई जना निर्वाचन अधिकारीहरूले सोमबार एक अपिल सार्वजनिक गर्दै जिल्लाको वीरगन्ज महानगरपालिकासहित पोखरिया नगरपालिकालगायतका क्षेत्रमा आचारसंहिता उल्लंघन भएको हुँदा सचेत रहन राजनीतिक दलहरूलाई आग्रह गर्नुभएको हो।

निर्वाचन अचारसंहिता टोलीका प्रमुख खेमराज ज्ञवाली र लोकराज पराजुलीले आज एक अपिल सार्वजनिक गर्दै आचारसंहिता उल्लंघनमा ठूला दलसहित मधेसवादी दल पनि देखिएको भन्दै आचारसंहिता पालनामा ध्यान दिन दललाई आग्रह गर्नुभएको हो।

खास गरी दलहरूले डीजे, लाउडस्पिकर र माइकसमेतका साउन्डसिस्टम प्रयोग गरी निर्वाचन प्रचारप्रसार गर्ने गरेको पाइएको र आचारसंहिता उल्लंघन गर्ने १५ वटा सवारीसाधन नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि सुरक्षाकर्मीको जिम्मा लगाइएको र अनुगमनकै क्रममा विभिन्न राजनीतिक दलको झन्डा र निर्वाचन चिह्नसमेत अंकित टी-सर्ट, टोपी, गम्छासमेत लगाइ हिँडेका करिब २३ जना बालबालिका र करिब १२० जना व्यक्तिलाई समेत निर्वाचन आचारसंहिताका बारेमा सचेत गराइएको निर्वाचन अनुगमन टोलीका प्रमुख खेमराज ज्ञवालीले जानकारी दिनुभयो।

पर्सा जिल्लाको निर्वाचन अनुगमनका लागि ज्ञवाली र पराजुलीको नेतृत्वमा टोली परिचालन भएको प्रमुख निर्वाचन अधिकृत होमनाथ पराजुलीले जानकारी दिनुभयो।

निर्वाचन आचारसंहिता उल्लंघन गर्नेमा मुख्य राजनीतिक दलहरू नेपाली कांग्रेस, माओवादी केन्द्र र संघीय समाजवादी फोरमलगायत दलहरू रहेका कारण निर्वाचन आचारसंहिताको विषयमा ख्याल राख्न पनि उम्मेदवारहरूलाई सचेत गराइएको प्रमुख निर्वाचन अधिकृत पराजुलीले जानकारी दिनुभयो।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**आकर्षक घर घडेरी बिक्रीमा**

पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर २६ मा ६ आना क्षेत्रफलमा बनेको गार्डेन पाकिङ सहितको साडे १ तले घर र सोहि महानगरपालिकाको १७ नम्बर आँखा अस्पताल नजिकै दुई तले ५ वटा सटर भयको मासिक ५० हजारसम्म भाडामा दिन सकिने घर सथै आकर्षक घडेरीहरु बिकीमा रहेका छन।

**सम्पर्क** :
९८०५८४९७७७,९८०५८०८४१३

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि-गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● धुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७४ भदौ मंगलबार २७

३ हजार किलोवाट विद्युत् सप्लाइ गर्ने ३ एमपीए क्षमताको एक ट्रान्सफर्मर तथा ५ वटा नयाँ फेडरहरू दिपायलमा ल्याइएको डोटी साना जलविद्युत् कार्यालय दिपायलका निमित्त प्रमुख पदमराज भट्टले बताउनुभयो।

# नेपाल

## सदरमुकामको फोहोर व्यवस्थापनमा समस्या

बैतडी, (नेस)

बैतडी सदरमुकाम गोठलापानीमा फोहोर व्यवस्थापन नहुँदा समस्या भएको छ। डम्पिङसाइडको अभावमा सदरमुकामको फोहोर सडकको छेउमा थुपार्न थालेको वर्षौं भए पनि व्यवस्थापन गर्न सकिएको छैन। सदरमुकामनजिकै दशरथचन्द राजमार्ग सडकको छेउमा फोहोर फाल्दा विभिन्न समस्या खेप्नुपरिरहेको व्यापारीहरूले बताएका छन्।

डम्पिङसाइडका लागि जमिन नपाइएकाले सडक छेउमै फोहोर फाल्नुपरिरहेको नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख विनोदबहादुर चन्दले बताउनुभयो। डम्पिङसाइडका लागि जमिनको खोजी गरिरहेको भए पनि अहिलेसम्म पाउन सकेको छैन। उहाँले भन्नुभयो- 'नगरपालिकासँग त्यस्तो जमिन नभएकाले फोहोर व्यवस्थापनमा चुनौती थपिएको छ।'

अहिले पनि नगरपालिकाले फोहोर व्यवस्थापनका लागि पहल गरिरहेको नगरप्रमुख नरेन्द्रसिंह थापाले बताउनुभयो। सदरमुकाम क्षेत्रको फोहोर व्यवस्थापन नहुँदा सदरमुकाममा धेरै समस्या भएको बैतडी उद्योग वाणिज्य संघका उपाध्यक्ष खिमानन्द भट्टले बताउनुभयो।

सडकछेउमै फोहोर हुँदा नाक थुनेर हिँड्नुपर्ने बाध्यता रही आएको उहाँले बताउनुभयो। प्रथम नगरसभाले फोहोर व्यवस्थापनलाई मुख्य प्राथमिकतामा राखेको बताउँदै चाँडै फोहोर व्यवस्थापन गरिने नगरप्रमुख थापाले बताउनुभयो। नगरपालिकामा फोहोर व्यवस्थापनको मुख्य चुनौती छ। उहाँले भन्नुभयो- 'एक दुई ठाउँमा डम्पिङसाइडका लागि जमिन हेरेका छौं।'

सदरमुकामनजिकै राजमार्गछेउमा फोहोर फालेको हुनाले स्वास्थ्यमा पनि असर पर्ने गरेको छ। फोहोर व्यवस्थापन नहुँदा सदरमुकाममा पैदल आवतजावत गर्ने सर्वसाधारण बढी समस्यामा पर्ने गरेका छन्। सडकछेउमै थुपारिएको उक्त फोहोरको व्यवस्थापन हुन जरुरी रहेको छ।

## डोटीमा आयो ट्रान्सफर्मर आन्तरिक लोडसेडिङ अन्त्य हुने

विमल विष्ट, डोटी

डोटीको दिपायलमा रहेको विद्युत् सबस्टेसनमा नयाँ फेडर तथा ट्रान्सफर्मर आइपुगेको छ। नयाँ फेडर तथा ट्रान्सफर्मर आएसँगै यहाँको आन्तरिक लोडसेडिङ अन्त्य हुने डोटी साना जलविद्युत् कार्यालय दिपायलले जनाएको छ।



३ हजार किलोवाट विद्युत् सप्लाइ गर्ने ३ एमपीए क्षमताको एक ट्रान्सफर्मर तथा ५ वटा नयाँ फेडरहरू दिपायलमा ल्याइएको डोटी साना जलविद्युत् कार्यालय दिपायलका निमित्त प्रमुख पदमराज भट्टले बताउनुभयो। उहाँले भन्नुभयो- 'ट्रान्सफर्मर तथा नयाँ फेडरहरू आएका छन्, जडान हुने काम भइरहेको छ, चाँडै नै यहाँको आन्तरिक लोडसेडिङ अन्त्य हुनेछ।'

विद्युत्मा भएको भोल्टेज घटबढका कारण गएको वर्ष कात्तिक २५ गते दिपायल पिपल्लास्थित ११ सय केभीए विद्युत् सप्लाइ गर्ने विद्युत् सबस्टेसनमा आगलागी भई ट्रान्सफर्मर तथा फेडर जलेका कारण यहाँका २ जिल्ला डोटी र अछाममा दैनिक आन्तरिक लोडसेडिङ हुँदै आएको थियो। विद्युत्मा भएको आगलागीले उपकरणहरू जल्दा पुरानो कञ्चनपुरबाट ल्याइएको १५ सय केभीएको ट्रान्सफर्मरले २ जिल्लाको विद्युत् धान्नुपर्ने अवस्था रहेको बताउँदै निमित्त प्रमुख भट्टले भन्नुभयो- 'एक वर्ष जति दुःख भयो, अब ठूलो क्षमताको ट्रान्सफर्मर र नयाँ फेडरहरू आएका छन्, अब केही दिनमै यहाँका दुई जिल्लामा चौबीसै घन्टा बिजुली हुनेछ।' डोटीमा नयाँ फेडरहरू तथा ट्रान्सफर्मर आएपछि लामो समयदेखि आन्तरिक लोडसेडिङको मार खेप्दै आएका यहाँका स्थानीयबासी तथा उद्योगपतिहरू निकै खुसी भएका छन्।

अन्तरिक लोडसेडिङको मारले यहाँका कतिपय उद्योग कलकारखाना करिब-करिब बन्द हुने अवस्थामा पुगेका थिए। दिपायलमा ल्याइएको ट्रान्सफर्मर दाङको लमही विद्युत् सबस्टेसनमा नयाँ अपग्रेड गरी त्यहाँ रहेको पुरानो ट्रान्सफर्मर हो भने फेडरहरू भने नयाँ भएको बताइएको छ।

दिपायलमा फेडर तथा ट्रान्सफर्मर आएसँगै विभिन्न पार्टीका नेताहरूले आफूहरूको पहलमा आएको दाबी गर्दै सामाजिक सञ्जालमा राख्न थालेपछि विद्युत्स्थित एक जना कर्मचारीले कुनै पनि दलका नेताको पहलमा फेडर तथा ट्रान्सफर्मर नआएको बताउनुभयो। उहाँले भन्नुभयो- 'बाहिर जसले जे भने पनि हुन्छ, क्षेत्रीय विद्युत् कार्यालयको निर्देशन तथा दिपायल विद्युत् कार्यालयका पूर्वप्रमुख ललितनारायण चौधरीको विशेष पहलमा फेडर तथा ट्रान्सफर्मर आएको हो, जनता ठग्ने काम नगरौं।'

## रुकुममा बालश्रमिकको संख्या घट्दै

रुकुम, (नेस)

रुकुममा विगतको वर्षमा भन्दा यस वर्ष बालश्रमिकको संख्या घटेको छ। जिल्ला सदरमुकाम मुसिकोटका विभिन्न होटल, पसल तथा उद्योगमा सोमबार गरिएको एक अनुगमनका आधारमा गत वर्षको तुलनामा यो वर्ष बालश्रमिकको संख्या कम रहेको छ।

बालश्रम न्यूनीकरणसम्बन्धी जिल्ला बालकल्याण समितिको अगुवाइमा सदरमुकाम मुसिकोटको खलंगाबजार, पातुखोला र बागबजारमा गरिएको अनुगमनका क्रममा बालश्रमिकको संख्या कम रहेको पाइएको छ। झन्डै २५ भन्दा बढी होटल, पसल तथा उद्योगमा गरिएको अनुगमनमा १६ वर्षमुनिका ४ जना बालश्रमिक भेटिएका छन्। गएको वर्ष रुकुममा २७ जना बालबालिका बालश्रमिकका रूपमा काम गरिरहेको अवस्थामा भेटिएका थिए। तर, यो वर्ष भने रुकुममा बालश्रमिकको संख्या कम हुँदै गएको र अझै ठोस तथ्यांक निकाल्न बाँकी रहेको बालअधिकार अधिकृत मानवीर ओलीले बताउनुभयो।

अनुगमनका क्रममा विभिन्न होटेल, पसल तथा उद्योगमा काम गरिरहेका बालबालिकालाई अबदेखि बालश्रमिकको रूपमा प्रयोग नगर्न पनि व्यवसायीहरूलाई आग्रह गरिएको छ। यदि उक्त आग्रहलाई अटेर गरेको अवस्थामा कानुनअनुसारको दन्ड जरिवानासमेत लाग्न सक्ने जानकारी गराइएको छ।

**Sealed Bid Notice**

Sealed bids are hereby invited from registered printing press for printing, supply and delivery of HOARDING BOARD, POSTER AND STICKER for ERO programme. Sealed bids document with detail specification of printing job can be obtained against payment of NRs. 1000.00 (non-refundable) from NRCS, Procurement Management Section during office hours. Sealed bids should be submitted on or before 26 September, 2017 along with sample of paper during office hours.

**Nepal Red Cross Society**
National Headquarters
Kalimati, Kathmandu

## दुई मिनेट

### यात्रु सहायता कक्ष सञ्चालनमा

बैतडी, (नेस)

चाडपर्वलाई लक्षित गरेर जिल्ला ट्राफिक प्रहरी कार्यालय बैतडीले सदरमुकाम गोठलापानीमा यात्रु सहायता कक्ष सञ्चालन गरिएको छ। दशैं तथा तिहारका लागि भारतबाट घर फर्किने नागरिकलाई पर्न सक्ने समस्यालाई हल गर्न तथा सवारी व्यवस्थालाई चुस्तदुरुस्त बनाउन यात्रु सहायता कक्ष सञ्चालन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बैतडीका इन्चार्ज आकाश रावलले बताउनुभयो। यसका साथै ट्राफिक नियम उल्लंघन गर्नेलाई कारबाहीको दायरामा ल्याउने समेत जिल्ला ट्राफिक प्रहरी इन्चार्ज रावलले बताउनुभयो।

### क्षेत्र विभाजनमा सत्ता पक्षको स्वार्थ

ताप्लेजुङ, (नेस)

नेकपा एमालेका सचिव योगेश भट्टराईले निर्वाचन क्षेत्र निर्धारण आयोगले सत्तारूढ दलको प्रभावमा परी प्रतिनिधिसभा र प्रदेशसभाको क्षेत्र विभाजन गरेकाले विभिन्न जिल्लामा असन्तुष्टि देखा परेको बताउनुभएको छ। प्रेस चौतारी ताप्लेजुङले सोमबार बिहान गरेको पत्रकार सम्मेलनमा बोल्दै पहाडमा एक सिट बनाउने र तराईमा बढी सिट बनाउने षड्यन्त्र सरकारपक्षीय पार्टीको दबाब र प्रभावले भएको दाबी गर्नुभयो।

### मृतक परिवारलाई आर्थिक सहयोग

हेटौंडा, (नेस)

भदौ ८ गते तीजका दिन मनहरी खोलामा डुबेर मृत्यु भएका ३ बालकको परिवार भेट्न मनहरी गाउँपालिकाका जनप्रतिनिधि घरमै पुगेर सहयोग गरेका छन्। गाउँपालिकाका अध्यक्ष एकराज उप्रेती, उपाध्यक्ष मनिला विष्ट, कार्यकारी अधिकृत किसान न्यौपाने र वडा अध्यक्ष ठाकुरराम तितुङसहितले मृतकका आफन्तको घरमा पुगेर उनीहरूले मृतक बालकका अभिभावकलाई सान्त्वना दिए।

### छात्रालाई कापी कलम वितरण

हुम्ला, (नेस)

हुम्लाको सदरमुकाम सिमकोटमा रहेको महिला फिडर छात्रावासका छात्रालाई सिद्धार्थ इन्सुरेन्स लिमिटेड काठमाडौंले कापीकलम सहयोग गरेको छ। आइतबार बिहान एक औपचारिक कार्यक्रममा छात्राहरूलाई जिल्ला शिक्षा कार्यालय हुम्लाका शिक्षा अधिकारी मदनकुमार थापाले कापी, कलम, ज्यामिती बक्सलगायतका सामग्री वितरण गरेका छन्। आर्थिक अभाव भएर पढाइमा समस्या भएका छात्राहरूलाई सिद्धार्थ इन्सुरेन्स लिमिटेड काठमाडौंले दुर्गम हिमाली जिल्ला हुम्लाको सदरमुकाम सिमकोटमा रहेको महिला फिडर छात्राका छात्राहरूलाई स्टेसनरी सहयोग गरेको छ।

### अशक्तलाई उपभोग्य सामग्री वितरण

फिदिम, (नेस)

तेह्रथुम चम्फुला घर भई पाँचथरको हिलिहाङ-७ भारपामा बस्दै आएका एक असक्त वृद्धलाई जनसेवा समाज पाँचथरको सहयोगमा दैनिक उपभोग्य सामग्री वितरण गरिएको छ। जनसेवा समाजको पहलमा उनकै घरमा गएर सहयोगी दाता हिमशिखर गुल्मका गुल्मपति लोकेन्द्र भट्टले १ बोरा चामल, तेल, नुन, चिनी, तरकारी, डस्नालगायतका सामग्री वितरण गरिएको समाजका अध्यक्ष राजेन्द्र अधिकारीले जानकारी दिनुभयो।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
सिन्धुली अस्पताल सिन्धुली

**सिलबन्दी बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७४/०५/२७

यस सिन्धुली अस्पताल, सिन्धुलीमा नयाँ सहुलियत दरको फार्मेशी संचालनका लागि आ.व. २०७४/०७५ मा उल्लेखित औषधी, सर्जिकल/मेडिकल सामानहरु खरिद गर्न सिलबन्दी बोलपत्र आह्वान भएकोले इच्छुक आयकर तथा मु.अ.करमा दर्ता भएका Manufacturing Company वा आयात कर्ता वा थोक विक्रेताबाट तोकिएको अवधिभित्र निम्न शर्तहरुको अधिनमा रहने गरी रितपूर्वक प्रस्ताव पेश गर्न यो बोलपत्र आह्वान गरिन्छ।

१. बोलपत्र फारमहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको ३० दिन भित्र, निवेदनको साथ तपसिलमा उल्लेख गरेको शुल्क (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल रसिद तथा आफुले प्राप्त गरेको आयकर, मु.अ.कर तथा फर्म दर्ता (नविकरण भएको) लगायतका प्रमाण पत्र तथा कागजातहरु संलग्न राखी बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले यस अस्पतालको लेखा शाखाबाट प्राप्त गर्न सकिनेछ।
२. तोकिएको धरौटी रकम ने.रा.बैंक, सिन्धुलीमा रहेको, को.ले.नि.का.,सिन्धुलीको धरौटी हिसाब नं. १०६०२०३०००००० र कार्यालय कोड नं. २०-३७०-०२ मा दाखिला गरिएको दोश्रो प्रति सक्कल बैंक भौचर वा ७५ दिन म्याद भएको (क) श्रेणीको मान्यता प्राप्त बैंकको विडवण्ड बोलपत्र साथ पेश गर्नुपर्नेछ र विडवण्डको म्याद गणना गर्दा बोलपत्र खसाल्ने मिति देखि क्रमशः ७५ दिन सम्म हुनु पर्नेछ।
३. अलग अलग बोलपत्रको लागि अलग अलग सक्कल बैंक भौचर वा विडवण्ड संलग्न गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएमा कबोल अंकको ५५ ले हुने धरौटी रकम उक्त खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा २०७५ साल असोज मसान्तसम्म मान्य हुने पर्फमेन्स बण्ड पेश गर्नुपर्नेछ।
४. बोलपत्र फारम आफूले सप्लाई गर्ने सामानको उल्लेखित इकाईको मुल्य अभिवृद्धि कर बाहेकको दर अंक र अक्षरमा लेख्नु पर्नेछ। यसरी अंक र अक्षरमा प्रष्टसँग केरमेट नगरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेको खण्डमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
५. कुनै खास फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नाममा दर्ता गराउन पाइने छैन।
६. बोलपत्र यस अस्पताल, सिन्धुलीमा दर्ता गराउनु पर्नेछ।
७. बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
८. बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरिनेछ।
९. औषधीको हकमा :
   क) W.H.O.G.M.P Certified Company का औषधी मात्र आपूर्ति गर्नु पर्नेछ।
   ख) Drug Department Administration (D.D.A.) मा रजिष्टर्ड गरिएको औषधीमा आपूर्ति गर्नु पर्नेछ।
१०. रितपूर्वक पर्न नआएका म्याद नाघी पर्न आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
११. कारण जनाई वा नजनाई बोलपत्र रद्द गर्ने वा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहीत रहनेछ।
१२. बोलपत्र आइटम वाइज स्वीकृत गरिनेछ।
१३. थोक मुल्य भन्दा बढी मुल्य स्वीकार्य गरिने छैन।
१४. आपूर्तिकर्ताको तर्फबाट राखिएको कुनै पनि शर्त मान्य हुने छैन। टिपेक्स लगाएको बोलपत्र मान्य हुने छैन।
१५. बजेट भुक्तानी बिलिङ्ग भएपछि बिलको आधारमा १(एक) महिना पछि मात्र गरिनेछ।
१६. बोलपत्र २०७५ असार मसान्त सम्म कायम रहनेछ।
१७. औषधीको Expiry Date औषधी बुझाएको मिति देखि कम्तीमा १ वर्ष ६ महिना वा ८०५ Expiry Date बाँकि हुनु पर्नेछ।
१८. औषधी, सर्जिकल/मेडिकल सामानहरु अस्पतालको स्टोर सम्म पुऱ्याउने जिम्मेवारी ठेकेदारको हुनेछ।
१९. बोलपत्रमा उल्लेखित सामान एकै पटक वा पटक पटक लिइनेछ। चाहिएको बेलामा चाहिएको परिमाण मात्र माँग गरिनेछ। औषधी लगायतका सामानहरु आवश्यकता अनुसार मात्र खरिद गरिने छ। आ.व.२०७४/०७५ सम्म मुल्य वृद्धि दिइने छैन।
२०. औषधी, सर्जिकल/मेडिकल सामानहरु बोलपत्र स्वीकृत भएपछि ठेकेदारले अस्पतालको खरिद आदेश अनुसार औषधी, सर्जिकल/मेडिकल सामानहरुको आपूर्ति ७ दिन भित्र गर्नु पर्नेछ।
२१. बोलपत्र खाम बाहिर तथा शिर्षक उल्लेख गर्नु पर्नेछ।
२२. औषधी आपूर्ति गर्दा स्ट्रिपस वा बोत्तलमा गर्नु पर्नेछ।
२३. बोलपत्रमा उल्लेखित औषधी लगायतका सामानहरुको सेम्पल (नमूना) बोलपत्र दर्ता गर्ने समयमा छुट्टै प्याक गरि दिनु पर्नेछ र आफूले कबुल गरेको औषधी लगायत सामानहरुको नमूना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
२४. स्याम्पलको साथमा प्रत्येक औषधी, सर्जिकल/मेडिकल सामानहरुको नाम, कम्पनि तथा ब्याच नं.उल्लेख गरेको विवरण समेत पेश गर्नुपर्नेछ।
२५. बोलपत्र खोल्नु भन्दा अगाडी सेम्पल (नमूना) परिक्षण यस अस्पतालका Technical Committee ले गर्नेछ। नमूना परिक्षणमा पास भएका बोलपत्रदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ।
२६. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ।
२७. यस सम्बन्धमा केहि बुझ्नु परेमा यस अस्पतालको लेखा/प्रशासन शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ।
२८. औषधिको गुणस्तरमा शंका लागेमा सो को जाँच औषधी व्यवस्था विभागको ल्याबमा गरिनेछ र सो मा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित बोलपत्र दाताले व्यहोर्नु पर्नेछ।
२९. माथिको प्रकरणमा जुनसुकै कुरा लेखेको भए तापनि माथि लेखिएको अवस्था बाहेकका विशेष परिस्थिति आईपरेमा यस अस्पतालले गरेको निर्णय अन्तिम हुनेछ।

**तपशिल**

| क्र.सं. | कार्य विवरण | ल.इस्टिमेट अंक मु.अ.कर बाहेक | धरौटी रकम | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १. | औषधी खरिद | ३०,००,०००/- | २.५५ | १,०००/- | सूचना प्रकाशित मितिले ३० औं दिनको कार्यालय समय भित्र | सूचना प्रकाशित मितिले ३१ औं दिनको १२ बजेसम्म |


मु.नं. ०७२-pc-३२७८
अ.नं. ४८४५/०७३

**काठमाडौं जिल्ला अदालतबाट जारी भएको मोहम्मद नइमको पत्नी एक कमाल शाहको छोरी काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३३ बस्ने वर्ष ४७ की रूमी वानुको नाउँको ३५ (पैंतीस) दिने पुनरावेदन म्याद**

उपरोक्त सम्बन्धमा वादी रूमी वानु प्रतिवादी चित्रमाया श्रेष्ठ समेत भएको कर काप मुद्दा यस अदालतबाट मिति २०७३।०८।१२ गते वादी दावी नपुग्ने ठहरी फैसला भएकोमा तपाईंको नाउँमा जारी भएको पुनरावेदनको म्याद मिति २०७३।१०।२४ गते बेपत्ते तामेल भई यस अदालतको मिति २०७४।०५।२३ का आदेशले जिल्ला अदालत नियमावली २०५२ को नियम २२ (क) नं. बमोजिम तपाईंको नाउँमा यो म्याद प्रकाशित गरी पठाइएको छ। अतः यस अदालतको मिति २०७३।०८।१२ को फैसला उपर चित्त नबुझे यो म्याद प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैंतीस) दिनभित्र श्री उच्च अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानुहोला। अन्यथा म्याद गुजारी बसेमा कानुन बमोजिम हुनेछ। पछि तपाईंको उजुरबाजुर लाग्ने छैन।

इति सम्वत् २०७४ साल भाद्र महिना २५ गते रोत १ शुभम्..........

**हार्दिक श्रद्धाञ्जली**



जन्म : १९९३/५/२२
(नजर माया महर्जन)
स्वर्गारोहण : २०७४/५/१५

यस डि.एल.ए ललितपुरका सल्लाहकार अधिवक्ता मधुर महर्जनका आमा **नजरमाया महर्जन** को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

| | |
|---|---|
| अधिवक्ता गणेश कुमार सिल्वाल | अधिवक्ता विमल ज्ञवाली |
| अधिवक्ता रामकृष्ण चित्रकार | अधिवक्ता राजेश महर्जन |
| अधिवक्ता प्रविण नापिक | अधिवक्ता गोपी शर्मा सुवेदी |
| अधिवक्ता सुमन प्रसाद घिमिरे | वरिष्ठ अधिवक्ता यदुनाथ खनाल |
| अधिवक्ता लक्ष्मण थापा | वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरे |
| अधिवक्ता रश्मि प्रसाद पाखरेल | अधिवक्ता प्रमोद कुमार राय |
| अधिवक्ता प्रेम कुमार अधिकारी | अधिवक्ता माइलाकाजी महर्जन |

तथा डि.एल.ए ललितपुर

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मिति: १९८७/०५/२५
स्वर्गारोहण: २०७४/०५/१५
स्व. गणेश कुमारी भुजु

यस कम्पनीका सदस्य **श्री रश्मी भुजु**की ममतामयी माता **गणेश कुमारी भुजु**को २०७४ साल भाद्र १५ गते बिहीबारका दिन असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण समवेदना प्रकट गर्दछौं।

"स्वास्थ्य तपाईको सेवा हाम्रो"
नेशनल बाथरोग सेन्टर
National Center for Rheumatic Diseases (NCRD)
Main Center : Ratopul, Kathmandu, Tel. : 01 - 4464288, 4478388
E-mail: info@ncrd.com.np, website: www.ncrd.com.np

# विश्व

2017, SEP
Tuesday
12

## प्रभाव

फ्लोरिडाको मायामी चिडियाखानामा इरमा आँधी आउने थाहा पाएपछि उनीहरूका लागि बनाइएको सुरक्षित आश्रयस्थलतर्फ जाँदै गरेका सारस। सँगैको तस्वीरमा आश्रयका लागि होटलको झ्यालमा बस्न आएको सुगा।



## दुईटाउके

जेनेभाको म्युजियम अफ नेचुरल हिस्ट्रीमा दुई टाउको भएको कछुवा जैनस। जैनसको २०औं जन्मदिनमा यो तस्वीर लिएको हो।



विश्व २ मिनेट

**भारत**

### बच्चाको निधन

मुम्बई, (एजेन्सी)

बलात्कृत भएकी १३ वर्षीया एक बालिकाबाट जन्मेको बच्चा दुई दिनपछि नै मुम्बईको एक अस्पतालमा मृत्यु भएको जनाइएको छ। सर्वोच्च अदालतले ती बालिकालाई गर्भपात गर्न अनुमति दिएको थियो। उक्त केटी ३२ हप्ताको गर्भ रहेको र शुक्रबार छोरालाई जन्म दिएको अस्पतालले जनाएको छ। बच्चाको जन्म शल्यक्रियाबाट भएको थियो। उनको बच्चाको मृत्यु आइतबार भएको थियो। पीडित बालिका उनकै पिताका एक सहकर्मीबाट बलात्कार भएको र उनलाई गिरफ्तार गरिसकेको जनाइएको छ। भारतमा गर्भपतनको कानुनले २० हप्ताभन्दा धेरै समयको गर्भलाई आमाको ज्यान खतरा भएमा मात्र गर्भपतन गर्न दिइन्छ।

**जापान**

### उत्तर कोरियाको चेतावनी

टोकियो, (एजेन्सी)

उत्तर कोरियाले वासिङ्टनले समर्थन गरेको प्योङयाङविरुद्धको अहिलेसम्मकै सबैभन्दा कठोर प्रतिबन्ध राष्ट्रसंघको सुरक्षा परिषद्बाट यो हप्ता पारित भएमा त्यसको ठूलो मूल्य चुकाउनुपर्ने अमेरिकालाई चेतावनी दिएको छ। उत्तर कोरियाको विदेश मन्त्रालयले जारी गरेको एक विज्ञप्तिमा अमेरिकालाई नियालिरहेको उल्लेख गर्दै उसको आफ्नै कदमको जवाफ दिन 'इच्छुक र तयार' रहेको चेतावनी दिइएको छ। गत मंगलबार सबै तेल तथा प्राकृतिक ग्यास उत्तर कोरियालाई निर्यात गर्न प्रतिबन्ध लगाउनेलगायतका अहिलेसम्मकै सबैभन्दा कडा प्रतिबन्ध प्रस्तावको मस्यौदा जारी गरेको थियो।

**अस्ट्रेलिया**

### तस्वीर विवाद

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाका प्रधानमन्त्री माल्कोम टर्नवुलको आफ्नो नातिसँगको हातमा बियर लिँदै गरेको तस्वीरबारे व्यापक टीकाटिप्पणी हुन थालेपछि अस्ट्रेलियालीहरूले उनको साथ दिन थालेका छन्। गत शनिबार टर्नवुल आफैंले सिड्नीको अस्ट्रेलियन रुल्स फुटबल फाइनल खेल हेर्ने क्रममा खिचिएको सो तस्वीर सार्वजनिक गरेका छन्। 'मल्टिटास्किङ एट दि फुटी' क्याप्सन दिएर उनले आफ्नो फेसबुकमा सो तस्वीर राखेका थिए। टर्नवुलले हातमा बियर बोकेकै कारण विवाद शुरू भएको हो। टर्नवुलले यस विषयलाई सामाजिक सञ्जालमा अनावश्यक विवाद बनाइएको गुनासो सञ्चारमाध्यम समक्ष गरेका छन्।

**अमेरिका**

### गोली हानी हत्या

डल्लास, (एजेन्सी)

अमेरिकाको टेक्सासको डल्लासस्थित एउटा घरमा एक जना बन्दुकधारीले सात जना व्यक्तिको गोली हानी हत्या गरेपछि उनलाई प्रहरीले गोली प्रहार गरी हत्या गरेको सुरक्षा सूत्रले जनाएको छ। आइतबार राति घटेको यस घटनामा घाइते भएका अन्य दुई जना व्यक्तिको अस्पतालमा उपचार भइरहेको छ। प्रहरी प्रवक्ता डेविड टिल्लीले दुईपक्षीय गोली हानाहानका क्रममा आक्रमणकारीको ज्यान गएको तर उनलाई गोली हान्ने प्रहरी अधिकृतलाई कुनै चोटपटक नलागेको बताएका छन्।

# रोहिंग्या मुसलमानविरुद्ध 'जातीय सफाया' भइरहेको छ : राष्ट्रसंघ

यांगुन (एजेन्सी)

संयुक्त राष्ट्र मानवअधिकार संस्थाका प्रमुखले म्यान्मारमा रोहिंग्या मुसलमानलाई निसाना बनाई भइरहेको सुरक्षा कारबाही 'जातीय नरसंहार' को एउटा सटिक उदाहरण भएको बताएका छन्।

संस्थाका प्रमुख जइद राद अल हुसैनले म्यान्मारको रखाइन प्रान्तमा 'क्रूर सैन्य कारबाही' अन्त्य गर्नका अपिल गरेको छ। गत महिना शुरू भएको हिंसापछि बंगलादेशबाट ३ लाखभन्दा धेरै रोहिंग्या मुसलमान पलायन भइसकेको उनले बताए।

म्यान्मारको सेनाले उसको कारबाही रोहिंग्या कट्टरपन्थीविरुद्ध भएको बताएको छ। हाल भइरहेको सुरक्षा कारबाहीमा सर्वसाधारणलाई कुनै प्रकारले निशाना बनाइएको आरोपलाई पनि सेनाले अस्वीकार गरेको छ।

गत अगस्ट २५ मा रखाइनको उत्तरी इलाकामा रोहिंग्या कट्टरपन्थीले प्रहरी चौकीलाई निशाना बनाइएको थियो। उक्त आक्रमणमा १२ सुरक्षाकर्मी मारिएका थिए। उक्त घटनापछि नै त्यहाँ हिंसा भड्केको र रोहिंग्या मुसलमान



बंगलादेशतर्फ पलायन हुन बाध्य भएका थिए।

रोहिंग्या शरणार्थीले म्यान्मारकी सेना रखाइनमा उनीहरूविरुद्ध बर्बर अभियान चलाइरहेको, गाउँमा आगजनी गरेको, उनीहरूलाई त्यहाँबाट धपाउनका लागि आम नागरिकमाथि हमला गरिरहेको बताएका छन्।

म्यान्मारमा बौद्ध बाहुल्य रखाइन प्रान्त बंगलादेशको सीमासँग जोडिएको छ र त्यहाँ रोहिंग्या मुसलमान अलपसंख्यक छन्।

राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका प्रमुख जइद राद अल हुसैनले रखाइनमा भइरहेको कारबाही प्रस्ट रूपमा गैरकानुनी भएको बताए।

# पेट्रोल डिजेल गाडीमाथि प्रतिबन्ध लगाउने चीनको तयारी



बेइजिङ, (एजेन्सी)

गाडीका लागि विश्वकै सबैभन्दा ठूलो बजार चीनले डिजेल र पेट्रोलबाट चल्ने गाडीमाथि आफ्नो देशमा प्रतिबन्ध लगाउने योजना बनाइरहेको छ।

देशको उपउद्योग मन्त्रीले यस विषयमा अनुसन्धान शुरू गरिएको तर प्रतिबन्ध कहिलेदेखि लागू गर्ने भन्ने विषय तय नभइसकेको जानकारी दिए। मन्त्री सिन गुओबिनले चिनियाँ सरकारी समाचार एजेन्सी सिन्हवालाई भने- 'यो कदमले गाडी उद्योगको विकासमा अन्त्यन्त ठूलो परिवर्तन ल्याउनेछ।'

चीनले गत वर्ष करिब २ करोड ८० लाख गाडी निर्माण गरेको थियो। यो विश्वभरिको एक तिहाइ हिस्सा हो।

प्रदूषण र कार्बन उत्सर्जनलाई कम गर्ने प्रयासस्वरूप बेलायत र फ्रान्सले पहिले नै सन् २०४० सम्ममा डिजेल र पेट्रोल गाडीलाई उनीहरूकोमा प्रतिबन्धित गर्ने घोषणा गरिसकेका छन्।

चिनियाँ निर्माता भोल्भो कार समूहले सन् २०१९ देखि उनको सबै नयाँ गाडीको मोडलमा इलेक्ट्रिक मोटर हुने जुलाईमा जनाएको थियो। सन् २०२० सम्ममा भोल्भोका चिनियाँ मालिक जिलीले एक लाख इलेक्ट्रिक गाडी बच्ने लक्ष्य राखेका छन्। रेनो-निसान, फोर्ड र जनरल मोटर्ससहित विश्वभरिका अन्य ठूला कम्पनीहरूले चीनको बजारका लागि इलेक्ट्रिक गाडी विकसित गर्न जुटिसकेका छन्।

प्रदूषणको समस्यासँग लड्नका लागि बनाइएको नयाँ नियम लागू हुनु अगाडि नै विस्तार भइरहेको चिनियाँ बजारमा आफ्नो हिस्साका लागि कम्पनीहरू प्रतिस्पर्धा गरिरहेका छन्।

चीनले सन् २०१५ सम्ममा त्यहाँ हुने गाडीहरूको बिक्रीमा कम्तीमा पाँच भागमा एक भाग इलेक्ट्रिक गाडी र प्लग इन हाइब्रिड गाडी होस् भन्ने चाहेको छ। यसको अर्थ आगामी वर्षसम्ममा ब्याट्रीको इलेक्ट्रिक वा प्लग इन संस्करणको बिक्री कम्तीमा ८ प्रतिशत आवश्यक हुनेछ र त्यसलाई सन् २०२० सम्ममा १२ प्रतिशतले बढाउनुपर्नेछ।

यो परिवर्तनले उद्योगमा केही समयका लागि अशान्ति आउन सक्ने बताए। यो परिवर्तनले अहिले विश्वमा अमेरिकापछि दोस्रो ठूलो तेल उपभोक्ता चीनमा तेलको मागमा पनि गहिरो असर पर्नेछ।

# माउन्ट एभरेस्टमाथि रूसको दाबी

मस्को, (एजेन्सी)

प्रशान्त महासागरदेखि आर्कटिकसम्मको क्षेत्रलाई लिएर रूसको कैयौं विवादास्पद र प्रतिस्पर्धात्मक इलाकामाथि दाबी रहँदै आएको छ। तर सोमबार मस्कोका कूटनीतिक शाखाले इन्टरनेटमा एउटा सबैलाई आश्चर्य चकित पार्ने गरी विश्वकै सबैभन्दा अग्लो शिखर माउन्ट एभरेस्ट अर्थात् सगरमाथा रूसको भएको दाबी गरेको छ।

बेलायतस्थित रूसी दूतावासले ट्विटरमा नियमित पोस्ट गरिएका 'शुभ प्रभात' अभिवादनहरूमध्ये को एउटामा उक्त आशयको तस्वीर पोस्ट गरिएको छ।

बेलायतस्थित रूसी दूतावासको उक्त मेटिइसकेको ट्विटमा माउन्ट एभरेस्टलाई रूसी भूभाग बताइएको छ।

दूतावासको उक्त ट्विटलाई लिएर सामाजिक सञ्जालमा यसअघिका घटनाहरूमा भन्दा प्रतिक्रियाको बाढी नै ल्याएको छ। मस्कोको उक्त दाबीलाई लिएर चीन र नेपालले मुद्दा उठाउन सक्नेमा धेरैले जोड दिएका छन्।

केहीले भने उक्त पोस्टबाट दूतावासले ध्यानाकर्षण गर्न चाहेको आरोप लगाएका छन्। एक जनाले रूसका लागि सबैभन्दा अग्लो ककेसर पहाडी क्षेत्रमा पर्ने माउन्ट एल्ब्रुस र एभरेस्टमा प्रशासन झुक्किएको हुन सक्ने जनाएको छ।




# गणेशले मासु खाँदै गरेको विज्ञापनको विरोध

नयाँ दिल्ली, (एजेन्सी)

भारतले सोमबार हिन्दु भगवान् गणेशले मासु खाँदै गरेको विज्ञापन बनाएको भन्दै अस्ट्रेलियासमक्ष कूटनीतिक विरोध जाहेर गरेको छ। एउटा मासु उत्पादक कम्पनीले बनाएको सो टेलिभिजन विज्ञापनमा थुप्रै धार्मिक व्यक्तित्वलाई एउटै टेबुलमा बसी खाना खाएको देखाइएको छ।

अहिलेसम्म गणेशले कहिल्यै पनि मासु खाएको नदेखेको भन्दै अस्ट्रेलियास्थित हिन्दु समुदाय यस विज्ञापनप्रति आक्रोशित भएका छन्। क्यानवेरास्थित भारतको उच्च आयोगले तीनवटा अस्ट्रेलियाली सरकारी विभागसमक्ष विरोध-पत्र पेस गरिसकेको जनाएको छ।

यस आयोगले अधिकांश व्यक्तिको धार्मिक आस्थामा आँच आउने बताउँदै मिट एन्ड लाइभस्टक अस्ट्रेलिया (एमएलए) लाई पनि उक्त विज्ञापनमाथि रोक लगाउन अनुरोध गरिसकेको छ। उच्च आयोगले जारी गरेको एक विज्ञप्तिमा थुप्रै धार्मिक तथा सामुदायिक संघसंस्थाले पनि अस्ट्रेलियाली सरकार र एमएलए समक्ष विरोध पत्र पेस गरिसकेको उल्लेख गरिएको छ।

उक्त विज्ञापनमा जिसस क्राइस्ट, बुद्ध र साइन्टोलोजीका संस्थापक एल रोन ह्युवर्डलगायतका धार्मिक व्यक्तित्वहरू टेबुलमा बसेर कुरा गर्दै खाना खाइरहेको देखाइएको छ। त्यस विज्ञापनले पैगम्वर मोहमदले यस्तो काम गर्न सक्दैन भन्ने संक्षिप्त संकेत दिन खोजिएको छ।

अस्ट्रेलियाको विज्ञापन मापदण्ड आयोगले यसविरुद्ध ३० वटाभन्दा बढी उजुरी परेको जानकारी दिएको छ। अस्ट्रेलियको हिन्दु परिषद्ले यसरी गणेशको तस्वीर प्रयोग गरी मासुको उपभोग प्रवर्द्धन गर्न खोज्नु असभ्य तरिका भएको जनाएको छ। साथै यसलाई प्रतिबन्ध लगाउन अनलाइनमार्फत् चालिएको अभियानमा ४ हजार ४ सय जनाभन्दा बढीको हस्ताक्षर भइसकेको जनाइएको छ।

अस्ट्रेलियाली कपिल सचदेवले सामाजिक सञ्जालमा यस विषयलाई लिएर व्यापक आक्रोश पोखिन थालेपछि आफूले पनि सम्बन्धित क्षेत्रमा यसविरुद्ध अनुरोध गरेको बीबीसीलाई बताएका छन्।

उनले गणेशको जन्मदिन अर्थात् हिन्दुहरूको महान् चाड गणेश चौंथीको केही दिनपछि नै यस्तो विज्ञापन प्रसारण गरिएकोप्रति आक्रोश व्यक्त गरेका छन्। तर एमएलएले गत साता यस विज्ञापनलाई लिएर सफाइ दिने क्रममा आफूले विविधता र एकताको प्रवर्द्धन गर्न खोजेको जनाएको थियो।





२०७४, भदौ
मंगलबार
२७

सहायक प्रमुख जिल्ला अधिकारी शंकरप्रसाद भुसालले राजनीति र कर्मचारीतन्त्रबाट हुने भ्रष्टाचारका कारण मुलुकले विकासको गति लिन नसकेको बताए। 'भ्रष्टाचार गर्नु अपराध हो भन्ने भावनाको विकास सबैमा हुन जरुरी छ', उनले भने- 'भ्रष्टाचारीलाई कडा कारबाही गर्ने खालको कानुनको आवश्यकता छ।'



मन्त्रिपरिषद् विस्तार

# आचारसंहिता उल्लंघन भएको आरोप

काठमाडौं, (नेस)

निर्वाचन आचारसंहिता लागू भइसकेपछि पनि प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद् विस्तार गरेको भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टीले विरोध गरेको छ।

प्रधानमन्त्री देउवाले आइतबार ३ मन्त्री र १ राज्यमन्त्री थप गरी मन्त्रिपरिषद् विस्तार गरेपछि राप्रपाले विरोध जनाएको हो।

कमल थापाको नेतृत्वमा रहेको राप्रपाबाट फुटेर गएको राप्रपा (प्रजातान्त्रिक) लाई सरकारमा समेटेसँगै राप्रपाले निर्वाचन आचारसंहिताको विषयलाई लिएर विरोध गरेको थियो।

'आगामी हुने प्रदेशसभा सदस्य र प्रतिनिधिसभाको निर्वाचनको सन्दर्भमा निर्वाचन आचारसंहिता, २०७२ लागू भइसकेको विद्यमान अवस्थामा प्रधानमन्त्री शेरबहादुर देउवाले गर्नुभएको मन्त्रिपरिषद् विस्तारले निर्वाचन आचारसंहिताको ठाडो उल्लंघन भएको छ', राप्रपा प्रवक्ता सुशीलकुमार श्रेष्ठले भन्नुभयो- 'सरकारले गरेको यो निर्णय सच्याउनका लागि निर्वाचन आयोगको ध्यानाकर्षण गराउँदछौं।'

# अमेरिकामा 'भाग्यले बाँचेकाहरू' ले जित्यो उत्कृष्ट डकुमेन्ट्री अवार्ड

नेपाल समाचारपत्र

काठमाडौं

लगातार अन्तर्राष्ट्रिय अवार्ड जितेको नेपाली डकुमेन्ट्री फिल्म 'भाग्यले बाँचेकाहरू-नेपाल अर्थक्वेक : हिरोज, सर्भाइभर्स एन्ड मिराकल्स' ले अमेरिकामा पनि उत्कृष्ट अवार्ड जित्न सफल भएको छ।



अमेरिकाको जर्जिया राज्यस्थित म्यारियट्टा शहरमा आइतबार राति सम्पन्न म्यारियट्टा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा 'भाग्यले बाँचेकाहरू' सर्वोत्कृष्ट डकुमेन्ट्री बन्न सफल भएको हो। विश्वका १४ वटा देशका ५५ वटा फिल्म प्रतिस्पर्धामा थिए। त्यसमध्ये भाग्यले बाँचेकाहरू डकुमेन्ट्री विधामा सर्वोत्कृष्ट अवार्ड जित्न सफल भएको म्यारियट्टा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवका कार्यकारी निर्देशक डा. रिचर्ड ताभेरनारोले जानकारी दिए।

भाग्यले बाँचेकाहरू टिमका तर्फबाट जर्जियास्थित मानार्थ नेपाली पर्यटनदूत राजा घलेले अवार्ड थापेका थिए। नेपालबाट भाग्यले बाँचेकाहरू मात्र सो महोत्सवमा प्रतिस्पर्धाका लागि छनोट भएको थियो।

नेपालको महाभूकम्पमा परी चामत्कारिक रूपमा ज्यान बचाउन सफल नेपालीको कथामा बनेको बहुचर्चित वृत्तचित्र 'भाग्यले बाँचेकाहरू' ले थुप्रै अन्तर्राष्ट्रिय अवार्ड जितिसकेको छ। 'अमेरिकामा पनि अवार्ड जित्न सफल भएकोमा धेरै खुसी लागेको छ। हामीले गरेको काम संसारभर सम्मानित हुनु गर्वको कुरा हो', भाग्यले बाँचेकाहरूका निर्देशक गणेश पाण्डेले भने- 'अन्तर्राष्ट्रिय जगत्मा यसले नेपालको इज्जत र गरिमा बढाउने काम गरेको छ।'

साइन मिडिया प्रालिका लागि शारदा गैरेले निर्माण गरेको भाग्यले बाँचेकाहरूको छायांकन विनोद विष्ट, सम्पादन कुमार शाह, संगीत जुगल डंगोल, लेखन सपना शाक्य र दीपक कोइरालाले गरेका छन् भने अमेरिकन चलचित्रकर्मी जोजाय हुपरले परामर्शदाता सम्पादकका रूपमा काम गरेका छन्।

# भ्रष्टाचारविरुद्धको अभियान ग्रामीण तहसम्म

अर्घाखाँची, (नेस)

यहाँका विभिन्न संघसंस्थाले भ्रष्टाचारविरुद्धको राष्ट्रिय अभियानलाई ग्रामीण तहसम्म पुर्‍याएका छन्। सुशासनको क्षेत्रमा काम गर्ने संघसंस्थाले स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि र प्रशासनलाई अभियानका बारेमा जानकारी गराएका छन्। मानवअधिकार तथा सुशासनको क्षेत्रमा कार्यरत संस्था इन्सेक र एकीकृत ग्रामीण विकास समाज अर्घाखाँचीले अभियान सञ्चालन गरेका हुन्। स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले आफूहरूले भ्रष्टाचार नगर्ने र आफू मातहतकालाई पनि गर्न नदिने प्रतिबद्धता व्यक्त गरे।

जिल्ला समन्वय समितिका प्रमुख पीताम्बर शर्मा भुसालले विकास निर्माणका काममा भएको चरम अनियमिताका कारण मुलुक धेरै पछाडि धकेलिएको भन्दै संस्थागत रूपमा मौलाएको भ्रष्टाचारलाई जरैदेखि उखेलेर फाल्नुपर्ने औंल्याए। 'मैले ६ ओटै स्थानीय तहमा भएका काम कारबाहीको सूक्ष्म ढंगले अध्ययन गर्दै जानेछु', उनले भने- 'कसैले कहींकतै भ्रष्टाचार गरेको पाइएमा कारबाहीको दायरामा ल्याउन हामीपछि पर्नेछैनौं।' सन्धिखर्क नगरपालिकाका प्रमुख कमलप्रसाद भुसालले सन्धिखर्क नगरपालिकालाई सुशासनयुक्त नगरका रूपमा परिणत गर्न आफूहरू लागिपरेको बताए। 'भ्रष्टाचार भएमा सन्धिखर्क सुन्दर र समृद्ध बन्न सक्दैन', उनले भने- 'हाम्रा योजना सफल पार्नका लागि अनियमितता र भ्रष्टाचारको अन्त्य अपरिहार्य छ।'

सहायक प्रमुख जिल्ला अधिकारी शंकरप्रसाद भुसालले राजनीति र कर्मचारीतन्त्रबाट हुने भ्रष्टाचारका कारण मुलुकले विकासको गति लिन नसकेको बताए। 'भ्रष्टाचार गर्नु अपराध हो भन्ने भावनाको विकास सबैमा हुन जरुरी छ', उनले भने- 'भ्रष्टाचारीलाई कडा कारबाही गर्ने खालको कानुनको आवश्यकता छ।'

मुलुकमा भ्रष्टाचार मौलाउँदै जाँदा हरेक क्षेत्रमा असर परेकाले अभियान सञ्चालन गर्नुपरेको इन्सेकका जिल्ला प्रतिनिधि नारायण भुसालले बताए। उनले जिल्लाका सबै स्थानीय तहमा अभियान सञ्चालन गरिरहेको जानकारी दिए।

# सेनाको अस्पतालमा बिरामीको भीड



विमल विष्ट, डोटी

सुदूरपश्चिम पृतना मुख्यालय दिपायल राजपुरमा रहेको नेपाली सेनाको अस्पतालमा सर्पदंशलगायतका अन्य विभिन्न प्रकारका बिरामीको चाप लाग्ने गरेको छ। सो अस्पतालले सर्पदंशलगायत अन्य विभिन्न किसिमका बिरामीको समयमै सफल उपचार गर्न थालेपछि बिरामीको चाप लाग्ने गरेको स्थानीयबासी बताउँछन्।

करिब हप्ता दिनभित्र मात्रै विषालु सर्पले टोकेका ४ जना बिरामीको सफल उपचार गरी निको पारिसकेको उक्त अस्पतालका जीओपीडी प्रमुख प्राविधिक उपसेनानी डाक्टर सर्वेश्वर रोक्काले बताउनुभयो। उहाँले भन्नुभयो- 'हामीसँग एन्टिस्नेक भेनमलगायत अन्य बिरामीका लागि औषधि पर्याप्त मात्रामा भएकाले पनि बिरामीहरू बढ्दै गएका हुन सक्छन्, अहिले सर्पले टोकेका बिरामीहरू प्रायः बढी छन्।'

सेनाले सर्पले टोकेकादेखि अन्य बिरामी भएकालाई पनि उपचार गर्ने भएकाले उक्त अस्पतालमा बिरामीको भीड लाग्ने गरेको शिखरनगरपालिका-२ कालागढका स्थानीय रामसिंह कार्कीले बताउनुभयो।

उहाँले भन्नुभयो- 'पछिल्लो समय सेनाले सिभिललाई समेत उपचार सेवा दिएको छ, बाहिरी अस्पतालभन्दा त्यहाँ खर्च पनि कम हुने भएकाले स्थानीयको भीड लागेको हो।' 'गर्मी मौसम छ, सर्प घरछेउमा मुसालगायतका आहारा खोज्न निस्केको हुन्छ, नदेखिएर मान्छेले च्याँप्दा सर्पले टोक्ने मुख्य कारण भएको बताउँदै डाक्टर रोक्काले भन्नुभयो- 'घरआँगन सफा राखौं, सर्पले टोकिहाले नआत्तिऊँ, जति सक्दो चाँडो अस्पताल वा डाक्टरकहाँ पुर्‍याऊँ।'

प्रायः गरी सर्पले टोकेका बिरामी आत्तिने भएकाले ज्यान जाने खतरा बढी हुने गरेको समेत डाक्टर प्राविधिक उपसेनानी डाक्टर रोक्काले बताउनुभयो। उहाँले भन्नुभयो- 'सर्पले टोकेका बिरामी आत्तिने गरेका कारण ज्यान गरेको पाइएको छ, सबै सर्प विषालु हुँदैनन्, सर्पले टोकियो भन्दैमा आत्तिहाल्नुपर्दैन।' त्यस्तै सर्पले टोकेको ठाउँभन्दा माथिपट्टि निकै बलियो कपडाले बेसरी कसेर नबाँध्न र हल्का गरी बानी चाँडो अस्पताल आउन समेत डाक्टर रोक्काले सबैलाई आग्रह गर्दै भन्नुभयो- 'यहाँ सर्पले टोकेका बिरामीलाई घाउमाथि बेस्सरी कसिने गरी बाँधेको पाएँ, त्यसरी बाँध्दा पछि बिरामीको टोकेको ठाउँको भाग पूरै काट्नुपर्ने हुन्छ, हल्का गरी बाँध्दा बिरामीको शरीरमा विष फैलिँदैन।'

# वर्षाको समयमा पनि खानेपानीको हाहाकार

सल्यान, (नेस)

जिल्लाका अधिकांश स्थानमा वर्षात्को समयमा पनि खानेपानीको हाहाकार भइरहेको छ। वर्षाका कारण मुलुकभर बाढीले क्षति गरिरहँदा सल्यान जिल्लाका अधिकांश स्थानमा पनि खानेपानीको हाहाकार भइरहेको छ।

जिल्लाको बन्गाड कुपिन्डे नगरपालिका-८ अँधेरीका झन्डै ९८ घरधुरीमा वर्षात्को समयमा समेत खानेपानीको समस्याले पिरोल्न छोडेको छैन। वर्षात् होस् वा सुख्खा समय १२ महिना खानेपानीको समस्या भोग्दै आइरहेको सुमित्रा विकले बताउनुभयो। उहाँले भन्नुभयो- '१२ महिना खानेपानीको समस्या छ, पानीको समस्या भएपछि अहिले धेरैजसो बसाइसराइँ गरेर अन्यत्र गइसके आफ्नो पुर्ख्यौली थलो छोड्न नसक्नेहरू मात्रै बस्दै आएका छौं।'

अन्यत्र वर्षात्को समयमा मुहान रसाउने गरेको भए पनि यो ठाउँमा पनि मुहान नरसाउने गरेको उहाँले बताउनुभयो। 'वर्षात्मा मुहान रसाउने भएको भए पनि धेरै राहत मिल्ने थियो तर हाम्रो दुःखी भाग्य भन्नुपर्छ मुहानै रसाउँदैन' -विकले भन्नुभयो।

खानेपानीको समस्याका कारण १ सय ५० घरधुरीभन्दा बढी रहेको अँधेरी गाउँ आजभोलि ९८ भन्दा कम घरधुरी मात्रै रहेको छ। एक गाग्री पानीका लागि २ घन्टा हिँड्नुपर्ने बाध्यता रहेको अर्का स्थानीय हीरालाल पुनले बताउनुभयो। राति २/३ बजे उठेर पानी लिन नजाने हो भने पानी नपाइने पुनले बताउनुभयो।

उहाँले भन्नुभयो- 'वर्षात्को समयमा २ घन्टाजति हिँडेर ज्यामिरेको खोलामा गई पानी ल्याउने गर्छौं। खोलामा गएर पनि चाहेजति पानी भर्न पाइँदैन, सबै घरधुरीले एक-एक गाग्री भरेर कुवाको पानी बँचेमा दोहोर्‍याउने गर्छौं।' मान्छेले खानेपानी नपाएपछि पशुपन्छीलाई खुवाउन झनै समस्या भएको पुनको भनाइ रहेको छ।

# एमआरआरद्वारा पुस्तक हस्तान्तरण



काठमाडौं, (नेस)

सामाजिक सञ्जाल फेसबुकमा सक्रिय युवाहरूको समूह मेन्स रूम रिलोडेड (एमआरआर) ले पर्सास्थित श्री दलित प्राथमिक विद्यालयलाई सहयोगस्वरूप पुस्तक हस्तान्तरण गरेको छ। एमआरआरले ३ महिनाअघिदेखि संकलित पुस्तक उक्त विद्यालयलाई हस्तान्तरण गरेको हो। पुस्तकालयको अभाव रहेको उक्त विद्यालयमा पुस्तकालय स्थापना गर्नका लागि पुस्तक सहयोगस्वरूप उपलब्ध गराएको हो।

एमआरआरका संयोजक सन्देश लम्सालले विद्यालयमा पुस्तकालय स्थापना भएपछि विद्यार्थीलाई ज्ञान हासिल गर्न अझ टेवा पुगेको बताउनुभयो। विद्यालयलाई पुस्तकसँगसँगै बेन्चडेस्क तथा अन्य शैक्षिक सामग्री पनि हस्तान्तरण गरिएको थियो।

एमआरआरका अर्का संयोजक अविनाश घिमिरेले आगामी भदौ २९ गते दोलखामा अवस्थित त्रिभुवन माध्यमिक विद्यालयलाई दोस्रो चरणअन्तर्गत पुस्तक हस्तान्तरण गर्ने कार्यक्रम रहेको बताउनुभयो।

पुस्तकालयको पहुँच नभएका ग्रामीण भेगका विद्यालयमा पुस्तकालय स्थापना गर्नका लागि एमआरआरले विगत ३ महिनादेखि सामाजिक सञ्चालमार्फत् पुस्तक संकलन गर्ने अभियान सञ्चालन गर्दै आइरहेको छ। उक्त अभियानबाट उल्लेख्य मात्रामा पुस्तक संकलन भइरहेको जनाइएको छ।

# कर्णालीमा गुणस्तरहीन मासु सप्लाइ

कुमार श्रेष्ठ, बाँके

नेपालगन्जबाट साविकको कर्णाली अञ्चलका आधा दर्जन जिल्लामा ठूलो मात्रामा बोइलर कुखुराको मासु जाने गर्दछ। चाडवाडमा अझ बढी जान्छ।

स्याउको पेटीमा राखेर मासु लैजाने कामलाई बन्द गरेर थर्माकुल बक्समा पठाउन थालिए पनि कर्णालीमा अझै गुणस्तरहीन मासु जाने गरेको पाइएको छ। सहायक प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेको अगुवाइमा पशु, वाणिज्य, नेपालगन्ज उपमहानगरपालिकाको टोलीले सोमबार राँझा एयरपोर्टका मासु पसलमा अनुगमन गर्दा त्यस्तो पाइएको हो।

पसल नै दर्ता नगरी ठूलो मात्रामा कर्णाली अञ्चलमा मासु सप्लाइ गरिरहेको शान्ति जनरल स्टोरलाई टोलीले 'सिल' गरेको छ। पसलमा करिब सय किलो मासु रहेको छ। यद्यपि, पसल सञ्चालकले सोमबार पनि कर्णालीमा मासु पठाएका थिए। 'मासु पसल दर्ता थिएन, अर्को कुरा मासु पनि गुणस्तरीय थिएन, अनुगमनमा गएका पशुसेवा कार्यालयका प्रमुख वेदप्रसाद केसीले भन्नुभयो- 'टोलीले राँझा एयरपोर्ट आसपासका अरू केही पसलमा पनि अनुगमन गरेको थियो। ती पसलहरूमा गुणस्तरहीन २० किलोजति मासु नेपालगन्ज ल्याएर नष्ट गरिएको छ।'

नेपालगन्जबाट कर्णाली अञ्चलमा बोइलर कुखुराको मासु कति जान्छ भन्ने यकिन तथ्यांक कोहीसँग छैन। महिनामा १० क्विन्टल बढी जाने पशुसेवा कार्यालयका कर्मचारीहरूको आकलन रहेको छ। कर्णालीमा जाने मासुको गुणस्तरीयतामा भने वर्षेनी प्रश्न उठ्ने गर्दछ। स्याउको पेटीमा राखेर गन्हाउँदै लैजाँदा होस् या अहिले थर्माकुल बक्समा राखेर अलि व्यवस्थित गरेर लैजाँदा कर्णालीमा मासु फालिएको भन्ने सुन्नमा आएको छैन। अनुगमनका क्रममा अधिकारीहरूले गुणस्तरीय नभएको बताएको मासु कर्णालीमा पठाउन राखिएका थिए।

दुई वर्षअघिसम्म स्याउको पेटीमा मासु जान्थ्यो। सम्बद्ध अधिकारीहरूले अति नै भयो भनेर कडाइ गरेर थर्माकुल बक्समा जान थालेको छ। थर्माकुलमा राखेर लगिएको मासु केही घन्टा राम्रै हुने पशुसेवा कार्यालयका प्रमुख केसीको भनाइ छ। 'थर्माकुल बक्समा राखेर लैजाँदा दुई/तीन घन्टा गन्हाउँदैन, हिमाली जिल्लामा पुगेपछि गन्हाउने कुरा हुँदैन', केसीले भन्नुभयो- 'यहीं प्याक गर्दा गुणस्तरीय मासु राख्नुपर्छ।'

बाँकेमा प्रायः भारतबाटै बोइलर कुखुरा आउँछ। यद्यपि, सरकारले बन्देज लगाएको छ। भारतीयले घरमै ल्याइदिने बोइलर कुखुरालाई काटेर मासुको कारोबार हुने गर्दछ। नेपालगन्जबाट कर्णालीमा जहाजमा मासु लैजाने गरिन्छ। कर्णाली राजमार्ग बनेकाले पछिल्लो दिनमा सडक बाटो पनि मासु जाने गर्दछ। चाडवाड नजिकिएकाले अनुगमनमा अधिकारीहरू तातिएका छन्। लामो समयपछि राँझा एयरपोर्ट आसपासका मासु पसलका अधिकारीहरूले अहिले पनि कर्णालीमा गुणस्तरीय मासु नगएको बताएका छन्। कर्णालीमा राँझा एयरपोर्टका साथै नेपालगन्जका पसलहरूबाट पनि मासु जाने गर्दछ।

रोग, भोकले थलिने कर्णालीका बासिन्दाले राम्रो मासुसमेत खाना नपाउने यसले देखाएको छ। सरकारले कडाइका साथ अनुगमन नगर्दा व्यापारीको मनोमानीले जनता स्वच्छ मासु खानाबाट वञ्चित भएका हुन्।

## अझै...

बैठक बस्न नसक्दा कार्यालयमा समस्या भएको जानकारी गराउँदै कार्यालयका सहसचिव एवं प्रवक्ता लेखबहादुर कार्कीले भन्नुभयो- 'कार्यालयले नियमित कामबाहेक अन्य काम हुन सकेको छैन।'

उता सञ्चालक समितिले दबाब दिन नसक्दा ट्रस्ट कार्यालयको चालू आवको अधिकांश काम रोकिएको छ। गोकर्ण रिसोर्टमा भूकम्पले भत्काएको पर्खाल निर्माण गर्ने, चितवनको दियालो र पोखराको रत्न मन्दिरलाई संग्रहालय बनाउने, हेटौंडाको कान्ति ईश्वरी दरबार मर्मत गर्ने, नुवाकोटको थानसिङ दरबार मर्मत गर्नेलगायतका दर्जनौं काम रोकिएको छ।

ट्रस्टले सरकारसँग भूकम्पले ध्वस्त भएका संरचना निर्माण गर्न र केही दरबारलाई संग्रहालय बनाउन ९ करोड रुपियाँ मागेको थियो। तर उक्त शीर्षकमा कुनै रकम निकासा भएको छैन। रकम नदिँदा सम्पूर्ण काम रोकिएको छ। 'तत्कालीन राजाको पालामा जस्तो अवस्थामा दरबार रहेको थियो अहिले त्यस्तै छ। रकम नभएपछि कसरी बनाउने ?' -प्रवक्ता कार्कीको भनाइ थियो। रकम अभावका कारण पुनर्निर्माणको काम ठप्प छ। 'रकम नदिएपछि के गर्ने? जस्तो अवस्थामा छ त्यस्तै राख्नुको विकल्प छैन' -उहाँले भन्नुभयो।

रकम अभाव भएपछि गोकर्णमा पर्खाल बन्न सकेको छैन, सुरक्षाकर्मीको बेहाल छ। उहाँले कार्यालयमा रहेको रकम कहाँ र कसरी खर्च गर्ने? भन्ने विषयमा योजना बनाउन पनि बैठकको आवश्यकता रहेको बताउनुभयो।

हाल ट्रस्टसँग करिब ४० करोड रुपियाँ छ। ट्रस्ट स्थापना भएदेखि नै जम्मा भएको रकम खर्च गर्न सकिएको छैन। सरकारले रकम नदिएपछि आफूसँग भएको रकम सञ्चालक समितिबाट अनुमोदन गराएर आवश्यक पूर्वाधार निर्माण गर्न सकिन्थ्यो कि भन्ने विषयमा समेत ट्रस्टले ध्यान दिन सकेको छैन।

हाल ट्रस्टसँग करिब २३ हजार रोपनी जग्गा, नगद ४० करोड ८८ लाख ७६ हजार ९ सय ४२ रुपियाँ, ४८ हजार पाउन्ड, १ लाख ३८ हजार डलर, नविल बैंकको २ लाख ५७ हजार ६ सय ४२, होटल अन्नपूर्णको ३० हजार ७ सय २०, नेपाल औद्योगिक विकास बैंकको ६ हजार ७ सय ५० गरी २ लाख ९५ हजार १ सय १२ कित्ता शेयर रहेको छ। ट्रस्ट कार्यालयले गोकर्ण फरेस्ट रिसोर्ट, काठमाडौं प्लाजा, टेकुको बुधबारे, होटल सोल्टी नजिकको केही व्यापारिक भवनको भाडा लिने गरेको छ।

## मन्त्रालयदेखि...

'जग्गालाई चलनचल्तीको भन्दा बढी दरको रकम बिचौलियाले उपलब्ध गराएको र त्योभन्दा ३/४ गुणासम्म बढी दर टेन्डरदाताले प्रस्ताव गरेका कारण निगमलाई अत्यधिक व्ययभार पर्न गएको देखिन्छ' -प्रतिवेदनमा उल्लेख छ।

समितिले उक्त अनियमितताको अध्ययन गर्न साउनको चौथो हप्ता समितिकै सदस्य सुभासचन्द्र ठकुरीको संयोकत्वमा एक अध्ययन उपसमिति गठन गरेको थियो। सोही उपसमितिले गरेको स्थलगतलगायत बृहत् अध्ययनपछि सोमबारको बैठकमा प्रतिवेदन प्रस्तुत गरेको छ।

बैठकमा उपसमितिका संयोजक ठकुरीले भन्नुभयो- 'मन्त्रालयको उच्च नेतृत्वदायी जिम्मेवारमा रहेका पदाधिकारी, निगमका सञ्चालक समितिका अध्यक्षलगायत जिम्मेवार सदस्य पदाधिकारी, खरिद प्रक्रियामा संलग्न देखिएको छ। निगमका सम्पूर्ण जिम्मेवार अधिकारी आर्थिक अनियमितताका लागि मिलेमतो गरेका छन्।'

उपसमितिका अनुसार आर्थिक वर्ष २०७३/०७४ को वार्षिक नीति कार्यक्रममा र बजेट वक्तव्यमा उल्लेख भएअनुसार उद्योग समितिले भण्डारण क्षमता बढाउन दिएको निर्देशनअनुसार निगमले ७ वटै प्रदेशमा पर्ने गरी कम्तीमा ९० दिनको माग धान्न सक्ने गरी गरी भण्डारण क्षमता बढाउन जग्गा खरिदको प्रक्रिया शुरू गरेको थियो।

## उपराष्ट्रपतिको...

तीमध्ये उपयुक्त जग्गा छनोट गरी निर्माण प्रक्रिया अघि बढाउने निर्णय भएको थियो। प्रधानमन्त्री कार्यालयका सहसचिव डा. नारायण रेग्मीको अध्यक्षतामा बैठक बसेको थियो।

## चुनावमा...

त्यसै गरी बैठकले बागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्षमा नरेन्द्रराज बस्नेतलाई नियुक्त गरेको छ। त्यस्तै, मन्त्रिपरिषद् बैठकले भूकम्पपछिको पुनर्निर्माणका लागि विश्व बैंकले दाताको संयुक्त कोषबाट उपलब्ध गराएको १ अर्ब ५ करोड रुपियाँ स्वीकार गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा सूचना तथा सञ्चारमन्त्री बस्नेतले जानकारी दिनुभयो।

## मन्त्रिमण्डल...

आयोगका अनुसार निर्देशनको बुँदा नम्बर १ मा नेपाल सरकारको स्वामित्वमा रहेका वा सरकारी कोष वा सर्वसञ्चित कोषबाट खर्च हुने वा बजेट प्राप्त हुने वा नेपाल सरकारबाट कुनै सुविधा हुने पद वा निकायमा कुनै राजनीतिक नियुक्ति नगर्ने उल्लेख छ। मन्त्रिपरिषद् विस्तारले आयोगले दिएको ७ बुँदे निर्देशनको उल्लंघन भएको आयोगले जनाएको छ।

दुई दिनअघि आयोगले उपप्रधानमन्त्री विजयकुमार गच्छदारलाई आचारसंहिता उल्लंघन गरेकोमा स्पष्टीकरण सोधेको थियो। आयोगका अनुसार सरकारी पक्षबाटै कर्मचारी सरुवा बढुवा गरेर आचारसंहिता उल्लंघन गर्दै आएको आयोगले जनाएको छ।



# अर्थ

2017, SEP
Tuesday
12

सरकारले दुई वर्षअघि श्रम तथा रोजगार मन्त्रालयले रोजगारीका लागि खाडी मुलुक तथा मलेसिया जाने कामदारको हकमा नि:शुल्क भिसा र टिकटको निर्णय लागू गरेको थियो।


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी • अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...


# कामदार ठग्ने म्यानपावर कम्पनी खारेजीको तयारीमा

रोविन पौडेल, काठमाडौं

सरकारले कानुनको पालना नगर्ने म्यानपावर कम्पनीको इजाजतपत्र नै खारेज गर्ने भएको छ। वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार ऐन, २०६४ पालना नगर्ने कम्पनीलाई कारबाही प्रक्रिया चलाइरहेको अवस्थामा उक्त कारबाही गर्न लागेको हो।

वैदेशिक रोजगार ऐनअन्तर्गतका नियम, आदेश वा निर्देशन पालना नगर्ने कम्पनीलाई हदैसम्म कारबाही गर्न वैदेशिक रोजगार विभाग अझ खरो रूपमा उत्रन लागेको विभागका निर्देशक मोहन अधिकारीले बताउनुभयो। विभागले थालेको अनुसन्धानमा ऐनले तोकेअनुसार कसुर गर्ने म्यानपावर कम्पनीलाई ऐनको दफा-५४ अनुसार खारेजीको प्रक्रियामा लगिने भएको उहाँले बताउनुभयो।

वैदेशिक रोजगारीका नाममा म्यानपावर कम्पनीले सरकारले तोकेको भन्दा बढी असुल्ने, नक्कली कागजात तयार पार्ने तथा झुटो विवरण पेस गर्ने भेटिएपछि विभाग अझ खरो बनेर उत्रिन लागेको उहाँले जानकारी दिनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै निर्देशक अधिकारीले भन्नभयो-...अनुसन्धानका क्रममा फ्रि भिसा, फ्रि टिकटअनुसार नै कामदार वैदेशिक रोजगारीमा पठाइरहेको प्रतिवेदन दिने गरेका मेनपावरले प्रतिव्यक्ति एक लाख रुपियाँभन्दा बढी असुली गरेको पाइएको थियो।' वैदेशिक रोजगारीमा जाने कामदारसँग म्यानपावर कम्पनीले ठूलो रकम असुल गरिरहेको गुनासो बढेपछि हामीले अनुगमन अनुगमन शुरू गरेका उहाँको दाबी छ।

विभागले केही दिनअघि मात्र तोकेको भन्दा बढी लागत खर्च लिने ५ वटासहित शून्य लागतको हिसाबकिताब नबुझाएका ३० म्यानपावर कम्पनीलाई कारबाही गरेको थियो। विभागले शून्य लागतको हिसाबकिताब पत्ता लगाउन स्पष्टीकरण मागेकोमा नबुझाएकालाई १ लाख र स्पष्टीकरण बुझाउनेलाई ५० हजार रुपियाँ जरिवाना गरेको थियो। ...ती कम्पनीले पनि थप कसुर गरे ऐन अनुसार खारेजीको प्रक्रियामा लान्छौं।' अधिकारीले भन्नुभयो। ती कम्पनीले पनि जरिवाना रकम बुझाउन थालिसकेका छन्।

त्यस्तै एक हप्ताअघि मात्र विभागले अनुगमनको क्रममा वैदेशिक रोजगारीमा कामदार पठाउने नाममा ३ म्यानपावर कम्पनीले प्रतिव्यक्ति १ लाख रुपियाँभन्दा बढी असुल गरिरहेको रंगेहात फेला पारेको थियो। विभागले ती कम्पनीलाई पनि थप अनुसन्धान प्रक्रियामा लाने भएको हो।

ती कम्पनी आर्थिक अनियमितता गर्ने कामदार ठग्ने, कर छलि गर्ने ऐनअन्तर्गत बनेको नियम बमोजिम राख्नु पर्ने लिखत वा प्रतिवेदन लुकाएकाले १ लाख रुपियाँ जरिवाना गराईएको हो। ती कम्पनीले फेरि कसुर गरे तिनलाई दोब्बर सजाय गर्ने तथा प्राप्त गरेको इजाजतपत्र नै रद्द गरिने भएको छ।

'ऐनमा ऐनअन्तर्गत बनेको नियम, आदेश वा निर्देशन पालना नगर्ने इजाजतपत्र वालालाई विभागले पहिलोपटक सचेत गराउने, दोस्रो पटक ५० हजार रुपियाँ जरिबाना र तेस्रोपटक पनि सोही कसुर दोहोर्‍याएमा १ लाख रुपियाँ जरिवाना गराई इजाजतपत्र नै रद्द गर्न सक्ने व्यवस्था छ।' उहाँले भन्नुभयो। विभागले हालसम्म कुनै पनि मेनपावरको दर्ता खारेजी गरेको छैन।

सरकारले दुई वर्षअघि श्रम तथा रोजगार मन्त्रालयले रोजगारीका लागि खाडी मुलुक तथा मलेसिया जाने कामदारको हकमा नि:शुल्क भिसा र टिकटको निर्णय लागू गरेको थियो। तर, अधिकांश म्यानपावर कम्पनीले कामदारसँग ठूलो रकम असुल गर्दै आइरहेका पनि विभाग लगायत आन्तरिक राजस्व विभाग र अन्य सरकारी कार्यालयमा भने कामदारसँग सेवा शुल्कवापत प्रतिव्यक्ति १० हजार रुपियाँ मात्र लिने गरेको प्रतिवेदन बुझाउने गरेका छन्।

त्यस्तै कामदारसँग चर्को शुल्क असुल गर्ने गरेका मेनपावरले कामदारसँग लिएको १० हजार रुपियाँमा पनि खर्च कटाएर आम्दानीको २५ प्रतिशत रकममा मात्र कर बुझाउने गरेका छन्। नेपालमा हाल १ हजार ७३ म्यानपावर कम्पनी रहेको विभागको तथ्यांक छ। तीमध्ये गत आर्थिक वर्षमा मात्रै १ सय ३८ कम्पनी दर्ता भएका थिए। हाल करिब ७ सय ५० कम्पनी मात्र क्रियाशील रहेको अधिकारीले बताउनुभयो।

विभागका अनुसार वैदेशिक रोजगारीका लागि १ लाख रुपियाँभन्दा बढी रकम असुल्ने गरेका वाइड स्पेस, निड्स इम्प्लोइमेन्ट, सिद्ध ग्लोबल, इन्टरनेसनल जब लिंक र युनिभर्सल इन्टरनेसनलको काम रोक्का गरेको छ।

केही दिन अघि गरिएको अनुमगनको क्रममा विभागले वाइड स्पेस म्यानपावर कम्पनीले प्रतिव्यक्ति १ लाख १० हजार, निड इम्प्लोइमेन्ट ओभरसिजले प्रतिव्यक्ति १ लाख २० हजार तथा सिद्ध ग्लोबल सर्भिसेजले २ जनाबाट २ लाख रुपियाँ उठाइरहेको रंगेहात फेला परेको थियो।

वैदेशिक रोजगारीमा जाने कामदारसँग ठूलो रकम उठाइरहेको सूचनाको आधारमा अनुगमन गर्दा इन्टरनेसनल जब लिंक म्यानपावरका कागजपत्र कब्जामा लिइएको थियो।

त्यस्तै सिद्धार्थ गौतम ओभरसिज, युनाइटेड प्लेसमेन्ट इम्प्लोइमेन्ट सर्भिस, क्यापिटल रिक्रुटमेन्ट सर्भिस, मुनलाइट इन्टरनेसनल, सनरे ग्लोबल ओभरसिज, स्काई इन्टरप्राइजेज, इनोभेटिभ सर्भिसेज, फरदोस इन्टरनेसनल सर्भिस कम्पनी, एसआरएस ओभरसिज सर्भिसेज, रेडरोज इन्टरनेसनल म्यानपावर, हामिदा इन्टरनेसनल, सार्प ह्युमन रिसोर्सेज, नेपाल रिक्रुटिङ सर्भिसेज, कौशिक जनशक्ति इन्टरनेसनल, मुस्ताङ ओभरसिज र सिनमल गोर्खा इन्टरनेसनल मेनेजमेन्ट सर्भिस प्रालिलाई १-१ लाख रुपियाँ जरिवाना गरेको छ।

त्यस्तै राइजिङ स्टार ओभरसिज, बेबी एन्जल इन्टरनेसनल, पिस नेपाल ओभरसिज, जब सिकर म्यानपावर, सारथी ओभरसिज रिक्र्युटमेन्ट, एसोसिएट्स वेलकम इन्टरनेसनल, रिजा ओभरसिज इम्प्लोइमेन्ट, एपोलो म्यानपावर सर्भिसेज, एबीसी ओभरसिज, स्तुपा ओभरसिज सर्भिस, मेरिडियन म्यानपावर सर्भिस, श्रीओम् महाशक्ति इम्प्लोइमेन्ट, ध्वनि इन्टरनेसनल र एनएसओ कन्सल्टलाई ५०-५० हजार रुपियाँ जरिवाना गरिएको छ।

## रोजगार व्यवसायी आन्दोलनमा

काठमाडौं, (नेस)

विभिन्न ६ बुँदे मागसहित म्यानपावर व्यवसायी आन्दोलनमा उत्रिएका छन्। नयाँ म्यानपावर खोल्न धरौटी रकम वृद्धि गर्न नहुने, पुरानै नियमावलीअनुसार इजाजत दिनुपर्ने, खाडी मुलुक तथा मलेसिया जाने कामदारले दक्षिण एसियाका देशले अवलम्बन गरेको नीतिगत व्यवस्थाअनुसार रोजगारीमा जान पाउनुपर्नेलगायतका माग रोजगार व्यवसायीको छ।

त्यस्तै वैदेशिक रोजगारमा जाने कामदारको न्यूनतम पारिश्रमिक तोक्न समन्वय गरिनुपर्ने पनि व्यवसायी माग छ। व्यवसायीले यस कार्यमा सम्बन्धित राष्ट्रको सरोकारवाला मन्त्रालयको समन्वयमा नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार व्यवसायी संघको सहमतिमा नेपाली कामदारको हित हुने गरी पारिश्रमिक तोक्नुपर्ने माग राखेका छन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विभिन्न चरणमा गरेको आन्दोलनपश्चात् गठित वार्ता टोलीको मागको सुनुवाइ नभए चरणबद्धरूपमा आन्दोलनमा होमिने व्यवसायीहरूले बताएका छन्।

श्रम तथा रोजगार मन्त्रालय र नेपाल वैदेशिक रोजगार व्यवसायी संघबीच २०७२ साउन ८ गते भएको ३१ बुँदे सहमति पालना नगरेको, फ्रि भिसा फ्रि टिकटजस्तो अव्यावहारिक निर्णय परिमार्जन नगरिएको र वैदेशिक रोजगार विभागका महानिर्देशकले विगत केही दिनदेखि पटकपटक व्यवसाय र व्यवसायी विरोधी अभिव्यक्ति दिँदै आएकाले व्यवसायी आन्दोलनमा होमिनुपरेको व्यवसायीको भनाइ छ।

साथै अव्यावहारिक निर्णयहरू संशोधन गर्न लामो समयदेखि श्रम तथा रोजगार मन्त्रालयसँग वार्ता छलफल भइरहेकामा समस्याहरूलाई नीतिगत रूपमा समाधान नगरिएको अवस्थामा इजाजतपत्रवाला व्यवसायीलाई अनुगमनको नाममा आतङ्कित बनाएको उनीहरूको आरोप छ।


नेपाल बङ्गलादेश बैंक लिमिटेड
THE BANK FOR EVERYONE
NEPAL BANGLADESH BANK
कर्पोरेट शाखा कमलादी, घण्टाघर, काठमाडौंको

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

यस शाखा कार्यालयका खातावाला धनुषा जिल्ला, खजुरी चन्हा गा.वि.स वडा नं. १ बस्ने **श्री जिवेन्द्र ध्वज कार्की**को मिति वि.सं. २०७३/०४/२६ मा मृत्यु भएकोले वहाँको मुद्दती खाता नं. F१५१६७१६०४०१ मा रहेको रकम भुक्तानी दिनु भनि मृतकका हकवाला छोरा **श्री श्याम ध्वज कार्की** र **श्री लक्ष्मण ध्वज कार्की**को निवेदन पर्न आएको हुदाँ यो सूचना प्रकाशित गरिएको छ । उक्त रकममा निवेदक बाहेक अरु कसैको हक दावि लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुत प्रमाण सहित दावि गर्न आउनु होला । उक्त म्याद भित्र अन्य दावि प्राप्त हुन नआएमा कुनै उजुर नलाग्ने गरि मृतकको नाउँमा बाँकि रहेको सम्पूर्ण रकम निवेदकको माग बमोजिम बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम बैंक नियम अनुसार भुक्तानी दिईने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ भदौ २७ सेप्टेम्बर १२ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।०० | १०२।६० |
| युरो १ का रु. | १२२।९९ | १२३।७१ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३४।६७ | १३५।४६ |
| स्विस फ्रन्क १ का रु. | १०७।७४ | १०८।३७ |
| अस्ट्रलियन डलर १ का रु. | ८२।६६ | ८३।१४ |
| क्यानाडियन डलर १ का रु. | ८४।२५ | ८४।७५ |
| सिङ्गापुर डलर १ का रु. | ७६।२८ | ७६।७३ |
| जापानी यन १० का रु. | ९।५० | ९।५५ |
| चिनियाँ युआन १ का रु. | १५।७९ | १५।८८ |
| साउदी अरब रियाल १ का रु. | २७।२० | २७।३६ |
| कतारी रियाल १ का रु. | २८।०१ | २८।१७ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।०८ | ३।१० |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।७७ | २७।९३ |
| मलसियन रिङ्गिट १ का रु. | २४।३२ | २४।४६ |
| दक्षिण कारियन वन १०० का रु. | ९।०३ | ९।०८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।८९ |
| डनिस क्रानर १ का रु. | १६।५३ |
| हङकङ डलर १ का रु. | १३।०६ |

**नोट**: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

**11 SEPTEMBER MONDAY, 2017**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 17950.00 | 430.00 | 420.00 | 424.00 | -1.00 |
| 2 | Api Power Company Ltd. | 1553.00 | 597.00 | 550.00 | 570.00 | 5.00 |
| 3 | Arun Finance Limited | 7140.00 | 175.00 | 165.00 | 173.00 | 11.00 |
| 4 | Arun Kabeli Power Ltd. | 2600.00 | 340.00 | 326.00 | 335.00 | 3.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3149.00 | 215.00 | 212.00 | 213.00 | -2.00 |
| 6 | Asian Life Insurance Co. Limited | 5964.00 | 1525.00 | 1492.00 | 1514.00 | -6.00 |
| 7 | Bank of Kathmandu Ltd. | 11686.00 | 430.00 | 415.00 | 420.00 | 0.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 20.00 | 215.00 | 214.00 | 215.00 | 1.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 2350.00 | 266.00 | 260.00 | 265.00 | 4.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 140.00 | 6778.00 | 6600.00 | 6778.00 | 261.00 |
| 11 | Butwal Power Company Limited | 1796.00 | 620.00 | 616.00 | 616.00 | 0.00 |
| 12 | Central Finance Co. Ltd. | 530.00 | 185.00 | 183.00 | 183.00 | 1.00 |
| 13 | Century Commercial Bank Ltd. | 22251.00 | 223.00 | 217.00 | 220.00 | -1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 17683.00 | 1515.00 | 1433.00 | 1490.00 | -31.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 179.00 | 175.00 | 166.00 | 166.00 | -11.00 |
| 16 | Chilime Hydropower Company Limited | 4634.00 | 765.00 | 755.00 | 755.00 | -5.00 |
| 17 | Citizen Bank International Limited | 17166.00 | 295.00 | 290.00 | 295.00 | 2.00 |
| 18 | Citizen Investment Trust | 1584.00 | 3590.00 | 3525.00 | 3570.00 | -9.00 |
| 19 | Civil Bank Ltd | 26627.00 | 227.00 | 221.00 | 223.00 | -2.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 556.00 | 1326.00 | 1252.00 | 1319.00 | 66.00 |
| 21 | Deprosc Development Bank Limited | 3772.00 | 1330.00 | 1300.00 | 1316.00 | 1.00 |
| 22 | Deva Bikas Bank Limited | 16395.00 | 253.00 | 246.00 | 249.00 | 4.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 20.00 | 159.00 | 159.00 | 159.00 | -1.00 |
| 24 | Everest Bank Limited | 4931.00 | 1240.00 | 1219.00 | 1225.00 | 0.00 |
| 25 | Everest Insurance Co. Ltd. | 802.00 | 2651.00 | 2595.00 | 2625.00 | 25.00 |
| 26 | Excel Development Bank Ltd. | 1833.00 | 471.00 | 422.00 | 471.00 | 42.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 23159.00 | 1060.00 | 1027.00 | 1044.00 | 5.00 |
| 28 | Forward Community Mic. Bittiya Sa. Ltd. | 3272.00 | 3760.00 | 3710.00 | 3745.00 | 10.00 |
| 29 | Gandaki Bikas Bank Limited | 9820.00 | 372.00 | 356.00 | 365.00 | 9.00 |
| 30 | Garima Bikas Bank Limited | 11765.00 | 249.00 | 243.00 | 248.00 | 0.00 |
| 31 | General Finance Ltd. | 166.00 | 123.00 | 119.00 | 119.00 | -6.00 |
| 32 | Global IME Bank Limited | 21343.00 | 373.00 | 368.00 | 372.00 | 1.00 |
| 33 | Goodwill Finance Co. Ltd. | 112.00 | 185.00 | 182.00 | 182.00 | -4.00 |
| 34 | Green Development Bank Ltd. | 166.00 | 549.00 | 531.00 | 540.00 | -19.00 |
| 35 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 336.00 | 257.00 | 252.00 | 257.00 | -4.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 4138.00 | 1065.00 | 1035.00 | 1045.00 | 14.00 |
| 37 | Gurkhas Finance Ltd. | 3199.00 | 189.00 | 180.00 | 187.00 | 7.00 |
| 38 | Hamro Bikas Bank Ltd. | 5620.00 | 192.00 | 178.00 | 190.00 | 12.00 |
| 39 | Himalayan Bank Limited | 2220.00 | 870.00 | 850.00 | 853.00 | 3.00 |
| 40 | Himalayan Distillery Limited | 437.00 | 1383.00 | 1251.00 | 1350.00 | 75.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 3125.00 | 760.00 | 740.00 | 752.00 | 4.00 |
| 42 | Himalayan Power Partner Ltd. | 8099.00 | 400.00 | 384.00 | 396.00 | 2.00 |
| 43 | ICFC Finance Limited | 3854.00 | 273.00 | 265.00 | 270.00 | 2.00 |
| 44 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 15549.00 | 180.00 | 173.00 | 175.00 | -5.00 |
| 45 | Janaki Finance Ltd. | 2528.00 | 272.00 | 260.00 | 272.00 | 9.00 |
| 46 | Janata Bank Nepal Ltd. | 73019.00 | 251.00 | 242.00 | 246.00 | 1.00 |
| 47 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 1330.00 | 3845.00 | 3750.00 | 3845.00 | 35.00 |
| 48 | Jebils Finance Ltd. | 5425.00 | 148.00 | 146.00 | 146.00 | -5.00 |
| 49 | Jyoti Bikas Bank Limited | 13930.00 | 186.00 | 178.00 | 178.00 | -3.00 |
| 50 | Kailash Bikas Bank Ltd. | 5539.00 | 294.00 | 280.00 | 280.00 | -9.00 |
| 51 | Kalika Microcredit Development Bank Ltd. | 390.00 | 2040.00 | 2000.00 | 2005.00 | -35.00 |
| 52 | Kankai Bikas Bank Ltd. | 397.00 | 202.00 | 196.00 | 202.00 | 7.00 |
| 53 | Karnali Development Bank Limited | 556.00 | 262.00 | 258.00 | 262.00 | 3.00 |
| 54 | Khanikhola Hydropower Co. Ltd. | 312.00 | 159.00 | 157.00 | 157.00 | -3.00 |
| 55 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 390.00 | 2540.00 | 2512.00 | 2512.00 | -68.00 |
| 56 | Kumari Bank Limited | 22495.00 | 292.00 | 280.00 | 286.00 | 1.00 |
| 57 | Kumari Bank Limited Promotor Share | 229411.00 | 153.00 | 150.00 | 150.00 | -6.00 |
| 58 | Lalitpur Finance Ltd. | 300.00 | 180.00 | 180.00 | 180.00 | 0.00 |
| 59 | Laxmi Bank Limited | 10027.00 | 329.00 | 324.00 | 327.00 | 0.00 |
| 60 | Laxmi Equity Fund | 1000.00 | 10.00 | 10.00 | 10.00 | -0.05 |
| 61 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1902.00 | 2056.00 | 1990.00 | 2040.00 | 33.00 |
| 62 | Laxmi Value Fund-1 | 16700.00 | 11.12 | 11.12 | 11.12 | 0.12 |
| 63 | Life Insurance Co. Nepal | 1988.00 | 2117.00 | 2060.00 | 2060.00 | -16.00 |
| 64 | Lumbini Bikas Bank Ltd. | 6218.00 | 206.00 | 200.00 | 203.00 | -1.00 |
| 65 | Lumbini General Insurance Co. Ltd. | 2408.00 | 944.00 | 920.00 | 920.00 | -6.00 |
| 66 | Machhapuchhre Bank Limited | 11770.00 | 317.00 | 311.00 | 316.00 | -1.00 |
| 67 | Mahalaxmi Bikas Bank Ltd. | 15650.00 | 225.00 | 218.00 | 223.00 | 3.00 |
| 68 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 651.00 | 1135.00 | 1084.00 | 1135.00 | 30.00 |
| 69 | Manjushree Finance Ltd. | 4536.00 | 149.00 | 145.00 | 147.00 | 0.00 |
| 70 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1762.00 | 2388.00 | 2336.00 | 2355.00 | -19.00 |
| 71 | Mirmire Microfinance Dev. Bank Ltd. | 85.00 | 3250.00 | 3205.00 | 3250.00 | 45.00 |
| 72 | Mission Development Bank Ltd. | 350.00 | 270.00 | 265.00 | 265.00 | 0.00 |
| 73 | Miteri Development Bank Limited | 3041.00 | 555.00 | 538.00 | 545.00 | -3.00 |
| 74 | Muktinath Bikas Bank Ltd. | 5545.00 | 596.00 | 580.00 | 590.00 | 7.00 |
| 75 | Nabil Balance Fund 1 | 15300.00 | 17.25 | 17.20 | 17.21 | -0.09 |
| 76 | Nabil Bank Limited | 63239.00 | 1650.00 | 1613.00 | 1630.00 | -4.00 |
| 77 | NABIL Bank Limited Promotor Share | 58190.00 | 1200.00 | 1175.00 | 1180.00 | -16.00 |
| 78 | Nabil Equity Fund | 66132.00 | 10.09 | 10.00 | 10.01 | -0.09 |
| 79 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 2615.00 | 3880.00 | 3720.00 | 3880.00 | 93.00 |
| 80 | National Hydro Power Company Limited | 17750.00 | 135.00 | 130.00 | 133.00 | 0.00 |
| 81 | National Life Insurance Co. Ltd. | 1560.00 | 1879.00 | 1821.00 | 1860.00 | 7.00 |
| 82 | National Microfinance Bittiya Sanstha Ltd. | 1368.00 | 3660.00 | 3520.00 | 3660.00 | 73.00 |
| 83 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 536.00 | 2755.00 | 2750.00 | 2755.00 | 55.00 |
| 84 | NB Insurance Co. Ltd. | 438.00 | 1237.00 | 1213.00 | 1237.00 | 7.00 |
| 85 | Neco Insurance Co. Ltd. | 7579.00 | 1091.00 | 1048.00 | 1060.00 | 15.00 |
| 86 | Nepal Bangladesh Bank Limited | 75221.00 | 320.00 | 310.00 | 311.00 | -10.00 |
| 87 | Nepal Bank Limited | 130852.00 | 352.00 | 340.00 | 345.00 | -2.00 |
| 88 | Nepal Community Dev. Bank Ltd. | 4312.00 | 307.00 | 295.00 | 307.00 | 17.00 |
| 89 | Nepal Credit And Commercial Bank Ltd | 23301.00 | 357.00 | 339.00 | 352.00 | 7.00 |
| 90 | Nepal Doorsanchar Comapany Limited | 5895.00 | 709.00 | 700.00 | 704.00 | 2.00 |
| 91 | Nepal Grameen Bikas Bank Ltd. | 6130.00 | 713.00 | 684.00 | 713.00 | 16.00 |
| 92 | Nepal Insurance Co. Ltd. | 4250.00 | 1410.00 | 1373.00 | 1400.00 | 10.00 |
| 93 | Nepal Investment Bank Limited | 22389.00 | 752.00 | 742.00 | 748.00 | 0.00 |
| 94 | Nepal Investment Bank Ltd. Pro. Share | 4774.00 | 660.00 | 652.00 | 652.00 | -3.00 |
| 95 | Nepal Life Insurance Co. Ltd. | 15662.00 | 2020.00 | 1976.00 | 2005.00 | 20.00 |
| 96 | Nepal SBI Bank Limited | 12685.00 | 815.00 | 796.00 | 806.00 | -4.00 |
| 97 | Nerude Laghubita Bikas Bank Limited | 2102.00 | 1371.00 | 1320.00 | 1350.00 | 5.00 |
| 98 | Ngadi Group Power Ltd. | 161.00 | 233.00 | 222.00 | 233.00 | 9.00 |
| 99 | NIBL Pragati Fund | 20443.00 | 10.00 | 10.00 | 10.00 | 0.10 |
| 100 | NIC Asia Bank Ltd. | 14034.00 | 346.00 | 335.00 | 346.00 | 6.00 |
| 101 | Nirdhan Utthan Bank Limited | 12334.00 | 2500.00 | 2460.00 | 2475.00 | -20.00 |
| 102 | NLG Insurance Company Ltd. | 1104.00 | 1560.00 | 1535.00 | 1535.00 | 0.00 |
| 103 | NMB Microfinance Bittiya Sanstha Ltd. | 861.00 | 2839.00 | 2760.00 | 2810.00 | 25.00 |
| 104 | NMB Bank Limited | 5991.00 | 483.00 | 461.00 | 470.00 | 0.00 |
| 105 | NMB Hybrid Fund L-1 | 39596.00 | 10.05 | 10.00 | 10.05 | 0.05 |
| 106 | NMB Sulav Investment Fund-1 | 41100.00 | 13.81 | 13.79 | 13.80 | 0.00 |
| 107 | Om Development Bank Ltd. | 12582.00 | 385.00 | 362.00 | 385.00 | 14.00 |
| 108 | Om Development Bank Ltd. Promoter | 30000.00 | 239.00 | 239.00 | 239.00 | 4.00 |
| 109 | Oriental Hotels Limited | 723.00 | 890.00 | 865.00 | 883.00 | 28.00 |
| 110 | Pokhara Finance Ltd. | 60.00 | 236.00 | 236.00 | 236.00 | -4.00 |
| 111 | Prabhu Bank Limited | 29717.00 | 360.00 | 350.00 | 360.00 | 7.00 |
| 112 | Prabhu Insurance Ltd. | 6397.00 | 1160.00 | 1100.00 | 1140.00 | 40.00 |
| 113 | Premier Insurance Co. Ltd. | 1160.00 | 1675.00 | 1650.00 | 1670.00 | 25.00 |
| 114 | Prime Commercial Bank Ltd. | 28356.00 | 426.00 | 414.00 | 421.00 | 1.00 |
| 115 | Prime Life Insurance Company Limited | 4618.00 | 1930.00 | 1854.00 | 1880.00 | 19.00 |
| 116 | ProgressiveFinance Limited | 200.00 | 203.00 | 199.00 | 199.00 | -8.00 |
| 117 | Prudential Insurance Co. Ltd. | 1989.00 | 1441.00 | 1400.00 | 1405.00 | 19.00 |
| 118 | Purnima Bikas Bank Ltd. | 356.00 | 304.00 | 291.00 | 298.00 | 12.00 |
| 119 | Rastriya Beema Company Limited | 340.00 | 15100.00 | 14220.00 | 15100.00 | 300.00 |
| 120 | Rastriya Beema Company Ltd Pro. Share | 370.00 | 14253.00 | 13700.00 | 14000.00 | 329.00 |
| 121 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 531.00 | 2140.00 | 2090.00 | 2135.00 | 35.00 |
| 122 | Reliance Finance Ltd. | 2120.00 | 207.00 | 203.00 | 203.00 | -3.00 |
| 123 | Ridi Hydropower Development Co. Ltd. | 2253.00 | 163.00 | 154.00 | 156.00 | -3.00 |
| 124 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 2356.00 | 1333.00 | 1280.00 | 1285.00 | -48.00 |
| 125 | Rural Microfinance Dev. Centre Ltd. | 3480.00 | 799.00 | 770.00 | 799.00 | 24.00 |
| 126 | Sagarmatha Insurance Co. Ltd. | 1484.00 | 1708.00 | 1660.00 | 1708.00 | 48.00 |
| 127 | Sahayogi Bikas Bank Limited | 1745.00 | 346.00 | 330.00 | 346.00 | 13.00 |
| 128 | Sana Kisan Bikas Bank Ltd | 3521.00 | 1611.00 | 1545.00 | 1610.00 | 40.00 |
| 129 | Sanima Bank Limited | 30609.00 | 400.00 | 384.00 | 394.00 | 8.00 |
| 130 | Sanima Mai Hydropower Ltd. | 234.00 | 534.00 | 520.00 | 534.00 | 19.00 |
| 131 | Saptakoshi Development Bank Ltd. | 691.00 | 177.00 | 172.00 | 172.00 | -6.00 |
| 132 | Shangrila Development Bank Ltd. | 6039.00 | 365.00 | 353.00 | 360.00 | 0.00 |
| 133 | Shikhar Insurance Co. Ltd. | 1718.00 | 1975.00 | 1920.00 | 1945.00 | 29.00 |
| 134 | Shine Resunga Development Bank Ltd. | 1974.00 | 399.00 | 382.00 | 389.00 | 0.00 |
| 135 | Shree Investment Finance Co. Ltd. | 320.00 | 472.00 | 472.00 | 472.00 | 8.00 |
| 136 | Shrijana Finance (Bittaya Sanstha) | 210.00 | 566.00 | 560.00 | 566.00 | 8.00 |
| 137 | Siddhartha Bank Limited | 21597.00 | 426.00 | 416.00 | 420.00 | 2.00 |
| 138 | Siddhartha Equity Orineted Scheme | 52089.00 | 11.49 | 11.15 | 11.40 | 0.25 |
| 139 | Siddhartha Insurance Ltd. | 8352.00 | 1523.00 | 1460.00 | 1508.00 | 43.00 |
| 140 | Siddhartha Investment Gro. Scheme-1 | 18200.00 | 20.50 | 19.70 | 19.70 | -0.40 |
| 141 | Sindhu Bikash Bank Ltd | 523.00 | 193.00 | 193.00 | 193.00 | 3.00 |
| 142 | Soaltee Hotel Limited | 1040.00 | 360.00 | 357.00 | 360.00 | 3.00 |

Total Amount Rs. 849,633,865 Total Quantity 1,728,395 Total No of Transactions 7,844

# विश्व बजारमा नयाँ पुस्ताको आइफोन सार्वजनिक हुँदै

नेपाल समाचारपत्र

काठमाडौं

एप्पलको बहुप्रतिक्षित उत्पादन आईफोन ८ लाई अन्तत: मंगलबार विश्व बजारमा सार्वजनिक गरिँदैछ। हरेक उत्पादनमा नयाँ-नयाँ फिचर थप्दै स्मार्टफोनको दुनियाँमा फरक पहिचान बनाएको एप्पलले आईफोन ८ को नाममा परिवर्तन गरी आईफोन संस्करण या आईफोन एक्सका रूपमा सार्वजनिक गरिने जनाइएको छ।

स्टिभ जब्स्ले सन् २००७ मा स्फार्टफोनको दुनियाँमा एप्पलको प्रवेश गराएपछि हरेक वर्ष सार्वजनिक हुने नयाँ उत्पादनले विश्वको ध्यान खिच्ने गर्छ। स्मार्टफोनको बजारमा अहिले पनि उत्तिकै चासोको विषय बनेको छ एप्पलको बहुप्रतिक्षित उत्पादन 'आईफोन एक्स'। आधिकारिक रूपमा उक्त संस्करण सार्वजनिक गर्न एप्पलले आफ्नो नयाँ निर्माण गरिएको स्टिभ जब्स् थिएटरमा आफ्ना अतिथिलाई आमन्त्रण गरिएको छ भने हरेक वर्षजस्तै स्वभाविक रूपमा यसवर्ष पनि आफ्नो वेभसाइटबाट प्रत्यक्ष प्रसारण गर्नेछ।

एप्पलको १०औं वार्षिकोत्सवमा आईफोन एक्सलगायत आईफोन ७ एस र ७ एस प्लसको अपग्रेड भर्सन पनि बजारमा ल्याइने जनाइएको छ। मूल्यका हिसाबले आईफोन एक्स एप्पलका स्मार्टफोनहरूमा हालसम्मकै महँगो र सुरक्षाका दृष्टिकोणले सबैभन्दा उत्कृष्ट रहेको दाबी गरिएको छ। मूल्यका विषयमा न्यूयोर्क टाइम्सका पत्रकार ब्रिन एक्स चेनले एप्पलको पछिल्लो संस्करणको एउटै नराम्रो पक्ष भनेको त्यसको मूल्य रहने छ भनी आफ्नो रिपोर्टमा उल्लेख गरेका छन्। हुन पनि आईफोन ७ भन्दा आईफोन ८ को मूल्यमा ३ सय ५० डलर अर्थात झण्डै दोब्बर मुल्य पर्ने देखिन्छ। आईफोन ८ को मूल्य १ हजार २ सय अमेरिकी डलर अर्थात १ लाख २३ हजार नेपाली रुपियाँ पर्ने अनुमान गरिएको छ। तर, यसमा ट्याक्समार्फत् अतिरिक्त पर्न जाने मूल्य भने समावेश गरिएको छैन।



सबैभन्दा महत्त्वपूर्ण कुरा के भने एप्पलको उक्त संस्करणमा आईओएस ११ को गोल्डन मास्टर संस्करण (जीएम) को प्रयोग भएको ठानिएको छ। एप्पलले आफ्नो अपरेटिङ सिस्टम अपग्रेड गर्ने क्रममा आईओएस ११ जीएम को परीक्षण गरिरहेको छ। तर, यसको परीक्षण सफल भएको वा नयाँ फिचर के हुने छन भन्ने विषयमा कुनै जानकारी बाहिर ल्याएको छैन। विभिन्न सञ्चार एजेन्सीको रिपोर्टलाई आधार मान्ने हो भने मल्टिपल आईकन र ग्राफिक्सहरूले सुसजज्ति तुल्याएको छ भने धाररहित डिस्प्ले जडान गरिएको छ। यस अर्थमा पनि आईफोन एक्समा आईओएस ११ को जीएम भर्सन राखिएको भए स्मार्टफोनको दुनियाँमा नयाँ तरङ थप्ने पक्का पक्की छ।

आईफोन सिरिजका हरेक उत्पादनमा नयाँ फिचर थप्दै आएको एप्पलले आईफोन ८ मा उपभोक्ताका लागि नियर फिल्ड कम्युनिकेसन (एनएफ्सी) सपोर्टको अतिरिक्त फाइदा लिन सक्ने सुविधा भित्राउने छ। एनएफसीबाट प्रयोगकर्ताले आफ्नो फोनलाई एप्पल वाचसँग जोड्न सक्नेछन् भने आईओएस कनेक्टिभिटी मार्फत एकअर्कोसँग जोड्न सकिने छ। तर, त्यस्तो सुविधा केही दूरीसम्म मात्र उपलब्ध हुनेछ।

त्यसैगरी एप्पलले आईफोन ७ मा प्रयोग गरिसकेको ड्युल रिअर क्यामेराले नयाँ सँस्करणमा पनि निरन्तरता पाउनेछ। दुईवटा भर्टिकल रिअर क्यामेराले उत्कृष्ट तस्विरका लागि मद्दत गर्नेछ।

बिनातार विद्युतीय शक्ति प्रवाह गरेर चार्ज गर्नु एप्पलको नयाँ प्रयोग हो। म्याग्नेटिक इन्डक्सनको सहायताले यस्तो प्रविधि सम्भव भएको हो। सुरक्षाका चुनौतीका हिसाबले फोन अघिल्ला सिरिजभन्दा मजबुत देखिएको छ। त्यो कुन अर्थमा पनि भने उक्त फोनले आन्तरिक रूपमा नै आफ्नो मालिकको अनुहार चिनेर लक खोल्ने प्रविधि पनि जडान गरेको छ। यद्यपि, फेस डिटेक्टिङ प्रविधि उपभोक्ताका लागि नयाँ स्वाद भने होइन। तर, एप्पलले एक्स संस्करणको डिस्प्लेमा थ्री डि सेन्सर जडान गरिएको छ।

एनिमेटेड इमोजी (एनिमोजी), उत्कृष्ट फोटोका लागि पोट्रेड लाईटिंङ मोड, ट्रु टोन डिस्प्ले लगायत नयाँ फिचर आईफोन एक्समा देख्न सकिनेछ। होम बटन नभएको नयाँ मोडलमा पावर बटन थिचेर सिरि एक्टिभेट गर्न सकिनेछ। भ्वाइस कमान्डका रूपमा काम गर्ने सिरिले स्मार्ट वाचबाट आएको निर्देशनलाई पनि पालना गर्नेछ।

हरेक भर्सनमा नयाँ डिजाइन भित्र्याउने एप्पलले आईफोन ८ को डिजाइन कस्तो हुने भन्ने सार्वजनिक गरिसकेको छैन। तर, यसको डिस्प्ले ५ दशमलव ५ सेन्टिमिटरको हुनेछ। जुन आकार आईफोन ७ भन्दा ठूलो हो। फोन सेतो, कालो र सिल्भर रङमा उपलब्ध हुनेछ। नेपाली बजारका उपभोक्ताले भने अन्तर्राष्ट्रियमा लन्च भइसकेपछि पनि लामै समय कुर्नुपर्ने देखिन्छ।

(विभिन्न अन्तर्राष्ट्रिय समाचार एजेन्सीको सहयोगमा)

२०७४, भदौ
मंगलबार
२७

सम्मेलनमा सार्क सदस्य राष्ट्रलगायत १८ देशका ८० महिला उद्यमी तथा नीति निर्माताको सहभागिता रहेको छ।

अर्थ

# १८ देशका ८० महिला उद्यमी काठमाडौंमा

## ठूला कम्पनीको नेतृत्वमा महिला आउनुपर्नेमा प्रमको जोड

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री शेरबहादुर देउवाले अब महिला ठूला कम्पनीको नेतृत्व तहमा आउनुपर्ने बताउनुभएको छ। सोमबार अन्तर्राष्ट्रिय महिला व्यवसायी सम्मेलनको उद्घाटन गनुहुँदै प्रधानमन्त्री देउवाले महिला साना तथा मझौला खालका उद्यममा मात्र सीमित हुन नहुनु बताउनुभएको हो।

सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले आर्थिक विकासका लागि महिलाहरूको सहभागिता अतुलनीय रहेको बताउनुभयो। उहाँले आर्थिक रूपले एक महिला सक्षम तथा आत्मनिर्भर हुनु भनेको सिंगो परिवार नै समृद्ध हुनु रहेको बताउनुभयो। उहाँले भन्नुभयो-'नेपाली महिलालाई साना तथा मझौला उद्यमतर्फ आकर्षण गर्न लगानीमैत्री वातावरण तयार गर्ने काम सरकारको प्राथमिकतामा छ।'



पूरै देशको उत्थानका लागि महिलामा लगानी बढाउन आवश्यक रहेको औंल्याउनुभयो। देउवाले नेपालको संविधानले स्थानीय तह, प्रदेश र प्रतिनिधिसभामा उल्लेख्य रूपमा महिला सहभागितालाई सुनिश्चित गरेको बताउँदै संविधानले महिलालाई सशक्त तथा अधिकार सम्पन्न बनाउन मद्दत पुगेको बताउनुभयो।

प्रधानमन्त्री देउवाले महिला परिवर्तित समयअनुसार व्यापार र उद्यममा आउनेक्रम बढेको बताउनुभयो। महिलाहरूलाई साना तथा मझौला उद्यमतर्फ आकर्षित गर्न नियम कानुनमा सुधारको आवश्यकता रहेको उहाँको भनाइ छ।

दक्षिण एसिया महिला विकास मञ्चद्वारा आयोजित उक्त सम्मेलनमा सार्क सदस्य राष्ट्रलगायत १८ देशका ८० महिला उद्यमी तथा नीति निर्माताको सहभागिता रहेको छ। दुई दिने सो सम्मेलनमा पर्यटन, कृषि तथा सूचना प्रविधिका क्षेत्रमा संलग्न महिला उद्यमीले हासिल गरेका सफलता, भोग्दै आएका समस्या एवम् लगानीका बारेमा छलफल हुने बताइएको छ। उद्यमशीलता विकाससम्बन्धी रणनीतिमा केन्द्रित रहने सम्मेलनका सहभागी सम्बद्ध विज्ञहरूले सार्कमा महिला अरू क्षेत्रभन्दा तुलात्मक रूपमा पछाडि रहेको बताएका छन्।

विश्व व्यापार संगठनका अनुसार यस क्षेत्रको कुल व्यापारको १० प्रतिशत हिस्सा मात्र महिलाको छ। तीमध्ये पनि साना तथा मझौला व्यापार/उद्यममा महिला संलग्न छन्।

उद्घाटन समारोहमा बोल्दै आयोजक संस्थाका अध्यक्ष प्रमिला आचार्य रिजालले महिलालाई उद्योग व्यवसायमा थप आकर्षण गर्न सम्मेलन आयोजन गरिएको जानकारी दिनुभयो। उहाँले यस क्षेत्रमा भएका ज्ञान र प्रविधिलाई एक आपसमा बाँड्न पनि सम्मेलन प्रभावकारी हुने दाबी गर्नुभयो। त्यस्तै सार्क सचिवालयका महासचिव अमजद हुसेनले महिलाको आर्थिक तथा सामाजिक सुधार ल्याउन महिला उद्यमशीलता विकास गर्न जरुरी भएको बताउनुभयो।

उद्घाटन समारोहमा उद्योगपति विनोद चौधरीले नेपालका महिला राजनीतिक रूपमा धेरै अगाडि रहेको बताउनुभयो। तर, उद्योग व्यवसायमा भने सहभागिता न्यून रहेको उहाँको भनाइ थियो।

# हिमालयन बैंकको परिमार्जित इ कमर्स पेमेन्ट गेटवे

काठमाडौं, (नेस)

हिमालयन बैंक लिमिटेडले आफ्नो विद्युतीय भुक्तानी प्रणाली 'एचबीएल ई कमर्स पेमेन्ट गेट वे' को नयाँ संस्करण शुरू गरेको छ। अबदेखि बैंकमार्फत स्वदेशी तथा विदेशी व्यापारी तथा ग्राहकहरूले अनलाईन सेवामार्फत वस्तु तथा सेवाको खरीद बिक्री डेविट वा क्रेडिट कार्ड प्रयोग गरी गर्न सक्नेछन्।

बैंकले सन् २०१५ को जनवरी देखिनै अन्तर्राष्ट्रिय कार्डधारकहरूलाई लक्षितगरी नेपाली व्यापारीहरू माझ ई-कमर्स सेवा प्रदान गर्दै आईरहेको छ। बैंकले भूकम्पपश्चात प्रधानमन्त्री भूकम्प सहायता कोषमा विभिन्न देशहरूवाट उपलब्ध सहयता रकम बैंकको ई-कमर्स सेवामार्फत् संकलन गरेको थियो। बैंकले ९३ हजार ५ सय अमेरिकी डलर ई-कमर्सको माध्यमद्वारा संकलन भएको जनाएको छ।

बैंकले हाल शुरू गरेको ई-कमर्सको नयाँ संस्करण एसिया प्यासिफिक क्षेत्रको विद्युतीय भुक्तानी सेवा प्रदायक टुसीटुपी थाइल्यान्डसँगको सहकार्यमा शुरू गरेको हो। बैंकले नयाँ शुरू गरेको ई-कमर्सको यस संस्करण अन्तर्राष्ट्रिय तथा स्थानीय कार्डधारकहरूलाई लक्षित गरी विकास गरिएको जनाएको छ। ई-कमर्सको माध्यमले वस्तु तथा सेवाको खरिद तथा बिक्री विद्युतीय प्रणालीमार्फत् गर्न सकिन्छ। बैंकको विद्युतीय भुक्तानी प्रणाली प्रयोग गरी स्थानीय व्यवसायीहरूले आफ्ना उत्पादनहरू सजिलो तथा सुरक्षित किसिमले स्थानीय तथा अन्ताराष्ट्रिय बजारमा बिक्री गर्न सक्नेछन्।

हाल परिष्कृत गरिएको विद्युतीय भुक्तानी प्रणालीले सबै भिसा तथा माष्टरकार्ड ब्रान्डका कार्डहरू स्वीकार गर्दछ। बैंकद्वारा परिमार्जित ई-सेवामा उड्डयन, होटेल, ट्राभल तथा टुर, अनलाइन खरिद बिक्री साइट, सिनेमा थिएटर आदिहरूको लागि समेत उपलब्ध छ। थ्रि डि सेक्युर प्रविधिमा आधारित भएको हुँदा यस प्रणालीमा रही डेविट तथा क्रेडिट कार्डमार्फत गरिने सम्पूर्ण कारोबारहरू अत्यन्त सुरक्षित हुनेछन्।

# कोकाकोलाको दशैं-तिहारका लागि मेगा अफर

काठमाडौं, (नेस)

कोकाकोला नेपालले मेगा दशैं तिहार उपभोक्ता प्रवर्द्धन अभियान 'मन खोलौं कोकसँग' सार्वजनिक गरेको छ। अभियान असोज ३० गतेसम्म वा स्टक उपलब्ध रहेसम्म नेपालभरि सञ्चालन हुने कम्पनीले जनाएको छ।




कोकाकोलाले दैनिक जीवनमा विभिन्न ८ फरक सम्बन्ध दर्साउने लोगोहरूका साथमा नयाँ प्याक ल्याएको छ, जसमा विभिन्न फरक सम्बन्धहरू दर्साउने सन्देशहरू लेखिएका छन्। कोकाकोलाको यस वर्षको अभियान मोटरबाइक जित्ने अवसरका साथ आएको छ। अभियानमा एउटा टीभीएस स्ट्राइकर १२५ सीसी प्रत्येक दिन जित्न सकिने कम्पनीले जनाएको छ। अभियानका अन्य आकर्षक पुरस्कारमा दैनिक ४ वटा एलजी एलईडी टिभी र ४ सय जनाले १ सय रुपियाँको मोबाइल रिचार्ज जित्न सक्नेछन्।

अभियानमा सहभागी हुनका लागि लेबलको मुनि भएको १० अंकको युनिक कोड हेरेर ३७७२२ मा एसएमएस गर्नुपर्नेछ र बिहान ११ बजेदेखि बेलुकी ७ बजेभित्र आएको एसएमएसलाई त्यही दिनको लक्की ड्रमा समावेश गरिने कम्पनीले जनाएको छ। पुरस्कार प्राप्त गर्नका लागि सक्कली लेबलका साथमा विजेता भएको युनिक कोड अनिवार्य राख्नुपर्नेछ। अभियानको बारेमा बोटलर्स नेपाल लिमिटेडका प्रबन्ध निर्देशक पुनित भार्सनेले गत सालझैं यस वर्ष पनि हामी सोही गतिलाई निरन्तर कायम गर्दै नौलो उपभोक्ता योजनाका साथ आएको बताउनुभयो।

# बैतडीको पाटन विमानस्थल कालोपत्रे हुँदै



नेपाल समाचारपत्र

बैतडी

बैतडीको पाटन विमानस्थल कालोपत्रे तथा अर्थात स्तरोन्नतिको काम तीव्र गतिमा भइरहेको छ। विमानस्थललाई २०७५ असार मसान्तभित्र कालोपत्रे गर्ने लक्ष्यसहित कटिङको काम तीव्र गतिमा भइरहेको हो।

गत वर्षको बजेट भाषणमा सरकारले झण्डै दुई दशकदेखि बन्द रहेको पाटन विमानस्थललाई स्तरोन्नति गरी पुन: सुचारु गर्ने गरी बजेट विनियोजन गरेको थियो। सोहीअनुसार गत मंसिरमा विमानस्थल सञ्चालनको लागि विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) तयार पारिएको थियो। सोही डीपीआर अनुसार विमानस्थललाई स्तरोन्नति गरी पुन: सुचारु गर्न ठेक्का आह्वान गरेर निर्माण कार्य शुरू गरिएको हो। करिब १३ करोडको लागतमा ५८० मिटर लम्बाई २० मिटर चौडाई क्षेत्रफलमा कालोपत्रे गरिने नागरिक उडड्यन प्राधिकरणका वरिष्ठ अधिकृत समृद्धि श्रेष्ठले जानकारी दिनुभयो। यस विमानस्थलमा टुवीनेटर विमान अवतरण गर्ने सक्ने र दुई विमान पाकिङ गर्न सकिने उहाँले बताउनुभयो।

गाल्वा च्याङमिला जगदम्बा जेभी निर्माण कम्पनीले विमानस्थललाई कालोपत्रेका साथै घेरबार गर्ने कम्पनीका प्रतिनिधि दानसिंह रावलले जानकारी दिनुभयो। उहाले भन्नुभयो-'अहिले कटिङको काम भइरहेको छ, यसपछि फिलिङ गरेर विमानस्थललाई कालोपत्रे गरिनेछ।' लगातारको वर्षाका कारण स्तरोन्नतिको काम २ महिना ढिला भएको छ, समयमै सम्पन्न गर्न तीव्र गतिमा काम भइरहेको कम्पनीका प्राविधिक पुरनदेव रावलले जानकारी दिनुभयो।

लामो समयदेखि बन्द रहेको विमानस्थल सुचारु गर्ने हिसाबले काम शुरू भएपछि स्थानीय बासिन्दा खुशी भएका छन्। बन्द रहेको विमानस्थल सञ्चालनका लागि काम शुरू भएपछि आफूहरू खुशी भएको स्थानीय उत्तम भण्डारीले बताए। विमानस्थल सञ्चालनमा आए यस क्षेत्रको विकासले फड्को मार्ने उहाँको भनाइ छ।

पाटन विमानस्थल सञ्चालनमा आए यो क्षेत्रमा पर्यटकको आगमन हुने स्थानीय लवदेव जोशीले बताउनुभयो। पाटन देशका १० नमूना शहरमध्ये एक शहर पनि हो, ७ नम्बर प्रदेश पर्यटन सम्भावना बोकेको क्षेत्र हो, पाटन विमानस्थल सञ्चालनमा आए भारतको उत्तराखण्डबाट नेपाल आउने पर्यटक बैतडी भएर आउने उहाँको भनाइ छ।

पाटन विमानस्थल सुचारु भएमा पत्तालभूमेश्वर लगायत बैतडीका धार्मिक पर्यटकीय क्षेत्र, दार्चुलाको अपी हिमाल, बझाङको सैपाल हिमाल र डडेल्धुराका धार्मिक पर्यटकीय क्षेत्रमा पर्यटकहरू भित्र्याउन सजिलो हुने विश्वास लिइएको छ। यस्तै मध्यपहाडी लोकमार्गअन्तर्गतको पाटन नमूना शहर भएकाले पनि विमानस्थल सुचारु हुनुपर्ने धेरैको भनाइ छ।

वि.स. २०६१ सालमा तत्कालीन पर्यटन तथा नागरिक उडड्यन मन्त्री लोकें[illegible] बिष्ट मगरले पनि विमानस्थल सुचारु गर्ने प्रतिबद्धता जनाएका थिए। तर त्यो प्रतिबद्धता मात्रै सीमित भयो।

२०७२ सालमा तत्कालीन अर्थराज्यमन्त्री दामोदर भण्डारीको पहलमा गतसालको बजेट भाषणमा पाटन विमानस्थलका लागि बजेट छुट्टयाइए पछि स्तरोन्नतिको काम शुरू भएको छ, अब विमानस्थल सुचारु हुन्छ कि भन्ने आश गर्न सकिन्छ।

# पर्यटन क्षेत्रबाट अपेक्षित लाभ लिन सकिएन : *व्यवसायी*

नेपाल समाचारपत्र

काठमाडौं



पर्यटन क्षेत्रमा आबद्ध उद्यमी व्यवसायीहरूले पर्यटन विकास र प्रवर्द्धनमा सरकारको उच्च प्राथमिकता रहेको भनिए पनि त्यसबाट अपेक्षित प्रतिफल आउन नसकेको गुनासो गरेका छन्। भूकम्पपछि पर्यटन क्षेत्र झनै जीर्ण बन्दै गएको विश्लेषण व्यवसायीको छ।

नेपाल उद्योग वाणिज्य महासंघको सचिवालयमा आयोजित पर्यटन क्षेत्रका चुनौती तथा विकासका सम्भाव्यता विषयक छलफल कार्यक्रमका सहभागी उद्यमी व्यवसायीहरूले तीन वर्ष अघिको भूकम्पबाट क्षतिग्रस्त पुरातात्विक महत्त्वका सम्पदाहरू आजसम्म पनि टेकोकै भरमा रहनु दु:खद भएको भन्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जितेन्द्रनारायण देवको ध्यानाकर्षण गराएका हुन्। सडकलगायतका पूर्वाधार क्षेत्रको विकास र मर्मत हुन नसकेका कारण नयाँ पर्यटकीय गन्तव्यहरूको विकास हुन नसकेको पर्यटन व्यवसायीको भनाइ रहेको छ। नेपाल आउन चाहने पर्यटकको लागि आवश्यक अन्तर्राष्ट्रिय विमानस्थलको अभाव तथा हवाई सञ्जालको कमी हुनु, भएका पर्यटकीय क्षेत्रहरू पनि उचित रेखदेखको अभावमा जीर्ण बन्दै जानुलगायतका कारणबाट पर्याप्त सम्भावना हुँदाहुँदै पनि पर्यटन क्षेत्र अगाडि बढ्न नसकेको धारणा व्यवसायीहरूले राखेका छन्।

पर्यटन क्षेत्रको विकासका लागि दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण प्रक्रिया तत्काल अगाडि बढाउनुपर्नेमा व्यवसायीहरूले जोड दिएका छन्। गौतम बुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यलाई शीघ्र सम्पन्न गर्नुपर्ने, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई २४सैं घण्टा सञ्चालन गर्न मिल्ने गरी स्तरोन्नती गर्नुपर्ने लगायतका विषयमा सरकार गम्भीर नभएको उनीहरूको भनाइ थियो। त्यसैगरी राष्ट्रिय ध्वजावाहकको क्षमता वृद्धि गर्नुपर्नेमा पनि व्यवसायीहरूले विशेष चासो देखाएका थिए।

पर्यटकीय महत्त्वका पुरातात्विक सम्पदाहरूको पुनर्निर्माणलाई तीव्रताका साथ सम्पन्न गर्ने विषयलाई सरकारले गम्भीरताका साथ नलिएको आरोपसमेत व्यवसायीले लगाए। नेपाल-भारत सीमा क्षेत्रमा पर्यटकहरू माथि गरिने व्यवहारमा परिवर्तन गरिनुपर्ने र भारतीय ५ सय र हजार दरका नोटको समस्या समाधान गरी भारतीय २ हजार दरका नोट चलनचल्तीमा ल्याउन हालसम्म पहल हनु नसकेको उनीहरूको भनाइ रहेको छ।

साना ठूला सबै स्तरका होटलहरूलाई राज्यले गर्ने व्यवहार समान हुनुपर्ने, प्रमुख पर्यटकीय क्षेत्रहरूमा सडक, खानेपानी, शौचालयको उचित प्रबन्ध गर्नुपर्ने सुझाव व्यवसायीहरूले दिएका थिए। त्यसैगरी नेपालको पर्यटनबारे अन्तर्राष्ट्रिय बजारमा नियमित प्रचारप्रसार गर्न विभिन्न देशमा कार्यरत नेपाली कुटनीतिक नियोग तथा गैरआवासीय नेपालीलाई परिचालन गरिनुपर्ने व्यवसायीहरूले बताएका छन्। नेपालमा माइस पर्यटनको निकै धेरै सम्भाव्यता रहेकाले यसको प्रचारप्रसारमा सरकारले विशेष रणनीति अख्तियार गर्नुपर्ने, नेपाल आउने पर्यटकलाई बहुप्रवेशाज्ञा लगाउने व्यवस्था गरिनुपर्ने लगायतका सुझावहरू उनीहरूले राखेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै पर्यटन मन्त्री देवले नीतिगत सुधार सहित महत्त्वपूर्ण पूर्वाधार विकासका लागि मन्त्रालयले कार्य अगाडि बढाई सकेको जानकारी गराउनु भएको थियो। निजी क्षेत्रका गुनासो र सुझाव सुनिसकेपछि मन्त्री देवले भन्नुभयो-'राम्रो मान्छेहरूको टिम बनाएर तपाईहरूले देखने कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। आवश्यक पूर्वाधार विकासका लागि हामीले काम थाली सकेको छौं। तपाईहरू आ-आफ्नो तहबाट पर्यटन क्षेत्रको विकासमा लाग्नु होस मेरो पूरा सहयोग रहने छ।'

पर्यटन क्षेत्रको समुचित विकासका लागि अन्य मन्त्रालयहरूसँग समेत समन्वय गरी कार्य गर्ने प्रतिबद्धता जनाउनुहुँदै मन्त्री देवले पर्यटन क्षेत्रको विकासका लागि तत्काल के-के गर्न आवश्यक छ संस्थागत रूपमा सुझाव दिन महासंघसँग आग्रह गर्नुभयो। साथै उहाँले आफूले आगामी ६० दिनमा गर्ने प्रमुख कार्ययोजनाहरू सार्वजनिक समेत गरिसकेको जानकारी गराउनुभयो।

महासंघका अध्यक्ष भवानी राणाले मुलुक विस्तारै अगाडि बढ्ने आशा पलाईरहेको अवस्थामो पर्यटन क्षेत्रको विकासका लागि धेरै चुनौतीहरू रहेको बताउनुभयो। कमजोर पूर्वाधार नै पर्यटन विकासको सबैभन्दा ठूलो चुनौती रहेको स्पष्ट पार्नुहुँदै अध्यक्ष राणाले अन्तर्राष्ट्रिय विमानस्थल, सडक सञ्जाल विस्तारसहित नयाँ पर्यटन गन्तव्यको विकासमा राज्यको ध्यान जानुपर्नेमा जोड दिनुभयो। महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले पर्यटन क्षेत्रका लागि एक दुई वटा महत्त्वपूर्ण काम मात्र सम्पन्न गर्न सके पनि नेपालको आर्थिक विकास तीव्र रूपमा अगाडि बढ्ने धारणा राख्नुभयो। धेरै कुरा भन्दा पनि दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय विमानस्थलको निर्माण कार्यलाई तत्काल अगाडि बढाउन र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमान स्थललाई छिटो सम्पन्न गर्न मन्त्री देवलाई आग्रह गर्नुभएको थियो।

# एनबी बैंक बुमको एजेन्ट नियुक्त

नेपाल समाचारपत्र

काठमाडौं

बुम रेमिटयान्सले नेपाल बंगलादेश बैंकलाई आफ्नो एजेन्ट नियुक्त गरेको छ। एजेन्ट नियुक्त भएसँगै बुम रेमिटयान्समार्फत नेपालीले विदेशबाट पठाएको रकम नेपाल बंगलादेश बैंकले आफ्नो शाखाहरूमार्फत भुक्तानी गर्न पाइने भएको हो। यसका साथै बुम रेमिटयान्सको सफ्टवेयरमार्फत आन्तरिक विप्रेषण कार्य गर्नका लागि पनि सम्झौता भएको छ। सम्झौतामा बुम रेमिटयान्सको तर्फबाट प्रबन्ध निर्देशक धिरेन्द्र पन्त र नेपाल बंगलादेश बैंकका तर्फबाट नायब महाप्रबन्धक सुरेन्द्र भूषण श्रेष्ठले सम्झौतापत्रमा हस्तक्षर गर्नुभयो।

सम्झौता पत्रमा हस्ताक्षर गर्दै बुमका प्रबन्ध निर्देशक धिरेन्द्र पन्तले आन्तरिक सञ्जाललाई तीव्ररूपले विस्तार गर्दै आएको बुम रेमिटयान्सले विदेशमा पनि आफ्नो सञ्जाललाई विस्तार गर्दै जाने रणनीति रहेको बताउनुभयो। उक्त अवसरमा बैंकका नायब महाप्रबन्धक सुरेन्द्रभूषण श्रेष्ठले बुम रेमिटयान्ससँगको सहकार्यले बैंकको रेमिटयान्स व्यवसायमा थप टेवा मिल्ने धारणा व्यक्त गर्नुभयो।

बुम रेमिटयान्सको नेपालभरि ४ हजारभन्दा बढी सब-ऐजेन्ट रहेका छन्। त्यस्तै नेपाल बंगलादेश बैंकको नेपालभरि ४७ वटा शाखा र २ वटा एक्स्टेन्सन रहेका छन्।

# नेपालको फराकिलो जित

काठमाडौं, (नेस)

नेपालले एसीसी यू-१९ एसिया कपअन्तर्गत पूर्वीक्षेत्रीय छनोटको पहिलो खेलमा भारी रनअन्तरले जित हात पारेको छ।

मलेसियाको क्लब अमानमा सोमबार भएको खेलमा नेपालले थाइल्यान्डलाई २ सय ५५ रनले हराएको हो। थाइल्यान्डविरुद्ध टस जितेर ब्याटिङ गरेको नेपालले २ सय ८१ को विशाल स्कोर बनाएको थियो। जसमा अनिलकुमार शाहले सर्वाधिक योगदान दिने क्रममा ९१ रन जोडे। उनले ७४ बलको सामना गरेर ६ चौका र ५ छक्का प्रहार गरेका थिए। अन्य खेलाडीमा प्रानित थापामगरले ५० रन बनाए।

ब्याटिङमा चारैतिरबाट रन बटुलेर विपक्षीमाथि हावी भएको नेपालले बलिङमा पनि सोहीअनुरूप प्रदर्शन गर्‍यो। नेपाली बलरका सामु थाइल्यान्ड २६ रनमै अलआउट भएको थियो। नेपाली बलर सन्दीप लामिछानेले ७ विकेट लिएका थिए। म्यान अफ द म्याच सन्दीपले ४ ओभरमा मात्र ६ रन खर्चेर सात विकेट हात पारे। एक ओभर मेडन पनि फायाकियो।

# लक्ष्मीलाई पारा पौडीमा स्वर्ण

काठमाडौं, (नेस)

पारा ओलम्पियन लक्ष्मी कुँवर सोमबार भएको प्रथम सुरेन्द्र स्मृति पारा पौडी प्रतियोगिताको ५० मिटर स्पाइनल इन्जोरतर्फको इभेन्टमा स्वर्ण पदक जितेकी छन्। रियो पारालिम्पिकमा सहभागी उनले ५० मिटर दूरी १ मिनेट १३ दशमलव ९७ सेकेन्डमा पार गरेकी थिइन्। यसअघि नेपालमा पारा पौडीको २५ मिटरको मात्र इभेन्ट हुने गर्दथ्यो। पहिलो पटक स्वदेशमा नै ५० मिटरको दूरीको स्पर्धामा सहभागी हुन पाएकामा उनले खुसी व्यक्त गरिन्।

ह्विलचियर प्रयोग गर्नेहरूको सो स्पर्धामा सोनिया दाहाल १ मिनेट १८ दशमलव २१ सेकेन्ड दूरी पार गर्दै दोस्रो भइन्। अनु राईले १ मिनेट २८ दशमलव २२ सेकेन्डमा दूरी पार गर्दै तेस्रो स्थानमा चित्त बुझाइन्।

सातदोबाटोस्थित पौडी पोखरीमा भएको सो प्रतियोगिताको पुरुषको ५० मिटर स्पाइनलमा अक्कल तामाङ प्रथम भए। उनले ५८ दशलमव ७८ सेकेन्डमा दूरी पूरा गरे। दिपक तामाङले १ मिटेर १२ दशमलव ८९ सेकेन्डमा दूरी पूरा गर्दै दोस्रो स्थान कब्जा जमाए। रमा तामाङ तेस्रो भए। उनले १ मिनेट ३५ दशमलव ९७ सेकेन्डमा दूरी पूरा गरे।

एम्पुटीतर्फका ५० मिटर फ्रिस्टाइलमा महिलातर्फको स्पर्धामा सिरता छुलुङ प्रथम भइन्। उनले ५५ दशमलव ३८ सेकेन्डमा दूरी पूरा गरिन्। भावना अधिकारीले १ मिनेट ४७ दशमलव ३३ सेकेन्डमा दूरी पूरा गर्दै दोस्रो भइन्। सो स्पर्धामा शर्मिला सिलवालले निर्धारित दूरी पूरा गरेकी थिइन्।

# आईटीएफ टेनिस पोखरामा शुरू

पोखरा, (नेस)

कास्की जिल्ला टेनिस संघको आयोजनामा सोमबारदेखि पोखरामा एनआईसी एसिया बैंक नेपाल आईटीएफ सिनियर च्याम्पियनसिप टेनिस प्रतियोगिता शुरू भएको छ। प्रतियोगिताको सर्किट १ अन्र्तगत उद्घाटन खेलमा ३५ वर्षमाथि एकलमा पोखराका गोपीबहादुर भट्टराईले पोखराकै मुनेष थापालाई ६-०, ६-१ को सहज सेटमा पराजित गरे। अन्य खेलहरूमा सिमान्त गुरुङले जन्मजय शमशेर जबरालाई ६-१, ६-२, टिम मण्डिखाटारका राजु श्रेष्ठले पोखराका सूर्य भुजेललाई ६-०, ६-०, निमा लामा शेर्पाले भारतका राजेश सोधीलाई ६-०, ६-३ ले पराजित गरे।

# गत वर्षको फाइनलिस्ट पराजित

काठमाडौं, (नेस)

सिद्धार्थ वनस्थलीसँग ५-१ ले हारेर दोस्रो एपेक्स लाइफ यू-१२ अन्तरविद्यालय छात्र फुटसल प्रतियोगिताबाट गत वर्षको फाइनलिस्ट संस्कृति बाहिरिएको छ। विजेता टोलीका कृश थापाले ह्याट्रिक गरे भने आर्जन मगरले १ गोल थपे। एपेक्स लाइफ स्कुलद्वारा आयोजित प्रतियोगिताको अन्य लिग खेलमा बाबा, द इलाइट्स को-एड र निम्सले सफलता हात पारे। बाबाले आइडियल इंग्लिस स्कुललाई ६-० को फराकिलो गोल अन्तरले हरायो। धन्डुप गुरुङ र नाम्गेल थापाले २-२ गोल गरे।

# किरण र नङसल उत्कृष्ट खेलाडी



उज्वल ढ्वाँल, काठमाडौं

नेपाल समाचारपत्र
काठमाडौं

पल्सर स्पोर्टस अवार्डको १४औं संस्करणमा पुरुषतर्फ फुटबलर किरण लिम्बु र महिलातर्फ ब्याडमिन्टनकी नङसल तामाङ वर्ष खेलाडी घोषित भएका छन्। नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) द्वारा सोमबार आयोजित सो अवार्डमा उत्कृष्ट वर्ष युवा खेलाडी जुडोकी मनिता श्रेष्ठ प्रधान बनिन्। त्यस्तै उत्कृष्ट प्रशिक्षक एथ्लेटिक्सका पुष्पराज ओझा घोषित भए। सबैभन्दा लोकप्रिय विधा पिपुल्स च्वाइस अवार्डको उपाधि एथ्लेटिक्सकी कान्छीमाया कोजुले हात पारिन्। उनले मनोनयनमा परेका अन्य चार खेलाडीलाई मतको आधारमा पछि पारेकी हुन्।

एसएमएस मतदान र फेसबुक लाइकका आधारमा घोषणा गरिएको पिपुल्स च्वाइस अवार्डमा कुल ९५ हजार ७ सय २६ मत प्राप्त भएको थियो। चार फेसबुक लाइक बराबर एक मत मानिएको थियो। हाफ म्याराथनमा राष्ट्रिय कीर्तिमान रचेकी कोजुले ६६ हजार ८ सय ३४ मत पाएर लोकप्रिय खेलाडीको उपाधि जितिन्। त्यस्तै फुटबलका सुजल श्रेष्ठ दोस्रो स्थानमा रहे। साथै हाल मलेसियामा अन्डर १९ प्रतियोगितामा नेपाली टोलीका कप्तान बनेका दीपेन्द्र सिंह ऐरीले तेस्रो स्थानमै चित्त बुझाउनुपरेको थियो।

यसैगरी नेपालका पहिलो व्यावसायिक गल्फर घनश्याम थापालाई लाइफटाइम एचिभ्मेन्ट अवार्ड प्रदान गरियो। चार दशक लामो इतिहासमा पहिलो अन्तर्राष्ट्रिय पदक जितेको नेपाली राष्ट्रिय भलिबल टोलीलाई टिम अफ द इयर (वर्षको टोली)को अवार्ड दिइएको थियो। पारा एथ्लेटतर्फको अवार्ड नेत्रहीन क्रिकेटर पदम बडेलाले जिते भने स्पेसल अवार्डद्वारा बन्दी सहायत नियोग (पाम)लाई सम्मान गरियो। उत्कृष्ट भएका पुरुष, महिला, प्रशिक्षक र पिपुल्स च्वाइसका खेलाडीले मोटरसाइकल प्राप्त गरे भने अन्य विधाका विजेताले जनही ५० हजार नगद प्राप्त गरेका थिए।













## धरहरा

### दशैं आयो पैसा उठाउँला



दशैं आयो खाउँला पिउँला, यो भनाइ अहिले ट्राफिक प्रहरीसँग ठ्याक्क मिल्न थालेको देखेर धरहरा दंग परेको छ।

हिजो आज कलंकीका ट्राफिक प्रहरीले पैसा उठौती पुठौती गरेको देखेर दशैं आएको भान धरहरालाई भएको छ।

अहिले सानो तिनो गल्ती भए पनि लाइसेन्स माग्ने, अनि दशैं आयो थाहा छैन भन्दै चालक र सहचालकलाई थर्काएको देखेर धरहरालाई लाग्यो अब दशैं भने पक्कै आएको रहेछ। हैन दशैं ट्राफिक प्रहरीलाई मात्रै आएको त होइन होला नि! अन्य सरकारी निकायका मानिसलाई पनि दशैं आउनुपर्ने हो, तर ट्राफिक प्रहरीले लाज पचाएर पैसा उठाएको देखेर धरहरा ट्राफिक प्रहरीलाई चार भञ्ज्याङ कटाउनुपर्ने पक्षमा छ।

# मिस्टर भ्याली शुक्रबारदेखि

काठमाडौं, (नेस)

भक्तपुर जिल्ला शारीरिक सुगठन तथा फिट्नेस संघको आयोजनामा तेस्रो मिस्टर भ्याली शारीरिक सुगठन प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ।

प्रतियोगितामा ५५, ६०, ६५, ७०, ७५ केजी र ७५ केजीमाथि गरी जम्मा ६ तौलसमूहमा प्रतिस्पर्धा हुने आयोजक संघका अध्यक्ष बाबुकाजी मानन्धरले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। करिब १ सय खेलाडीको सहभागिता रहने बताइएको छ।

पहिलो दिन प्रि-जजिङ राउन्ड हुनेछ। त्यसमा प्रत्येक तौलसमूहमा शीर्ष ५औं स्थानमा रहने खेलाडी फाइनल चरणमा प्रवेश गर्नेछन्। हरेक तौलसमूहको फाइनलमा पहिलो हुने खेलाडीले फेरि मिस्टर भ्याली उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। समग्रमा पहिलो हुनेलाई ५० हजार नगदबाट पुरस्कृत गरिनेछ। दोस्रोदेखि छैटौं हुने खेलाडीले जनही १० हजार नगद पुरस्कार हात पार्नेछन्।

प्रतियोगिता सञ्चालन गर्न करिब ७ लाख ७५ हजार रुपियाँ खर्च हुने अध्यक्ष मानन्धरले बताए। प्रतिस्पर्धा भक्तपुरको कमलविनायकस्थित स्टार बैंक्युटमा हुनेछ। प्रतियोगिताकै दौरान खुला उचाइ समूहमा प्रथम मिस्टर फिट्नेस फिजिक्स पनि हुने आयोजकले जनाएको छ। विजेताले १० हजार नगद पुरस्कार जित्ने छ।

# नाडालको १६औं ग्रान्डस्लाम उपाधि




न्युयोर्क, (एजेन्सी)

यूएस ओपन टेनिसमा पुरुष सिंगल्समा उपाधि जितेपछि शीर्ष वरीयता प्राप्त राफाल नाडालले करिअरमा १६औं ग्रान्डस्लाम उपाधिसंख्या पुर्‍याएका छन्।

३१ वर्षीय स्पेनी खेलाडीका लागि यो उपाधिसँगै यस वर्ष सुखद पनि बन्यो। नाडालले सर्वाधिक ग्रान्डस्लाम उपाधि जित्ने रोजर फेडेररसँग दूरी पनि कम गरे। फेडेरर र नाडालबीच तीन ग्रान्डस्लाम उपाधिसंख्याको फरक रहेको छ। स्विस खेलाडी फेडेररले १९ ग्रान्डस्लाम उपाधि जितेर कीर्तिमान रचेका छन्।

नाडालले न्युयोर्कमा आइतबार राति भएको यूएस ओपनको फाइनल खेलमा दक्षिण अफ्रिकाका केभिन एन्डरसनलाई ६-३, ६-३, ६-४ ले हराएका थिए। यो खेल जित्न उनलाई २ घण्टा २७ मिनेटको समय लागेको थियो। एन्डरसन फाइनल पुगेलगतै टेनिसका विज्ञहरूले नाडालले १६औं ग्रान्डस्लाम जित्ने तय भएको अड्कल काटेका थिए।

साथै नाडाल र फेडेररले एउटै क्यालेन्डर वर्षमा चारैवटा ग्रान्डस्लाममध्ये २-२ वटा उपाधि जितेको यो ११ वर्षपछिको अवसर थियो। नाडालले यसै वर्षको फ्रेन्च ओपनको उपाधि जितेका थिए। त्यस्तै फेडेररले अस्ट्रेलियन ओपन र विम्बल्डन उपाधि जितेका थिए। यस्तै यी दुई खेलाडीले वर्षमा चारैवटा ग्रान्डस्लाम उपाधि जितेको चौथो अवसर पनि थियो।

# मनाङमर्स्याङ्दीले जित्यो जेसिज कप

नेपाल समाचारपत्र
चितवन

मनाङमर्स्याङ्दी क्लबले चितवनस्थित नारायणगढको क्याम्पा चौरमा भएको प्रथम जेसिज कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ।

सोमबार भएको फाइनल खेलमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई २-१ गोलले हराउँदै मनाङमर्स्याङ्दीले उपाधि जित्यो। उपाधिसँगै विजेता टोलीले ३ लाख ५० हजार नगद प्राप्त गरेको छ। त्यस्तै एपीएफले दोस्रो हुँदै १ लाख ७५ हजार नगद हासिल गरेको थियो।

फाइनल खेलमा मनाङले पहिलो हाफमै दुई गोलको अग्रता लिएर उपाधि पक्का गर्ने छनक देखाएको थियो। टोलीका लागि दुवै गोल सुजल श्रेष्ठले गरेका थिए। सुजल पल्सर स्पोर्टस् अवार्डमा पिपुल्स च्वाइसमा दोस्रो स्थानमा रहेका थिए। उनले १९औं र ४०औं मिनेटमा गोल गरेका थिए।

तर दोस्रो हाफमा एपीएफले आक्रमक खेल प्रस्तुत गरेको थियो। फलस्वरूप एक गोल गर्न सफल पनि भयो। एपीएफका लागि हरि कार्कीले ६४औं मिनेटमा गोल गरेर खेलमा फर्कने आशा जगाए। तर यसपछि गोल हुन नसक्दा एपीएफले मनाङलाई उपाधि जित्नबाट वञ्चित गर्न सकेन। हरि प्लेयर अफ द म्याच घोषित हुँदै ५ हजार नगद प्राप्त गर्न सफल भए। त्यस्तै प्लेयर अफ द सिरिज सुजल घोषित भएका थिए।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ